सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ मंसिर २०८२, बिहीबार (27 Nov 2025, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१७ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ फेरि सच्यो कांग्रेस बैठक

सहमति खोज्न सभापति देउवा सक्रिय

पुसभित्रै नियमित महाधिवेशन तालिका ल्याउन संस्थापन सहमत, तर इतर पक्षले खोज्यो महाधिवेशनको ग्यारेन्टी



विशेष महाधिवेशन माग गरेको समूहले बुधबार राष्ट्रिय सभामा गरेको विशेष सभा। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ विशेष सभा : विशेष महाधिवेशनका लागि दबाब

बुधबार राष्ट्रिय सभागृहमा आयोजित विशेष सभामा नेताहरूले पार्टीलाई रूपान्तरणका लागि विशेष महाधिवेशन अपरिहार्य भएको बताएका छन्। पार्टी नेता गुरुराज घिमिरे, ओमकार श्रेष्ठ, शुक्रराज शर्मा, लक्ष्मी पाण्डे, किशोरदत्त बराल तथा विश्लेषक हरि शर्मालगायतले सम्बोधन गरेका थिए। 'विशेष सभा अलि लामो भएका कारण हामीले केन्द्रीय समिति बैठकअघि पार्टीमा थप दबाब दिने कार्यक्रम घोषणा गर्न पाएनौं। अब बिहीबार हामी छलफल गरेर थप दबाब दिने कार्यक्रम तय गर्छौं,' विशेष महाधिवेशनका अभियन्ता युवा नेता बलदेव तिमल्सिनाले भने।

■ कार्यवाहक सभापति खड्कासँग महामन्त्रीद्वयले भने–



खड्का थापा शर्मा

पुसभित्रै नियमित महाधिवेशन भए मात्र विशेष महाधिवेशनको मुद्दा स्वतः निष्क्रिय हुन्छ। तर, तपाईंहरूको नियत महाधिवेशनको प्रक्रिया सुरु गर्ने र चुनावपछि धकेल्ने देखिएको हुनाले हामी विशेष महाधिवेशनको एजेन्डामा प्रवेश गरेका हौं। विश्वसनीय आधार दिन सक्नुभएन भने पुसभित्र विशेष महाधिवेशन निर्विकल्प हो।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

कांग्रेसमा महाधिवेशनको मितिबारे संस्थापन पक्ष र इतर पक्षबिच जारी विवाद टुंग्याउने प्रयास बुधबार नटुंगिएपछि बिहीबार बोलाइएको केन्द्रीय कार्य समिति बैठक शुक्रबारलाई सरेको छ। विशेष महाधिवेशन पक्षधर नेताले बुधबार विशेष सभा आयोजना गरेपछि महाधिवेशनका लागि नेतृत्व थप दबाबमा परेको छ।

पुस महिनाभित्र विधानतः विशेष महाधिवेशन आयोजना गर्नुपर्ने दबाबबिच सभापति शेरबहादुर देउवासँगको समन्वयमा कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखकले बुधबार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेका छन्। तर, विशेष महाधिवेशनका लागि संस्थापन पक्ष तयार नभएपछि सहमति जुट्न सकेन।

छलफलबारे जानकार स्रोतका अनुसार चर्को आन्तरिक दबाबका कारण पुसभित्रै नियमित महाधिवेशनको तालिका ल्याउन संस्थापन पक्ष तयार भए पनि विशेष महाधिवेशनका लागि भने तयार भएको छैन। महामन्त्रीद्वयले भने पुसभित्रै नियमित महाधिवेशन आयोजना गर्ने ग्यारेन्टी भएमा विशेष महाधिवेशनको निवेदन स्वतः निष्क्रिय हुने जवाफ दिएका छन्।

कार्यवाहक सभापति खड्का र नेता लेखकले विशेष महाधिवेशनका लागि दर्ता भएको निवेदन फिर्ता लिन महामन्त्रीद्वयले सार्वजनिक अपिल गर्नुपर्ने प्रस्ताव गरेको स्रोतले जनाएको छ। शुक्रबार केन्द्रीय समितिको बैठकअघि महाधिवेशनको कार्यतालिकामा सहमतिका लागि प्रयास गर्ने संस्थापन र इतर पक्षले जनाएका छन्।

बुधबारको छलफलमा महामन्त्रीद्वयले पुसभित्रै नियमित महाधिवेशन हुँदा मात्र विशेष महाधिवेशन रोकिन सक्ने जवाफ दिएका छन्। 'पुसभित्रै नियमित महाधिवेशन भए मात्र विशेष महाधिवेशनको मुद्दा स्वतः निष्क्रिय हुन्छ,' महामन्त्रीद्वयलाई उद्धृत गर्दै निकटस्थ एक नेताले भने, 'तर, तपाईंहरूको नियत महाधिवेशनको प्रक्रिया सुरु गर्ने र चुनावपछि धकेल्ने देखिएको हुनाले हामी विशेष महाधिवेशनको एजेन्डामा प्रवेश गरेका हौं। विश्वसनीय आधार दिन सक्नुभएन भने पुसभित्र विशेष महाधिवेशन निर्विकल्प हो।'

छलफलबारे जानकार केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीका अनुसार महामन्त्रीद्वय थापा र शर्मा समूहले महाधिवेशन तालिका चाहेको होइन, महाधिवेशन चाहेको हो। 'महाधिवेशन तालिका ल्याउने, तर महाधिवेशन हुने आशंकालाई चिर्ने गरी विश्वसनीय

» पृष्ठ ९ मा क्रमशः

■ तरकारीमा पनि बिचौलियाकै राइँदाइँ

किसानले बेचेको तरकारी उपभोक्ताको भान्सामा पुग्दा ७०० प्रतिशतसम्म महँगो

तरकारी किसान र उपभोक्ताको बिचमा यस्तो बिचौलिया समूह छ, जसका कारण न किसानले उत्पादनको मूल्य पाउँछन् न उपभोक्ताले सुपथ मूल्यमा खान पाउँछन्। नागरिकलाई भान्सा धान्नै धौ-धौ हुँदा पनि नियामक निकाय भने मूकदर्शक छ।

गाउँमा किसानी गर्ने बा–आमाले स्कुस प्रतिकेजी ५ रुपैयाँमै बेच्नुपर्छ, काठमाडौंमा छोराछोरीले त्यही स्कुसलाई ४० रुपैयाँ तिर्नुपर्छ

■ किसान ठगिन्छन्, उपभोक्ता लुटिन्छन् : बारीदेखि भान्सासम्मको मूल्य



बजार पठाउन गोलभेँडा टिप्दै काभ्रे पाँचखालका किसान महेश दनुवार। उनले प्रतिकेजी ९० रुपैयाँ पाउने गोलभेँडाको काठमाडौंका उपभोक्ताले १८० रुपैयाँमा किनेर खानुपरेको छ। तस्बिर : **सञ्जीव योञ्जन**/नयाँ पत्रिका

काभ्रेमा **अजित अधिकारी**
मकवानपुरमा **पोष्टराज अधिकारी**

एक वर्षमा ५५% सम्मले बढ्यो तरकारीको भाउ, सबैभन्दा महँगियो भेडे खुर्सानी

अहिले हिउँदे तरकारीको सिजन हो। सिजनमा तरकारीको भाउ सस्तिन्छ। तर, यसपालि तिहारदेखि महँगिएको हरियो तरकारीको मूल्य मंसिर आधाआधी लागिसक्दा पनि झन् अकासिँदै छ। आखिर के कारणले महँगियो तरकारी ? किसानले बारीमै भाउ बढाउँदा उपभोक्तालाई महँगो पर्न गयो कि बिचौलियाले

» पृष्ठ ९ मा क्रमशः

(प्रतिकेजी रुपैयाँमा)

तरकारी	किसानले पाएको मूल्य	औसत मूल्य (कालीमाटी)	उपभोक्ताले तिरेको मूल्य	किसान-उपभोक्ता मूल्यअन्तर
स्कुस	५	२६	४०	७००%
लौका	२०	६०	१२०	५००%
मुला	१५	३०	८०	४३३%
हरियो फर्सी	२०	६०	१००	४००%
काउली	२५	६०	१२०	३८०%
हरियो खुर्सानी	४०	९०	१७०	३२५%
भेडे खुर्सानी	५०	१६०	२००	३००%
घिरौंला	४०	१२०	१६०	३००%
काँक्रो	४०	५५	१५०	२७५%
करेला	५०	१४०	१८०	२६०%
साग	५०	६४	१६०	२२०%
सिमी	७०	१३३	२००	१८६%
हरियो धनियाँ	१२०	२५०	३००	१५०%
गाँजर	८०	१४५	१८०	१२५%
कागती	१००	११०	२००	१००%
मटरकोसा	१००	१३३	२००	१००%
गोलभेँडा	९०	१२२	१८०	१००%

■ व्यापारीको स्वार्थमा हटाइएको थियो मूल्य नियन्त्रणको व्यवस्था

केपी ओली नेतृत्वको अघिल्लो सरकारले अध्यादेशमार्फत कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०२३ मा भएको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने व्यवस्था नै हटाइदिएपछि वाणिज्य विभागले मूल्य नियन्त्रणका लागि अनुगमन नै गर्न सकेको छैन। उता उपभोक्ता संरक्षण ऐन, २०७५ मा सबै वस्तुको मूल्य व्यापारीले तोकेअनुसार हुने व्यवस्था छ।

बिचौलियाले भाउ तोक्दा सधैं मर्कामा छौं

● **पुष्पराज बर्तौला**, किसान, पालुङ



हामीलाई १६०/१७० रुपैयाँ केजी मूल्य दिएको अकबरे खुर्सानी बजारमा ४०० रुपैयाँसम्ममा बिक्री हुन्छ। अरू तरकारी त कम्तीमा तेब्बरले बढाइन्छ। किसानले कहिल्यै उचित मूल्य पाउँदैनौं। नाफाको ठुलो हिस्सा बिचौलियाले लिन्छ। पीडा कसलाई भन्ने, कतिपटक भन्ने ? बोलेर पनि के हुन्छ र भन्ने लागिसक्यो।

बिचौलियाको मनपरी चलेको छ

● **माधव तिमिल्सिना**, उपभोक्ता अधिकारकर्मी



उत्पादन वा आपूर्तिले माग नधानेको हो भने किसानले पनि तरकारीको गतिलो भाउ पाउनुपर्ने हो। तर, किसान मूल्य नपाएर मर्कामा छन्, उपभोक्ता अत्यधिक मूल्य तिर्नुपर्दा मारमा छन्। बिचौलियाले कालोबजारी गरिरहेका छन्। अहिले सरकारी तवरबाट मूल्य नियन्त्रणको कुनै प्रयास भएको देखिँदैन। सरकारी अनुगमन प्रणाली कमजोर भएकाले बिचौलियाको मनपरी चलेको छ।

हामीले अनुगमन गर्ने छाडेका छौं

● **भरत आचार्य**, निर्देशक, वाणिज्य विभाग



तरकारीलगायत कुनै पनि वस्तु तथा सेवाको मूल्य बढी वा घटी के भयो भनेर अहिले अनुगमन गर्ने कानुनी प्रबन्ध नै छैन। तरकारीको मूल्य अस्वभाविक रूपमा बढिरहेको छ। म आफैं पनि महँगोमा तरकारी किन्न बाध्य छु। हामीले अधिकतम खुद्रा मूल्य कार्यान्वयन भए/नभएको र तोकिएअनुसारको गुणस्तरीय वस्तुको आपूर्ति भए/नभएको मात्रै अनुगमन गरिरहेका छौं।

विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्था हटाइने



'बोर्ड अफ ट्रस्टी' बनाइने वा अन्य व्यवस्था राख्ने भन्ने विषयमा छलफल हुँदै, विज्ञ टिमले मस्यौदा तयार गर्दै

(विस्तृत पृष्ठ ३)

■ एमसिसी परियोजना

भारतसँग जोडिने १८ किमि प्रसारणलाइन र न्यु बुटवल सबस्टेसन निर्माण सुरु

अर्को वर्ष एमसिसीकै प्रसारणलाइनबाट भारतमा बिजुली निर्यात गरिने लक्ष्य

(विस्तृत पृष्ठ ७)



चुनावमा भाग लिन १ सय ६ दलको निवेदन, चार दिन थपियो समय

■ २१ नयाँ दल, अझै दर्ता प्रक्रियामै १८ दल

नयाँ पत्रिका



प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनमा भाग लिन निर्धारित समय (१-१० मंसिर) भित्र १०६ दलले निवेदन दिएका छन्। अझै केही दल बाहिर रहेपछि निर्वाचन आयोगले बुधबार चार दिन समय थपेको छ। अब चुनावमा भाग लिन दलहरूले १४ मंसिरसम्म निवेदन दिन पाउनेछन्।

आयोगको कानुन तथा राजनीतिक दल महाशाखाका अनुसार बुधबार २६ दलले निर्वाचनमा भाग लिन दल दर्ताको निवेदन दिएका छन्। प्राप्त निवेदनहरूमा १८ मंसिरसम्म छानबिन गर्ने र २० गते दर्ता स्वीकृत गरेर निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरूको नामावली प्रकाशन गर्ने आयोगको कार्यक्रम छ।

निर्वाचन आयोगले चुनाव प्रयोजनका लागि दल दर्ता गर्ने समय चार दिन थपेको छ। आयोगका पदाधिकारीका अनुसार चुनावमा भाग लिन गठन भएका केही नयाँ दल अझै दर्ताकै प्रक्रियामा रहेकाले उनीहरूलाई सहभागी गराउन समय थपिएको हो।

'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने कार्यमा देखिएको सेवाग्राहीको चाप र विभिन्न राजनीतिक दललगायतका सरोकारवालाबाट प्राप्त अनुरोधलाई मध्यनजर गर्दै आयोगको मंसिर १० गतेको बैठकबाट दल दर्ता गर्ने अवधि मंसिर १४ गतेसम्म थप गरिएको छ,' प्रवक्ता नारायण भट्टराईले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

यसैबिच, निर्वाचन आयोगमा दर्ता हुने दलको संख्या १३७ पुगेको छ। बुधबार सविन सिग्देलको प्रगतिशील नागरिक पार्टी, दीपककुमार साहको सर्वोदय पार्टी, सर्वेन्द्र खनालको समुन्नत नेपाल पार्टी दर्ता भएका छन्। यससँगै जेन-जी आन्दोलनपछि मात्रै दर्ता हुने नयाँ दलको संख्या २१ पुगेको छ। महाशाखाका अनुसार अझै १८ नयाँ दल दर्ताको प्रक्रियामा छन्।

रास्वपासँग एकता गर्ने विवेकशील साझाको निर्णय, आइतबार घोषणा सभा



नयाँ पत्रिका

वैकल्पिक राजनीतिको अग्रणी दल विवेकशील साझा पार्टीले राष्ट्रिय स्वतन्त्र पार्टीसँग एकीकरण गर्ने निर्णय गरेको छ। पार्टीको बुधबार बसेको केन्द्रीय समिति बैठकले पार्टी उपाध्यक्ष एवं संवाद समितिका संयोजक प्रकाशचन्द्र परियारको वैकल्पिक राजनीतिक दलबिचको 'बृहत्तर ध्रुवीकरण/एकीकरण प्रस्ताव' लाई सर्वसम्मत अनुमोदन गर्दै रास्वपासँग एकीकरण गर्ने निर्णयलाई पारित गरेको हो। 'वैकल्पिक राजनीतिक शक्तिको अपरिहार्यताको महसुस भइरहेका वेला नवयुवाहरूको आन्दोलन 'जेन-जी विद्रोह'ले विवेकशील साझा पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबिचको एकीकरणलाई तीव्रतर बनाइदियो, निर्वाचनमा पहिलो शक्ति भएर नेपाली जनताको विकास, समृद्धि र सुशासनको उत्कट चाहनालाई परिणाममुखी बनाउने राजकीय दायित्वलाई सफल बनाउने प्रतिबद्धताका साथ एकीकरण गरिएको हो, यसले राष्ट्रिय सन्देश दिन्छ,' उपाध्यक्ष परियारले भने।

प्रवक्ता आशुतोष प्रधानका अनुसार पार्टी एकीकरणका अन्य प्राविधिक सवालहरू दुवै दलका नेतृत्वहरूको उच्च समझदारीको जगमा चाँडै सहमतिमा पुर्‍याइनेछ। आगामी आइतबार राष्ट्रिय सभागृहमा घोषणा कार्यक्रम हुनेछ। वैकल्पिक राजनीतिका प्रणेता पार्टीका संस्थापक स्व. उज्ज्वल थापाको योगदान र 'विवेकशील आन्दोलन'लाई लिपिबद्ध गर्ने र प्रतिनिधिसभा निर्वाचनलाई परिणाममुखी बनाउने मुख्य बुँदामा दुई दलबिच एकीकरण भएको प्रधानले बताए।

कांग्रेस नेता शर्माले भेटे रवि

कांग्रेस नेता एवं निवर्तमान सांसद डा. सुनील शर्माले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेट गरेका छन्। बुधबार नक्खु कारागार पुगेर लामिछानेलाई भेटेका शर्माले तत्काल रिहा गर्न सरकार र न्यायालयको ध्यानाकर्षण गराएका छन्। 'हाम्रो संसद्भित्र सँगै बसेको मेरो मित्र रवि लामिछाने लामो समयसम्म जेलमा बसेको अवस्थामा मानवीयता र मित्रताको कर्तव्यले भेट्न गएको हुँ। रविजीलाई जेलमा हाल्ने सबै पोलिटिकल फन्डा हो। नेपालमा १५ वटा संसदीय छानबिन समिति बने। तर, एउटा मात्र रिपोर्ट क्याबिनेटमा लगियो र फर्वाड गर्ने काम गरियो, कांग्रेससहितको अघिल्लो गठबन्धन सरकारका वेला। तर, के भयो धेरै अपराध गरेपछि जेन-जी आन्दोलन देखिहाल्नुभएको छ,' उनले भने।

चार दल/समूह नेकपामा समाहित हुँदै

नेपाली कम्युनिस्ट पार्टीमा जनता समाजवादी पार्टी एकीकरण पक्षधर समूह, जनजागरण पार्टी नेपाल, नेकपा बहुमत विद्रोही समूह र नेकपा माओवादी विद्रोही समूह समायोजन हुँदै छन्। जसपा एकता पक्षधर राजेन्द्र श्रेष्ठको नेतृत्वमा, जनजागरण पार्टी बिपी खनालको नेतृत्वमा, माओवादी विद्रोह गोपाल सीको नेतृत्वमा र नेकपा बहुमतको विद्रोही समूह शरद रसाइलीको नेतृत्वमा नेकपामा समाहित हुँदै छन्। राष्ट्रिय सभागृहमा बिहीबार दिउँसो १ बजे पार्टी समायोजन कार्यक्रम राखिएको छ। कार्यक्रमलाई संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपालसहित समायोजन प्रक्रियामा सहभागी पार्टी र समूहका शीर्ष नेताले सम्बोधन गर्ने तयारी छ। जसपा एकीकरण पक्षधरबाट श्रेष्ठसहित केन्द्रीय समिति उपाध्यक्षहरू रणध्वज लिम्बू (कन्दङ्वा) र परशुराम बस्नेत, केन्द्रीय सल्लाहकार समिति अध्यक्ष दुर्गामणि देवान, केन्द्रीय विज्ञ परिषद् अध्यक्ष डा. पुष्पराज राजकर्णिकार र केन्द्रीय अनुशासन आयोग अध्यक्ष कृष्णबहादुर घजूलगयत नेता तथा कार्यकर्ता नेकपामा समाहित हुँदै छन्।

एकीकृत समाजवादी पुनर्गठन अभियान र नेकपा संयुक्तबिच एकता

घनश्याम भुसाल नेतृत्वको एकीकृत समाजवादी पुनर्गठन अभियान र चन्द्रदेव जोशी नेतृत्वको नेकपा संयुक्तबिच एकता हुँदै छ। भुसालको नेतृत्व कायम रहने गरी एकता हुने पुनर्गठन अभियानका प्रचार विभाग प्रमुख दामोदर अर्यालले बताए। 'बिहीबार एकताको घोषणा हुन्छ। चन्द्रदेव जोशीको सम्मान यथावत् रहने गरी कार्यकारी भूमिकामा घनश्याम भुसाल रहनुहुन्छ,' उनले भने।

खगेन्द्र सुनारको हाम्रो पार्टीले उज्यालो नेपाल पार्टीको चिह्नबाट चुनाव लड्ने

खगेन्द्र सुनारको हाम्रो पार्टी नेपालले कुलमान घिसिङको उज्यालो नेपाल पार्टीकै चुनाव चिह्नबाट निर्वाचनमा भाग लिने भएको छ। बानेश्वरमा बुधबार आयोजित कार्यक्रममा सुनारको पार्टी उज्यालो नेपालको 'बलिरहेको चिम' चिह्नबाट चुनाव लड्ने घोषणा गरिएको हो। सुनारले बुधबार नै निर्वाचन आयोगमा 'बलिरहेको चिम' चिह्नमा निर्वाचन लड्न निवेदन दिएका छन्। सुनार नेतृत्वको हाम्रो नेपाल पार्टीको चुनाव चिह्न 'लाइक' छ। उक्त पार्टी गत सोमबार मात्रै निर्वाचन आयोगमा दर्ता भएको थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०८/११)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने सांवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : वजीर हुसेन (घर कर्जा) -शाखा कार्यालय बुटवल**, (ना.प्र.नं.१३८९०, मिति २०६१/०८/२९ मा जि.प्र.का. अर्घाखाँचीवाट जारी भएको), ठेगाना : सन्धिखर्क ४, अर्घाखाँची हाल बुटवल ५, रुपन्देही वावु : अहमद मिया, वाजे : रम तुल्ला मिया **व्यक्तिगत जमानीकर्ताहरु :** **१. ओजुफा नेसा -जमानीकर्ता** (ना.प्र.नं.१३८९१, मिति २०६१/०८/२९ मा जि.प्र.का. अर्घाखाँचीवाट जारी भएको), पति : अहमद मिया, ससुरा : रम तुल्ला मिया **२. अहमद मिया -जमानीकर्ता** (ना.प्र.नं.३९०१/११७९/३१८७, मिति २०४४/११/१५ (पहिलो प्रतिलिपि २०६३/०५/०१) मा जि.प्र.का.अर्घाखाँचीवाट जारी भएको), वावु : रम तुल्ला मिया, वाजे : इन्द्रु मिया **३. प्रवेज आलम -जमानीकर्ता** (ना.प्र.नं.४०-०१-७१-०२६९१, मिति २०७१/०७/०९ मा जि.प्र.का.अर्घाखाँचीवाट जारी भएको), वावु: अहमद मिया, वाजे : रम तुल्ला मिया **४. सविर मियाँ -जमानीकर्ता** (ना.प्र.नं.६९६/४०१०१७, मिति २०६६/०२/२४ मा जि.प्र.का. अर्घाखाँचीवाट जारी भएको), वावु: अहमद मिया, वाजे: रम तुल्ला मियाँ **५. सनिरा खातुन -जमानीकर्ता** (ना.प्र.नं.३७२०२४/७१२५९, मिति २०६८/०८/१२ मा जि.प्र.का.रुपन्देहीवाट जारी भएको), पति : वजीर हुसेन, ससुरा : अहमद मिया	२.	**ऋणी : थापा किराना पसल (डिमाण्ड कर्जा) -शाखा कार्यालय चोरमारा,** प्रा.फ.द.नं. : १२३७/०७७/०७८, ठेगाना : कावासोती ३, नवलपरासी **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. पुनी सरा थापा मगर -जमानीकर्ता** (ना.प्र.नं. ६६५७, मिति २०४५/०२/१३ मा जि.प्र.का.नवलपरासीवाट जारी भएको) पति : टिकाराम थापा मगर, ससुरा : कर्ण सिंह थापा मगर **२. भुमिका थापा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३६२०२१/३३८, मिति २०६८/११/२८ मा जि.प्र.का. नवलपरासीवाट जारी भएको) पति : इन्द्र वहादुर थापा, ससुरा : टिकाराम थापा मगर **३. कुश राज थापा मगर -जमानीकर्ता** (ना.प्र.नं. ३६-०२-७५-०६२६८, मिति २०७५/०९/०५ मा जि.प्र.का. नवलपरासीवाट जारी मएको) वावु : टिकाराम थापा मगर, वाजे : कर्ण सिंह थापा मगर **४. इन्द्र वहादुर थापा -जमानीकर्ता** (ना.प्र.नं. ३६२०२१-५, मिति २०६४/०३/२८ मा जि.प्र.का.नवलपरासीवाट जारी भएको) वावु : टिकाराम थापा, वाजे : कर्ण सिंह थापा मगर
३.	**ऋणी : पुष्पाञ्जली लक्की निर्माण सेवा प्रा.लि. (सवारी साधन कर्जा) -शाखा कार्यालय कुमारीपाटी,** दर्ता.न : २३३१२७/०७६/०७७, ठेगाना : दक्षिणकाली ६, काठमाडौं **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. लक्ष्मण थोकर -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.१७३९१, मिति २०५९/०३/१९ मा जि.प्र.का.काठमाडौंवाट जारी भएको), वावु: दुर्गा वहादुर थोकर, वाजे : ऐमान सिंह थोकर **२. चमेली थोकर -जमानीकर्ता** (ना.प्र.नं. २७१०५६/२०७६४, मिति २०६५/०३/०५ मा जि.प्र.का.काठमाडौंवाट जारी भएको), पति: लक्ष्मण थोकर, ससुरा: दुर्गा वहादुर थोकर		

नगरपालिका र बसपार्कमा स्तनपान कक्ष सञ्चालन

धनकुटा/ धनकुटा नगरपालिकाले सेवाग्राही तथा सार्वजनिक स्थानमा आउने आमाहरूको सहजताका लागि नगरपालिका कार्यालय र बसपार्कमा स्तनपान कक्ष सञ्चालनमा ल्याएको छ। मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकतामा राख्दै सुरक्षित, गोप्य र स्वच्छ वातावरणका साथ स्तनपान गर्ने सुविधा उपलब्ध गराइएको धनकुटा नगरपालिकाले जनाएको छ। नगरपालिकामा आउने सेवाग्राही तथा कतिपय शिशुका आमाहरू महिला कर्मचारीको समस्यालाई मध्यनजर गर्दै कार्यालय परिसरमा स्तनपान कक्षको स्थापना गरिएको धनकुटा नगरपालिकाका योजना प्रशासन तथा अनुगमन अधिकृत सीताराम गौतमले बताए।

धनकुटा नगरपालिका- ७ बसपार्कमा पनि स्तनपान कक्ष स्थापना गरिएको छ। विभिन्न सवारीसाधनमा यात्रारत आमाहरू र सर्वसाधारणको सहजताका लागि स्तनपान कक्ष सञ्चालनमा ल्याइएको धनकुटा नगरपालिकाले जनाएको छ। स्तनपान कक्षमा आरामदायी बस्ने व्यवस्था र आवश्यक गोपनीयताको व्यवस्था मिलाइएको योजना प्रशासन तथा अनुगमन अधिकृत गौतमले बताए। नगरपालिका परिसरमा स्थापना गरिएको स्तनपान कक्ष निर्माणमा नौ लाख ५० हजार खर्च भएको छ।

धनगढीमा शान्तिपूर्ण प्रदर्शन गरिरहेका जेन-जीमाथि युवा संघका कार्यकर्ताको आक्रमण

जेन-जी अगुवा सरिता जोशी र गोपाल बोहरा घाइते, कुटपिटमा संलग्नको पहिचान गरी कारबाही गर्न माग



सरिता जोशी

धनगढीमा **तेजराज भट्ट**

धनगढीमा शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेका जेन-जी युवामाथि एमाले भ्रातृ संगठन युवा संघका कार्यकर्ताले बुधबार आक्रमण गरेका छन्। एमाले नेता महेश बस्नेतलाई मोटरसाइकलमा स्कर्टिङ गरिरहेका युवा संघका कार्यकर्ताले प्रहरीकै अगाडि जेन-जी युवामाथि कुटपिट गरेका हुन्।

कुटाइबाट जेन-जी अगुवा सरिता जोशीको हातमा र हेलमेट प्रहार गर्दा अर्का युवा गोपाल बोहराको गर्धनपछाडि चोट लागेको छ। बायाँ हातको जोर्नी 'क्र्याक' भएपछि उनी धनगढीको निसर्ग अस्पताल भर्ना भएकी छिन्। घटनापछि बेलुकी पनि युवा संघका केही कार्यकर्ता जेन-जी युवाहरूलाई खोज्दै जोशीलाई भर्ना गरिएको निसर्ग अस्पताल पुगेका थिए। तर, प्रहरीले उनीहरूलाई भित्र प्रवेश गर्न दिएन।

शान्तिपूर्ण प्रदर्शन गरिरहेका वेला आफूहरूमाथि एमाले कार्यकर्ताले आक्रमण गरेको जेन-जी युवा गोपाल बोहराले बताए। 'हामीले कसैमाथि ढुंगा हानेका थिएनौं र कसैको पुत्ला जलाएका थिएनौं। उभिएर प्रदर्शन मात्र गरिरहेका थियौं,' उनले भने, 'महेश बस्नेतलाई ल्याएर मोटरसाइकलमा आएका एमाले कार्यकर्ताले प्रहरीकै अगाडि हामीमाथि आक्रमण गरे।' आफूहरूमाथि कुटपिट हुँदा पनि त्यहाँ ठुलो संख्यामा रहेका सशस्त्र प्रहरी र नेपाल प्रहरी मूकदर्शक बनेको उनको आरोप छ।

युवा संघका कार्यकर्ताले हमला गरेपछि प्रदर्शनकारी युवाहरूको भागाभाग भएको थियो। 'जे पायो त्यही बोलेर अराजकता फैलाउने, यत्रो बलिदानी भएको जेन-जी आन्दोलनको अपमान गर्ने, मारिदिन्छु, काटिदिन्छु भन्ने अराजकहरू आउन नपाऊन् भनेर प्रदर्शन गरेका हौं,' जेन-जी युवा विष्णु खड्काले भने, 'हाम्रो आन्दोलन शान्तिपूर्ण थियो। ठुलो संख्यामा रहेका प्रहरीले सडकपट्टि हामीलाई घेरा हालेर राखेका थिए। प्रहरीकै घेरा तोडेर आक्रमण हुँदा उनीहरूले केही गरेनन्।' मोटरसाइकलमा युवा संघको झन्डा बोकेका युवा संघका कार्यकर्ताले त्यही झन्डाको लाठी र हेलमेटले आफूमाथि आक्रमण गरेको उनले बताए।

राष्ट्रिय युवा संघ नेपालका प्रदेश इन्चार्ज भरत मल्लले भने आफ्नो पार्टीका नेताहरूका विरुद्ध नाराबाजी भएपछि मुठभेड भएको बताए। 'हरेक ठाउँमा जेन-जीको नाममा घुसपैठ गरेर हाम्रा कार्यक्रमलाई बदनामित गर्ने, अवरोध गर्ने काम भयो। विमानस्थलबाट फर्किने वेला नेताहरूविरुद्ध नाराबाजी भएपछि हाम्रा केही साथी आक्रोशित भएर अलिकति मुठभेडको अवस्था आएको हो,' उनले भने, 'सांगठनिक रूपमा जेन-जी भाइबहिनीहरूलाई हातपात गर्ने योजना थिएन। जहाँ पनि जेन-जीको नाममा टर्चर भएपछि हाम्रा केही युवा आक्रोशित थिए। हाम्रा साथीहरूलाई सम्झाउन खोजिरहेका थियौं, तर भिडलाई नियन्त्रण गर्न गाह्रो भयो।'

घटनापछि बेलुकी प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई भेटेर जेन-जी युवाहरूले कुटपिटमा संलग्नको पहिचान गरी कारबाही गर्न माग गर्दै निवेदन दिएका छन्। सो क्रममा प्रमुख जिल्ला अधिकारी रेग्मीले बल प्रयोग गर्दा स्थिति थप भड्किन सक्ने भएकाले सुरक्षा संयमता अपनाइएको बताए।एमालेका नेता बस्नेत धनगढी आउन लागेको थाहा पाएपछि जेन-जी युवा धनगढी रंगशालाअगाडि सडकछेउको फुटपाथमा लामबद्ध उभिएर बिहानैबाट प्रदर्शन गरिरहेका थिए। बस्नेतले जेन-जी आन्दोलनको उपहास गरेको र देशमा अराजकता फैलाउने काम गरिरहेको आरोप उनीहरूको थियो।

युवा संघको आयोजनामा हुने युवा जागरण अभियानमा सहभागी हुन धनगढी आएका बस्नेतलाई धनगढी विमानस्थलबाटै युवा संघका कार्यकर्ताले मोटरसाइकल स्कर्टिङ गरेर कार्यक्रमस्थल कैलाली उद्योग वाणिज्य संघको हल लैजाँदै थिए। हातहातमा प्लेकार्डसहित विरोध गरिरहेका २०-२५ को संख्यामा रहेका जेन-जी युवा महेश बस्नेत आएपछि उनीविरुद्ध नाराबाजी गर्न थाले। त्यसक्रममा मोटरसाइकलमा स्कर्टिङ गरिरहेका युवा संघका कार्यकर्ताले सडकमै मोटरसाइकल रोकेर प्रहरीको सुरक्षा घेरा तोड्दै जेन-जीमाथि कुटपिट गरेका हुन्।

सिमरामा पनि जेन-जीमाथि कुटपिट गरेको थियो युवा संघले

एमाले कार्यकर्ताले जेन-जीमाथि आक्रमण गरेको धनगढीको पहिलो घटना होइन। यसअघि ३ मंसिरमा बाराको सिमरामा प्रदर्शनमा उत्रिएका एमालेका कार्यकर्ताले काउन्सिल अफ जेन-जी बाराका संयोजक उपाध्याय 'सम्राट'सहित जेन-जीमाथि कुटपिट गरेका थिए।

एमाले महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत बारा आउने खबर पाएपछि सिमरा बजारमा प्रदर्शनमा उत्रिएका जेन-जीमाथि कुटपिट भएपछि अवस्था तनावग्रस्त बनेको थियो। सिमरा विमानस्थल एक दिन बन्द गर्नुपरेको थियो भने दुई दिन सिमरा बजारमा कर्फ्यु लागेको थियो। जितपुर-सिमरा उपमहानगरपालिका- २ का वडाध्यक्ष धनबहादुर श्रेष्ठ र वडा नम्बर ६ का अध्यक्ष कैमुद्दिन अन्सारी तथा एमाले कार्यकर्ता अरविन्द्र साह पत्राउ परेपछि मात्र तेस्रो दिन (५ मंसिर)मा जेन-जीले आन्दोलन फिर्ता लिएका थिए।

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनमा एमाले अध्यक्ष केपी ओली नेतृत्वको तत्कालीन सरकारले दमन गरेको थियो। जेन-जी आन्दोलनबाटै सत्ताच्युत भएका ओली, नेता बस्नेतलगायतले जेन-जीविरुद्ध निरन्तर अनेक आरोप लगाउँदै आएका छन्। बस्नेत उपत्यकाबाहिर जाँदा जेन-जी विरोधमा उत्रिँदै आएका छन्। यसअघि ९ मंसिरमा युवा संघले सुर्खेतमा गरेको युवा जागरण कार्यक्रममा बस्नेत जाँदा जेन-जीले प्रदर्शन गरेका थिए।

जेन-जी र सरकारबिच पनि दूरी बढ्दै

जेन-जी र प्रहरीबिच फेरि तनाव बढ्न थालेको छ। सरकारले आन्दोलनका दोषीलाई कारबाही गर्न नसकेको तथा सुशासन कायम गर्न नसकेको भन्दै जेन-जीहरू विरोधमा उत्रिएपछि दैनिकजसो तनाव भएको छ। बुधबार मिराज ढुंगाना नेतृत्वको जेन-जीको एक समूहलाई प्रहरीले बालुवाटारबाट नियन्त्रणमा लियो। उनीहरू सोमबार र मंगलबार प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र बुझाउन जाने क्रममा सिंहदरबारमै प्रवेश नपाएपछि आक्रोशित भएका थिए। सिंहदरबारकै गेटमा नाराबाजी गरेपछि प्रहरीले नियन्त्रणमा लिएर उनीहरूलाई केही समयपछि छोडेको थियो। प्रधानमन्त्रीको सचिवालयमै विवादास्पद पृष्ठभूमिका स्वकीय सचिव राखेको र उनले परिवारका सदस्यलाई नियुक्ति दिलाएको विवादपछि जेन-जी र सरकारको दूरी थप बढेको छ। सुदन गुरुङको समूह मंगलबार ज्ञापनपत्र बुझाउन गएकोमा सिंहदरबार प्रवेश नपाएपछि फर्किएको थियो। रक्षा बम नेतृत्वको जेन-जी फ्रन्टले पनि प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठलाई हटाउन माग गरेको छ।

Aandhikhola Rural Municipality
Office Of Rural Municipal Executive
Krishi, Syangja
Gandaki Province, Nepal

Invitation for Bids for the
Bangsing Deurali Rimalswara Road Upgrading Work
Contract Identification No:- ANDH-W-NCB-BR-09-2082-83

Date of publication: 27 November 2025

1. The Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive Krishi Syangja invites electronic bids from eligible bidders under National Competitive Bidding Bidding procedures.

Contract ID	Description and Location Of Work	Approved Estimated Amount (With VAT & PS) Nrs.	Bid Document Fee(Nrs)	Bid Security Amount(Nrs)	Bid Validity Security Period
ANDH-W-NCB-BR-09-2082-83	Bangsing Deurali Rimalswara Road Upgrading Work	46,01,701.95	3,000.00	1,18,000.00	120 Days

2. Information to deposit the cost of Bidding Document and bid bond in bank:

Office Name	Aandhikhola Rural Municipality, Krishi, Syangja	Last Date Of Submission	Pre Bid Meeting
Name of Bank	NIC Asia Bank Ltd, Krishi branch	28 December 2025, 12.00 hrs	11 December 2025, 13.00 hrs
Dharautti Account no:	N4CA052540052402 Dharautti (ga-3)		
Rajaswa Sirsak No:	2342050028676002 Revenue Heading Ga-1.1		

3. Bidder can only bid electronically through e-procurement section of PPMO's Website http//www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Eligible Bidders may obtain detail information by inspecting the bidding Documents at the Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality,Krishi,Syangja or From Website: www.aandhikholamun.gov.np or may visit PPMo website: www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

■ एमाले महाधिवेशन

उद्घाटन भक्तपुरको सल्लाघारीमा, बन्दसत्र भृकुटीमण्डपमा



नयाँ पत्रिका

एमालेको ११औं महाधिवेशनको उद्घाटन समारोह भक्तपुरको सल्लाघारीस्थित खुला चौरमा हुने भएको छ। एघारौं महाधिवेशन व्यवस्थापन समिति सचिवालयको बुधबार बसेको बैठकले महाधिवेशनको उद्घाटन सल्लाघारीस्थित खुला चौरमा हुने निर्णय गरेको हो। बन्दसत्र भने भृकुटीमण्डपमा हुनेछ।

महासचिव शंकर पोखरेल संयोजक रहेको व्यवस्थापन समिति सचिवालयको बैठकमा तयारीसँग सरोकार राख्ने समितिका संयोजकहरू पनि सहभागी थिए। एमालेले २७ देखि २९ मंसिरमा ११औं महाधिवेशन आयोजना गर्दै छ। उद्घाटन समारोहमा काठमाडौंमा इतिहासकै ठुलो सभा गर्ने एमालेले प्रचार गर्दै आएको छ। त्यसका लागि एमालेले बागमती, गण्डकी र मधेश प्रदेशलाई मुख्य आधार क्षेत्र मानेर व्यापक रूपमा जनपरिचालन गर्ने आन्तरिक तयारी अगाडि बढाएको छ।

बैठकपछि प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भृकुटीमण्डपमा जनसमूह व्यवस्थापन गर्न साँघुरो भएकाले बैठकमा आएका सुझावअनुसार उद्घाटनस्थल परिवर्तन गरिएको जानकारी दिए। 'काठमाडौंको भृकुटीमण्डपमा ठाउँ साँघुरो हुने भएपछि महाधिवेशनको उद्घाटन सत्र सल्लाघारीमा गर्ने निर्णय भएको छ, बन्दसत्रचाहिँ भृकुटीमण्डपमै गर्छौं,' उनले भने।

बैठकले पार्टीको आसन्न महाधिवेशनको मुख्य नारा पनि तय गरेको छ। बैठकले 'निर्णायक राष्ट्रिय शक्ति निर्माणको संकल्प : समृद्ध नेपाल र सुखी नेपाली हाम्रो गन्तव्य' तय गरेको पनि गौतमले जानकारी दिए। बैठकमा महाधिवेशन तयारीका लागि बनेका १२ वटा समितिले आ-आफ्नो समितिको क्षेत्राधिकारभित्र रहेर गरिएका काम र गर्न बाँकी कामबारे जानकारी गराएका थिए। बैठकमा महाधिवेशनको लोगोबारे पनि छलफल भएको थियो।

प्रतिनिधि छनोटका लागि देशैभर उम्मेदवारी

महाधिवेशन प्रतिनिधि छनोटका लागि बुधबार देशैभर आकांक्षीले उम्मेदवारी दर्ता गराएका छन्। प्रतिनिधि छनोटका लागि लगभग सबै जिल्ला, प्रवास क्षेत्र, जनसंगठन, केन्द्रीय विभाग र केन्द्रीय निकायमा हजारौंले उम्मेदवारी दिएका छन्। सबैजसो क्षेत्रमा आवश्यकभन्दा कम्तीमा तीनदेखि सात गुणा बढीसम्म उम्मेदवारी परेको छ।

एमालेमा ६ लाख ७० हजार संगठित सदस्य छन्। सर्वसम्मत नहुने जिल्लामा पार्टी सदस्यहरूले छनोटका लागि मतदाताका रूपमा भाग लिनेछन्। अध्यक्षमा तेस्रोपटक नेतृत्व सम्हाल्ने केपी ओलीले इच्छा देखाएपछि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उनलाई चुनौती दिँदै मंगलबार उम्मेदवारी घोषणा गरेका थिए। पूर्वराष्ट्रपति विद्या भण्डारीको समर्थनमा पोखरेलले अध्यक्षमा तयारी गरेका कारण पनि प्रतिनिधि छनोटबाटै देशैभर ओली र भण्डारी समूहको नाममा प्रतिस्पर्धा सुरु भएको छ।

प्रचार विभागका प्रमुख गौतमले नै प्रतिनिधि छनोटमा सबैतिर चुनावी प्रतिस्पर्धा हुने बताए। उनले छनोट प्रक्रिया सकिएर परिणाम नआएसम्म आकलन गर्न छिटो हुने भए पनि कार्यकर्ताको मनोभावना जितेर पार्टीको नीति र विधि स्थापित गर्ने गरी नै प्रतिनिधि चुनिएर आउने बताए। 'प्रतिनिधि छनोटको मुख्य दिन १३ मंसिर हो। तर, विभिन्न जिल्ला, विभागहरूमा छनोट प्रक्रिया आरम्भ भइसकेको छ,' गौतमले भने, 'कस्ता, कसरी प्रतिनिधि आउलान् पूर्वआकलन छिटो हुन्छ, तर पार्टीको नीति र विधि स्थापित गर्ने गरी प्रतिनिधि आउँदै छन्।'

विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्था हटाइने

'बोर्ड अफ ट्रस्टी' बनाइने वा अन्य व्यवस्था राख्ने भन्ने विषयमा छलफल हुँदै, विज्ञ टिमले मस्यौदा तयार गर्दै

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले नै विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति रहने व्यवस्थामा प्रश्न उठाएकी छिन् । प्रधानमन्त्री ११ वटा विश्वविद्यालयको कुलपतिको भूमिकामा रहनु उचित नभएको भन्दै आफ्नै कार्यकालमा यो व्यवस्था हटाउने तयारीमा उनी जुटेकी छन् । यस विषयमा उनले शिक्षामन्त्री महावीर पुन, त्रिवि उपकुलपति प्राडा दीपक अर्यालसँगायत विज्ञहरूसँग छलफलसमेत गरेकी छिन् । अध्यादेशको बाटो वा अन्य कानुनी बाटो के उपयुक्त हुन्छ भन्नेबारे उनले राय-सुझाव लिइरहेकी हुन् ।

'६ महिनाका लागि मात्रै आएकी हुँ, सबैखाले माग त यो अवधिमा पूरा गर्न सक्दिनँ । सबै विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने नियम राम्रो भएन । एउटा प्रधानमन्त्रीले डोकोभरि सारा विश्वविद्यालयको भारी बोकेर हिँड्न सक्दैन, विश्वविद्यालयहरू स्वायत्त हुनुपर्छ,' बुधबार त्रिवि सभामा उनले भनिन्, 'प्रधानमन्त्रीले विश्वविद्यालयको भारी बोक्ने व्यवस्था हटाउन जरुरी छ, यति धेरै विश्वविद्यालयमा प्रधानमन्त्रीले कुलपति हुन कसरी साध्य हुन्छ ? ती विश्वविद्यालयका कार्यक्रममा जानुपर्ला, भाषण गर्नुपर्ला, फेरि राजनीतिक दलबाट आएको व्यक्ति कुलपति हुँदा राम्रो होला-नहोला, अन्य देशका युनिभर्सिटीमा यस्तो छैन, हाम्रोमा सबै विश्वविद्यालयको जिम्मेवारी कुलपतिले लिने व्यवस्था राम्रो भएन ।'

देशको जेठो र ठुलो विश्वविद्यालय त्रिविमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था सबैभन्दा चुनौतीपूर्ण र समस्याको विषय रहेको भन्दै कार्कीले यो व्यवस्था हटाउनुपर्ने बताइन् । स्रोतका अनुसार अध्यादेशमार्फत यस्तो व्यवस्था हटाउन लागिएको छ । तर, बुधबारको त्रिवि सभामा उनले अध्यादेश कहिले ल्याउने भन्नेबारे केही खुलाइनन् ।

१३ वटा विश्वविद्यालयमध्ये नेपाल खुला विश्वविद्यालय र मदन भण्डारी विश्वविद्यालयमा शिक्षामन्त्री कुलपति रहने व्यवस्था छ । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा, काठमाडौं, सुदूरपश्चिम, मध्यपश्चिम, कृषि तथा वन, लुम्बिनी बौद्ध, नेपाल संस्कृत, राजर्षि जनक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय गरी ११ वटामा प्रधानमन्त्री कुलपति रहने व्यवस्था छ । यस्तै, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था छ ।

त्रिवि सहकुलपति तथा शिक्षामन्त्री महावीर पुनले न्वारानदेखिको बल लगाएर भए पनि अध्यादेश ल्याउने बताए । 'न्वारनदेखिकै बल लगाएर भए पनि अध्यादेश आउँछ, त्रिविमा प्रधानमन्त्री कुलपति रहने व्यवस्थामा सुधार हुन्छ,' उनले भने, 'अध्यादेशको कानुन कसरी आउँछ हेर्दै छौं, ल्याउने प्रयास हुँदै छ । अध्यादेशबाट हुन्छ कि अन्य तरिकाले हुन्छ, कानुनविद्हरूसँग सरसल्लाह हुँदै छ । हाम्रो पालामा हटाउने भनेर बल लगाएर काम गरिरहेका छौं ।'

शिक्षामन्त्री पुनका स्वकीय सचिव डा.सागर ढकालका अनुसार प्रधानमन्त्रीलाई विश्वविद्यालयको कुलपतिबाट हटाउने विषयमा



त्रिवि सभामा शिक्षामन्त्री पुनका प्रश्नैप्रश्न

शिक्षामन्त्री पुनले त्रिभुवन विश्वविद्यालय अनेकौं समस्याले ग्रसित रहेको बताए । उनले त्रिविको शैक्षिक क्यालेन्डर र प्राध्यापक संघले ओगटेको जग्गाबारे प्रश्नसमेत तेर्स्याए । प्रधानमन्त्री कार्कीको अध्यक्षतामा बसेको त्रिवि सभामा मन्त्री पुनले त्रिविको भागबन्डा निकै जटिल विषय रहेकाले सबै मिलेर यो विकृति हटाउनुपर्ने धारणा राखे । 'त्रिविमा भागबन्डाको विषय निकै जटिल छ, महादेव आएर पनि हटाउन सक्ने अवस्था छैन, तर यसलाई सिरियस्ली लिएर हामी सबै मिलेर हटाउन जरुरी छ । त्रिविमा भागबन्डाले गर्दा पढाइ बिग्रियो, यहाँ जागिर खाने प्राध्यापकहरू बाहिर काम गर्छन्, त्रिविमा दरबन्दी हुनेहरूले आफैं क्याम्पस सञ्चालन गरेका छन्,' मन्त्री पुनले भने, 'त्रिविमा लागेको कुष्ठरोग हटाउन निकै कठिन छ, तर सबैले स्वच्छ रूपले काम गरेर सम्भव छ ।'

विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा आठ विश्वविद्यालयका प्रतिनिधिसहित कमिटीमा रहेर काम भइरहेको छ । अध्यादेशमा प्रधानमन्त्रीको विकल्पका रूपमा बोर्ड अफ ट्रस्टी वा अन्य प्रचलित व्यवस्थाको विषयमा छलफल चलिरहेको उनको भनाइ छ ।

ओलीले रोकेको त्रिविको नीति तथा कार्यक्रम बल्ल पेस

यसअघिको त्रिवि सभा बैठकमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले नीति तथा कार्यक्रम नै प्रस्तुत नगरी बजेट मात्रै पास गरेका थिए । त्रिवि पदाधिकारीले ल्याएको नीति तथा कार्यक्रमलाई बेवास्ता गर्दै उनले बजेट मात्रै पास गर्ने निर्णय गरेका थिए । सोही कारण बुधबार बसेको सभामा त्रिवि उकुलपति प्राडा दीपक अर्याललले नीति तथा कार्यक्रम प्रस्तुत गरे । बजेट पहिल्यै र नीति तथा कार्यक्रम ढिलो ल्याउनु गलत रहेको भन्दै सिनेट सदस्यहरूले विरोधसमेत गरे ।

गत २६ असारमा तत्कालीन प्रधानमन्त्री ओलीले नीति तथा कार्यक्रम रोकेका थिए । उनको निर्देशनअनुसार नै नीति तथा कार्यक्रम 'होल्ड' गरेर १८ अर्ब १२ करोड ५७ लाख २१ हजारको बजेट पास भएको थियो । नीति तथा कार्यक्रम पास नगर्दै बजेट ल्याउनु उल्टो भएको भन्दै कतिपयले विरोध गरेका थिए । तर, ओलीले बजेट नीति तथा कार्यक्रमअनुसार नै तय भएको दाबी गर्दै बजेट मात्रै पास गरिएको बताएका थिए । त्यसवेला रोकिएको नीति तथा कार्यक्रम बुधबार प्रस्तुत गरियो ।

भागबन्डाका कारण थलिएका चारवटा अनुसन्धान केन्द्र ब्युँताउन माग

त्रिभुवन विश्वविद्यालयमा चारवटा अनुसन्धान केन्द्र (सेरा, सेरिट, रिकास्ट र सिनास) छन् । ती केन्द्र हाल दयनीय अवस्थामा छन् । ०४६ देखि नै नचल्ने अवस्थामा पुगेका यी केन्द्रहरूले त्यसअघि देशको शिक्षादेखि विभिन्न विधामा अनुसन्धान गर्दथे । यी अनुसन्धान केन्द्र एउटा थिंकट्यांकका रूपमा देशलाई फाइदा हुने कामका लागि खोलिएका थिए । तर, समयक्रमअनुसार बन्द भए । तिनै अनुसन्धान केन्द्र फेरि सञ्चालनको पहलमा शिक्षामन्त्री पुन लागेका छन् ।

'यी अनुसन्धान केन्द्रहरू राजा वीरेन्द्रको पालामा खोलिएका थिए, दुर्भाग्यवश ०४६ पछि शिथिल हुँदै गए, सरकारले त्यति ध्यान दिएन, त्यसभन्दा अघि ती केन्द्रले राम्रो काम गरेका थिए, तर सरकारकै कारण थला पारिए,' उनले भने, 'यी केन्द्रबारे धेरैलाई थाहा पनि छैन ।' शिक्षामन्त्री पुनले हाल त्रिविअन्तर्गत रहेका यी चारवटा अनुसन्धान केन्द्र थला परेकाले तिनलाई सञ्चालनमा ल्याउनुपर्ने प्रधानमन्त्री कार्कीसमक्ष मागसमेत राखे । '०४६ को आन्दोलनपछि चारवटा अनुसन्धान केन्द्रमा भागबन्डा भयो, नेताहरूले आफ्नो मान्छे भर्ती गर्न थाले, त्यति मात्र होइन बजेटसमेत दिन छाडे, अनुसन्धान केन्द्र भनेपछि सञ्चालनका लागि बजेट त छुट्याउनुपर्‍यो नि !' उनले भने, 'ती केन्द्रहरूले दुःख पाएको देख्दा दुःख लाग्छ, पहिले राम्रो काम हुने केन्द्रहरू पछि थला पारिए, त्यहाँबाट हुने काम बाहिरबाट हुन थाले, पैसा आउने भएपछि यस्तो भएको होला ।'

त्रिविका चार प्राध्यापकविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/ विद्यावारिधि उत्तीर्ण नगरेको व्यक्तिलाई उत्तीर्ण गरेको भनेर नियुक्ति दिएको प्रकरणमा त्रिभुवन विश्वविद्यालयका चार प्राध्यापकविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डिग्री क्याम्पस विराटनगरका प्राध्यापक डिल्लीराम प्रसाईंसहित चारजनाविरुद्ध बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

त्रिविले गत वर्ष मंसिरमा प्रसाईंलाई विराटनगरस्थित क्षेत्रीय कार्यालयको सहपरीक्षा नियन्त्रकमा नियुक्त गरेको थियो । नियुक्तिका लागि प्रसाईंले विद्यावारिधि गरेको झुटा विवरण पेस गरेको र सिफारिस समितिले पनि जानीजानी त्यसलाई मान्यता दिएको भन्दै समितिका पदाधिकारीलाई पनि आयोगले मुद्दा चलाएको हो ।

सिफारिस समितिको संयोजकमा पद्मकन्या क्याम्पसकी प्राध्यापक जयालक्ष्मी प्रधान थिइन् । समितिको सदस्यद्वय त्रिविको रसायनशास्त्र केन्द्रीय विभागका प्राध्यापक डा. मेघराज पोखरेल र रसायनशास्त्रका तत्कालीन प्राध्यापक डा. मोतीलाल शर्मालाई पनि आयोगले प्रतिवादी बनाएको छ ।

त्रिविले गत वर्ष भदौमा खुला प्रतिस्पर्धाबाट क्षेत्रीय कार्यालयका लागि सहपरीक्षा नियन्त्रक नियुक्ति प्रक्रिया अघि बढाएको थियो । जसका लागि ६ जनाको आवेदन परेको थियो । सय नम्बर पूर्णांकमा मूल्यांकन गरी प्रसाईंसहित डा. गोविन्दप्रसाद गुरागाईं र डा. सत्यनारायण साहको नाम सर्टीलिस्टमा परेको थियो । जसमा प्रसाईंले ६८, गुरागाईंले ६३ र साहले ६१ नम्बर प्राप्त गरेका थिए । मूल्यांकनमा विद्यावारिधिबापत ८ नम्बर राखिएको थियो । विद्यावारिधिको ८ सहित सबैभन्दा धेरै नम्बर पाएको आधारमा १९ मंसिर ०८१ मा सहपरीक्षा नियन्त्रणमा प्रसाईं नियुक्त भएका थिए ।

तर, उनको विद्यावारिधिको पढाइ नै पूरा नगरेको विषयमा उजुरी परेपछि त्रिविले प्राडा धुव्रबहादुर कार्कीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले उनले विद्यावारिधि पूरा नगरेको प्रतिवेदन दिएपछि उनको नियुक्ति बदर गरी दोस्रो नम्बरमा रहेका गुरागाईंलाई २१ फागुन ०८१ मा नियुक्त गरियो । सो प्रकरणमा त्रिविकै पत्रका आधारमा अख्तियारले छानबिन गरी विशेष अदालतमा मुद्दा दायर गरेको हो । सिफारिस समिति सदस्यहरूले भने त्रिविको समाजशास्त्र तथा मानविकी संकायले मौखिक परीक्षा सम्पन्न भइसकेको भनेर दिएको पत्रका आधारमा आफूहरूले त्यसलाई मान्यता दिएको बयान दिएका छन् ।

प्रधानमन्त्रीको सचिवालयका कर्मचारी कटौती

सचिवालयमा २० जना कार्यरत रहेकामा अब ६ जना मात्रै



काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो सचिवालयका कर्मचारी कटौती गर्ने निर्णय गरेकी छिन् । हाल २० जना कार्यरत रहेकोमा १४ जना हटाएर ६ जना मात्र राख्ने निर्णय भएको छ ।

सचिवालयमा प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठले आफन्त नियुक्त गरेको विवादमा परेपछि प्रधानमन्त्री कार्कीले सचिवालय कटौती गरेकी हुन् । पछिल्लो समय जेन-जीहरूले समेत यो विषयमा प्रधानमन्त्रीमाथि प्रश्न उठाएका थिए ।

'जेन-जी युवा पुस्तालगायत विभिन्न पक्षबाट उठाइएका प्रश्नलाई लिएर सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो सचिवालय तथा विज्ञ समूहको आकार घटाउने निर्णय गर्नुभएको छ,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्यालद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ, 'जसअनुसार अब सचिवालयमा मुख्य सल्लाहकार एक, जनसम्पर्क सल्लाहकार एक, प्रमुख स्वकीय सचिव एक, प्रेस संयोजक एक, स्वकीय शाखा अधिकृत (फोटोग्राफर) एक र जनस्वास्थ्य विज्ञ (अवैतनिक) एक गरी ६ जना मात्र कायम राखी बाँकी सबै पदको नियुक्ति मिति २०८२ मंसिर ११ गतेदेखि लागू हुने गरी खारेज गर्नुभएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।'

यसअनुसार प्रधानमन्त्रीको टिममा अब मुख्य सल्लाहकारमा अजयभद्र खनाल, जनसम्पर्क सल्लाहकारमा गोविन्दनारायण तिमिल्सिना, प्रमुख स्वकीय सचिवमा आदर्श श्रेष्ठ, प्रेस संयोजकमा रामबहादुर रावल, फोटोग्राफरमा केशव थापा र जनस्वास्थ्य विज्ञमा डा. मनबहादुर केसी मात्र रहनेछन् । यसअघि चालकदेखि सहसचिवस्तरमा नियुक्त गरिएका १४ जनालाई बिदा गरिएको छ ।



चुनाव भाँड्ने अराजकता किन ?

राजनीतिक दलले चुनाव सम्पन्न गरेर संविधानलाई ट्र्याकमा ल्याउन सरकारलाई मद्दत गर्नुपर्छ



● बलराम केसी

अग्रलेख

कुनै पनि चुनाव भाँड्नु या भड्काउनु राजनीतिक चरित्र होइन । राजनीति भनेकै चुनाव हो । संसदीय व्यवस्थामा जुनसुकै बखत ताजा जनादेशका लागि संसद् विघटन हुन सक्छ । संविधानमा बढीमा पाँच वर्ष र 'अगाडि नै विघटन नभएमा' पनि लेखिन्छ । सांसद पद जागिर होइन । संसद् विघटनमा 'किन विघटन नगर्ने ?' भनेर प्राकृतिक न्यायको सिद्धान्तअनुसार स्पष्टीकरण माग्गिरहनुपर्दैन । सरकारको असफलताका कारण संसद् विघटन गरिन्छ । संसद् विघटनविरुद्ध सामान्य व्यक्तिले मुद्दा गरे पनि दल वा सांसदले मुद्दा गर्नु 'सरम कि बात' मानिन्छ । चुनावका लागि दल तयार हुनुपर्छ । प्रजातान्त्रिक संस्कार भएका कुनै पनि नेताले चुनावमा भाग लिन्नँ, बहिष्कार गर्छु, अदालतमा 'च्यालेन्ज' गर्छु भन्दैन, जनतासमक्ष जान्छु भन्छ । तर, विघटन गर्नुपरेका कारण २३ र २४ भदौको नरसंहार र अर्बौंको क्षति हो । त्यो बिर्सेर विघटन भएको ७५ दिनपछि विलम्ब गरेर चुनावको सट्टा अदालत जाने भन्दै छन् । कस्तो संस्कार हो यो ? चुनावदेखि तर्सिने दल प्रजातान्त्रिक हुन सक्दैन ।

राजनीतिक दलले चुनाव सम्पन्न गरेर संविधानलाई ट्र्याकमा ल्याउन सरकारको मद्दत गर्नुपर्छ । संसद् पुनर्स्थापना र कार्की सरकारको राजीनामाको माग गलत हो । तर, एमालेले संकटमाथि संकट थप्दै छ । चाँडो चुनाव सम्पन्न गरेर दलको सरकार गठन गरेर संविधानलाई पुनः ट्र्याकमा ल्याउनुको सट्टा बिग्रेको बच्चाकोजस्तो व्यवहार देखाइरहेको छ । बिग्रेको बच्चा पढ्दैन, बाबुआमा पढ बाबु भन्छन् । बाबुआमाका लागि पढिदिने जस्तो बिग्रेको बच्चाको व्यवहार हुन्छ । ठिक त्यस्तै यतिखेर कुनै नेताले त्यही व्यवहार देखाइरहेका छन् ।

चुनाव भाँड्ने रणनीति लिनेले विगतको अनुभवबाट पनि सिक्नुपर्छ । पहिलो कुरा, ०६२-६३ को आन्दोलनपछि उत्पन्न संकट सम्झिनुपर्‍यो । अन्तरिम संविधान जारी भयो । संविधानसभा गठन भयो । चार वर्ष संविधानसभाको कार्यकाल राखियो, थप्ने व्यवस्था राखिएन । संविधान लेख्न सकेनन् । आफैंले दुई वर्ष म्याद थपे । संविधानसभालाई नै संसद्को समेत काम गर्ने गरी 'टु-इन-वान' बनाइयो । संविधानसभा विघटन गरियो भने संसद् पनि सती जान्छ भन्ने सोचिएन । संविधानसभा विघटन भयो । संसद्को काम गर्ने विधायिका पनि विघटनमा पर्‍यो ।

संविधानसभाको दुईवर्षे म्याद थपविरुद्ध मुद्दा पर्‍यो । सर्वोच्चको तीन सदस्यीय विशेष इजलासमा मुद्दा आयो । इजालासको अध्यक्षता लेखकले गरेको थियो । राय पनि लेखककै हो । तीन सदस्यीय इजलासबाट म्याद नथप्दा विधायिका पनि स्वतः सती जान्छ, देश विधायिकाविहीन हुन्छ र संवैधानिक संकट उत्पन्न हुन्छ भन्ने देखेर रिट खारेज गरियो । तीन सदस्यीय इजलासको फैसला उल्ट्याउन पाँच सदस्यीय विशेष इजलासमा पुर्‍याइयो । फैसला उल्ट्याइयो । पाँच सदस्यीय इजलासले फैसला त उल्ट्यायो, तर शून्य विधायिकामा देश के हुन्छ भन्ने विचार गरेन । देश शून्य संसद् भयो । त्यही सयमदेखि नेपालमा अनेकौं विकृति, विसंगति सुरु भयो । त्यो देखेर चुनावको विरोध गर्ने दलले सिक्ने कि पुनः संकट निम्त्याउने ?

प्रधानन्यायाधीश एकसाथ प्रधानमन्त्री पनि बने । संसारको आठौं आश्चर्य भयो । अध्यादेश खुब जारी भयो । अनेकौं विकृति त्यहींबाट सुरु भयो । यतिसम्म कि अध्यादेश र बाधा अड्काउ फुकाउने धाराबाटै संविधान संशोधनसमेत गरियो । यदि कसैले आफूलाई ठुलो दल मान्ने हो भने चुनाव हुन नदिएर देशलाई फेरि संकटमा पुर्‍याउन हुँदैन । अनेक छिद्र खोजेर चुनाव भाँड्ने काम बन्द गर्नुपर्छ । एमालेले दोस्रो ठुलो दलको मर्यादामा बस्नुपर्छ । पदमुक्त भएपछि पूर्वप्रधानमन्त्रीलाई पनि वाक् तथा प्रकाशन स्वतन्त्रता हुन्छ भन्दैमा शक्ति प्रदर्शनको सामान्य भिडमा नाइके बन्न जानुहुँदैन । प्रधानमन्त्री पदको मर्यादा राख्नुपर्छ । अदालतमा परेको मुद्दामा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पार्ने व्यवहार गर्नुहुँदैन ।

दोस्रो कुरा राजनीतिक दलका लागि चुनाव र विद्यार्थीका लागि परीक्षा एउटै हो । पढ्ने विद्यार्थी परीक्षादेखि डराउँदैन । जुनसुकै वेला जुनसुकै विषयको परीक्षाका लागि तयार हुन्छ । परीक्षा उत्तीर्ण हुनेमा ढुक्क हुन्छ । नपढ्ने 'ब्याक बेन्चर' परीक्षादेखि डराउँछ, परीक्षाको विरोध गर्छ । हलमा परीक्षा बहिष्कार गर्न अरूलाई भड्काउँछ । केही निहुँ पाएन भने 'सिलेबस'बाहिरको प्रश्नपत्र आयो, बहिष्कार गरौं भनेर हल्ला गर्छ । अरूको समेत प्रश्नपत्र र उत्तरपुस्तिका च्यातचुत पार्छ । पढ्ने विद्यार्थीलाई समेत हलबाट निकाल्छ । आजको डिजिटल युगमा नेपालीले चुनाव भाँड्ने काम नपढ्ने विद्यार्थीको व्यवहार र असफल दलको काम भनेर बुझ्छ । ठुला दल झेली राजनीति गरेर चुनावको बाधक नबनौं ।



तेस्रो कुरा एमालेको आजको संवैधानिक हैसियत विभागीय कारबाही गरेर 'भविष्यमा सरकारी नोकरीका लागि आयोग्य ठहरिने गरी बर्खास्त गरिएको कर्मचारी'जस्तै हो । दुई करोड नब्बे लाख नेपालीले एमाले सरकारलाई चुनावबाट चोख्खिएर नआएसम्म बर्खास्त गरेको हुँदा संसद् विघटन र सुशीला सरकार खारेजीको माग गर्ने अधिकार हुँदैन । २३ र २४ भदौको घटनाले प्रधानमन्त्री भएको व्यक्ति १० दिन सेनाको संरक्षणमा बस्नु भनेको राज्य सञ्चालनमा 'टोटल फेलियर' अर्थात् 'पूर्ण असफल' प्रमाणित भएको हो ।

> कसैले आफूलाई ठुलो दल मान्ने हो भने चुनाव हुन नदिएर देशलाई फेरि संकटमा पुर्‍याउन हुँदैन । अनेक छिद्र खोजेर चुनाव भाँड्ने काम बन्द गर्नुपर्छ ।

सार्वभौमसत्ता सम्पन्न नेपालीले गत आमचुनावमा सार्वभौमसत्ता केपी ओलीमा सारेकाले उहाँले सांसद र प्रधानमन्त्री बन्ने हैसियत पाउनुभएको हो । २३ र २४ भदौको घटनाबाट उहाँमा सारिएको सार्वभौमसत्ता नेपालीले फिर्ता लिएकाले उहाँ दुई करोड नब्बे लाख नेपालीबाट दण्डित हुनुपरेको हो । निर्वाचन भएर पुनः सांसद नबनुन्जेल उहाँले संसद् पुनर्स्थापना वा प्रधानमन्त्री नियुक्तिको वैधानिकतामाथि प्रश्न उठाउने हक गुमाइसक्नुभयो । त्यसैले उहाँ जबसम्म पुनः सांसद बन्न सक्नुहुन्न, तबसम्म सडकबाट आवाज उठाउनु निरर्थक हुन्छ ।

चौथो कुरा कंग्रेसको साथ नपाएपछि एमाले अब कार्की सरकार ढाल्न लागिपरेको देखिन्छ । एमाले कार्कीलाई संविधानले चिन्दैन भन्नुहुन्छ । तर, संविधानको पालनामा ओलिजीको 'ट्र्याक रेकर्ड' संसद् पुनर्स्थापना र कार्की सरकार ढाल्ने खेलमा उहाँ पनि 'नैतिक विबन्धन'ले बाँधिनुभएको छ । कार्की र ओलीमा फरक देखिँदैन । कुनै एक समय प्रधानमन्त्री हुँदा ओलिजीलाई पनि संविधानले नचिन्ने काम उहाँ आफैंले गर्नुभएको थियो । तर, इतिहास हेर्दै । ओलिजीले प्रधानमन्त्री हुँदा 'आफ्नो दल जोगाउन दुईपटक संसद् विघटन गर्नुभयो । दुवैपटक सर्वोच्चबाट विघटन बदर भयो । उहाँले संसद् भवनमै राजीनामा गर्नुपर्थ्यो, तर गर्नुभएन । अर्को प्रसंगमा विश्वासको मत लिन्छु भन्नुभयो, पाउनुभएन । प्रधानमन्त्रीको पदमा बस्न कम्तीमा ५१ प्रतिशतको विश्वास चाहिन्छ, होइन भने तुरुन्त राजीनामा गर्नुपर्छ । तर, उहाँले राजीनामा गर्नुभएन । संसद्को विश्वास गुमाएको व्यक्तिलाई संविधानले चिन्दैनथ्यो । राष्ट्रपतिबाट धारा ७६ बमोजिम सरकार गठनको आह्वान भयो । संसद्को विश्वास गुमाएको प्रमाणित अयोग्य व्यक्ति सरकार गठनमा पुनः राष्ट्रपतिसमक्ष 'ब्याक डोर'बाट बिन्तीपत्र हाल्नुभयो । राष्ट्रपतिले लिन हुँदैनथ्यो । राजीनामा गर्नुहोस् भन्नुपर्थ्यो । त्यतिवेलाकी राष्ट्रपति विद्यादेवी भण्डारी नेपालकी नभई एमालेकी राष्ट्रपति बन्नुभएको थियो । कांग्रेसको पनि प्रधानमन्त्रीमा दाबी पर्‍यो । तर, राष्ट्रपतिले संसद्ले नचिनेको व्यक्ति र योग्य व्यक्तिमा फरक गर्नुभएन । कांग्रेसको दाबीलाई विश्वासको मत लिन पठाउनुको सट्टा शेरबहादुर देउवालाई अदालत जानुपर्ने अवस्था सिर्जना गरिदिनुभयो । सर्वोच्चले देउवालाई विश्वासको मत लिनु भन्यो, विश्वासको मत पाउनुभयो, प्रधानमन्त्री बन्नुभयो । ओलीले सर्वोच्चको फैसलालाई गिज्याउँदै देउवालाई परमादेशको सरकार भन्नुभयो । अब विचार गरौं, केपी ओलीले संविधानको दुहाई दिएर संसद् पुनर्स्थापना र कार्की सरकारलाई संविधानले चिन्दैन भन्न मिल्छ त ? त्यतिवेला आफू के त ? 'राजनीतिक नैतिक विबन्धन'ले बाँधिने भनेकै यही हो । अर्को महत्त्वपूर्ण त दुईपटक संसद् विघटन बदर गर्ने न्यायमूर्तिहरूलाई महाभियोग लगाउन भनेर आफ्ना दलका सांसदको खालि कागजमा हस्ताक्षर गरी राखेको सार्वजनिक भएकै हो । यसो गर्न मिल्थ्यो ? त्यति मात्र होइन, प्रधानमन्त्रीको शपथ गर्दा राष्ट्रपतिले पढेका दुई शब्द छुटाएर 'त्यो पर्दैन' भन्नेलाई संविधानले चिन्थ्यो त ?

पाँचौं, केही दिनअघि सार्वजनिक भएअनुसार कार्कीलाई हटाउन संविधान संशोधन गरेर संसद्बाहिरको व्यक्ति पनि प्रधानमन्त्री हुन सक्ने बनाउने र पूर्वप्रधानन्यायाधीशलाई पनि प्रधानमन्त्री बनाउन सकिने बनाउने भन्ने सार्वजनिक भयो । साँचो हो भने सो दिनको विरोधमा बत्ती निभाएर पाखुरामा कालो फित्ता बाँधेर बस्नु राम्रो हुनेछ । त्यसो गरिएमा देश र न्यायपालिका ध्वस्त हुन्छ । विश्वमै कार्यकारी अधिकारका लागि प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभाको सदस्यलाई मात्र विश्वास गरिन्छ । निर्वाचित नभएको व्यक्तिलाई कार्यकारी अधिकार सुम्पन नहुने विश्वव्यापी संवैधानिक मान्यता छ । निर्वाचित नभएकालाई कार्यकारी अधिकार सुम्पन नहुने हुनाले नै अमेरिकी राष्ट्रपतिको निधन भयो भने उपराष्ट्रपति कामचलाउ हुन्छन् र एक वर्षभित्र अर्को राष्ट्रपति निर्वाचित हुनैपर्छ ।

छैटौं, पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन धारा १३२(२) हटाउने भनिएको साँचो हो भने सर्वोच्चका न्यायाधीशहरू ६५ वर्षपछि प्रदेशप्रमुख, राजदूतलगायत सरकारी पदका लागि सिंहदरबार धाउने अवस्था आउँछ । संवैधानिक कानुनमा जुन कुरा प्रत्यक्ष गर्न हुँदैन, अप्रत्यक्ष पनि गर्न हुँदैन । सातौं, एमालेको 'भोलिन्टियर्स फोर्स' गठनले संविधानको धारा ५१(क)(५) राष्ट्रिय सुरक्षा नीतिको उल्लंघन गर्छ । संविधानअनुसार नेपालको सुरक्षा सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय गुप्तचर विभागबाहेक अरूले गर्न पाउँदैन । यस्तो कार्य नगरौं । सबै दलले चुनाव भाँड्ने काम नगरौं र कार्की सरकारले पनि केही नेतालाई स्थानको हद तोकेको छ, सो निर्णय फिर्ता लिऊँ ।

प्रधानमन्त्री भइसकेको व्यक्तिले सुरक्षाको समेत जिम्मा दिने गरी फोर्स गठन गर्नु भनेको ओलीको प्रधानमन्त्रीकाल असफल थियो भन्ने उहाँ आफैंले प्रमाणित गर्नुभयो । उहाँको शपथले देश र संविधानप्रति बफादारी माग्छ । उहाँकै भनाइअनुसार अब देशको सुरक्षा फोर्सले गर्छ । यो काम त उहाँले प्रधानमन्त्री हुँदा संविधानअनुसार देशका चारै सुरक्षा निकायमा दरबन्दी थपेर गर्नुपर्थ्यो । सायद उहाँले प्रधानमन्त्री हुँदा थपेको भए जेन-जी प्रदर्शनमा पर्याप्त सुरक्षा अधिकारी हुन्थे होलान् र रक्तपात हुने थिएन । फोर्स सुरक्षामा पनि खटिने हो भने युवामाथि शोषण हुन जान्छ । विनापारिश्रमिक कसैलाई काम लगाउनु भनेको कानुनले शोषण मान्छ । त्यसैले, सुरक्षाको काम थपिएकाले सामाजिक सेवा भएन, एमालेजस्तो दोस्रो ठुलो दलले विचार गर्नुपर्‍यो ।

(केसी पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक
पुरञ्जन आचार्यलाई



■ कांग्रेसभित्रको महाधिवेशन विवादलाई कसरी हेर्नुभएको छ ?

यतिखेर कांग्रेसमा मात्र होइन, सबैजसो दलमा नेतृत्व परिवर्तन या पुस्तान्तरणको दबाब छ । यो जेनजी आन्दोलनको प्रभाव पनि हो । तर, नेतृत्व परिवर्तनमा जतिसुकै दबाब भए पनि सबैका आआफ्नै स्वार्थ छन् । पुस्तान्तरण र युवा नेतृत्वको आकांक्षा स्वाभाविक नै हो । कांग्रेसजस्तो लोकतान्त्रिक दलको नेतृत्व महाधिवेशनदेखि डराउनु नपर्ने हो । तर, यो विवादले त्यस्तै संकेत गरिरहेको छ ।

■ यो विवादको अन्तर्य पार्टी सत्ता मात्र हो कि देश र जनताको हित पनि हो ?

देश र जनताको हित त कसैको पनि केन्द्रमा छैन । त्यस्तो हुन्थ्यो भने नेतृत्वमा दाबीसँगै त्यसैअनुरूपका एन्जेन्डा पनि आउने थिए । तर, कांग्रेस या अन्य कुनै पनि दलमा त्यस्तो स्थिति देखिन्न । नेतृत्वमा पुस्तान्तरणको कसरत गरिहेका युवामा पनि यो नेतृत्वले भएन अब म हुनुपर्छ, नेतृत्वले ठाउँ खाली गरिदिनुपर्छ, मलाई हतारो भइसक्यो, मेरो समय घर्किन लागिसक्यो भन्ने खालको मनोविज्ञान मात्र देखिन्छ । यसले पनि यो दौडधुपको अन्तर्य पार्टी सत्तामात्र हो भन्ने संकेत गर्छ ।

■ यो विवाद समाधानको मध्य विन्दु के हुन सक्ला त ?

बृहत् राष्ट्रिय स्वार्थ र पार्टीको मूल्य पद्धतिको चिन्ता कसैमा देखिन्न । यस्तोमा मिल्न नसक्ने हो भने छुट्टिएर अर्को दलमा मिल्न जाने, अलग पार्टी गठन गर्ने या पार्टीभित्रै अल्पमतमा रहेर अनुकूल समयको प्रतीक्षा गर्ने विकल्प नेताहरूसामु छ । कुन विकल्प रोज्ने, निर्णय उनीहरूकै हो ।

प्रेरक प्रसंग

घोडसवारको विनम्रता

गर्मी निकै चर्को थियो । एउटा ठुलो र गह्रुंगो यन्त्र गाडीमा चढाउनुपर्ने जिम्मेवारी थियो । तर, मजदुर निकै कम थिए । उनीहरू पसिनैपसिनामा डुबेर काम गरिरहेका थिए । यन्त्र निकै गह्रुंगो भएकाले जतिसुकै प्रयत्न गरे पनि मजदुरहरू सफल भइरहेका थिएनन् । नजिकै केही अधिकारी छाता ओढेर कुर्सीमा आरामपूर्वक बसिरहेका थिए । उनीहरू मजदुरलाई त्यसो होइन, यसो गर भनेर हप्कीदप्कीसाथ निर्देशन दिइरहेका थिए । तर, उनीहरू मजदुरलाई काममा सहयोग भने गरिरहेका थिएनन् ।



त्यति नै वेला त्यही बाटो हुँदै एक घोडसवार र उनका केही साथी कतै जाँदै थिए । मजदुरको परिश्रम देखेर उनी घोडाबाट ओर्लिए र मजदुरलाई सहयोग गर्न पुगे । उनका साथीहरू पनि सक्दो मद्दतमा जुटे । सबैको मिहिनेत सफल भयो । उनीहरू यन्त्रलाई गाडीमा चढाउन सफल भए ।

यन्त्र गाडीमा चढाइसकेपछि ती घोडसवार त्यहाँ कुर्सीमा बसेर उनीहरूले गरेको काम हेरिरहेका अधिकारीनिकट पुगे र विनम्रतापूर्वक भने- महाशय, आगामी दिनमा पनि गाडीमा कुनै गह्रुंगो यन्त्र चढाउनुपर्‍यो भने आफ्नो देशका राष्ट्रपतिलाई सम्झिनुहोला, ऊ यसैगरी हाजिर हुनेछ । यथार्थमा मजदुरलाई सहयोग गर्ने घोडसवार अरू कोही नभई अमेरिकाका १६औं राष्ट्रपति अब्राहम लिंकन थिए । राष्ट्रपतिको चिनारी पाएपछि लज्जित भई ती अधिकारीले लिंकनसमक्ष माफी मागे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भ्रष्टाचारीको सम्पत्ति जफत गर

भ्रष्ट, नालायक तथा फटाहा नेता र कर्मचारी भइन्जेल हामी कर तिरिरहने र नालायकहरूले भ्रष्टाचार गरिरहने । स्वर्गजस्तो हाम्रो देशलाई नर्क बनाए यिनले ।

● **दीपक रोका**

२०४६ सालपछिका सम्पूर्ण भ्रष्टहरूको घरजग्गा र जायजेथाबाट राज्यले असुलउपर गर्न थालेपछि मात्र भविष्यमा भ्रष्टाचार नियन्त्रणलाई पनि सघाउ पुग्नेछ ।

● **खगेन्द्र सापकोटा**

रातारात कांग्रेस र एमाले मिलेर सरकार बनाउनुको कारण नै भ्रष्टाचार गर्नु, आफ्नाले जति भ्रष्टाचार र अपराध गरे पनि उन्मुक्ति दिनु, यही कामका लागि त थियो ।

● **गोपाल दाहाल**

गलत नियतले ऐन संशोधन गर्नेबाट समेत बराबरीको बिगो असुल हुने गरी कारबाही हुनु जरुरी छ ।

● **राकेश दाहाल**

भ्रष्टाचारीहरूले सत्ता गठबन्धन टिकाउन यस्तो गरेका थिए, त्यसैले जनताले हेलिकोप्टरमा भाग्नुपर्ने बनाइदिए ।

● **नवराज ढुंगाना**

यी भ्रष्टलाई कारबाही कसले गर्ने ? जसको सरकार बने पनि उस्तै रहेछ । जनताले आस गर्ने ठाउँ छैन ।

● **प्राप्ति रेग्मी**

यस्ता अपराधी र भ्रष्ट नेताको सम्पत्ति राष्ट्रियकरण गर्ने कानुन बनाऊ । राष्ट्रपतिले तगारो हाले राष्ट्रपतीय व्यवस्था खारेज गर ।

● **सञ्जय पराजुली**

अब केही हुँदैन, यो जेन-जीको आन्दोलनपछि त भन् पक्का थाहा भयो, अब इन्द्रका बा चन्द्र आए पनि हाम्रो देश उँभो लाग्दैन भनेर ।

● **दिलु घर्ती मगर**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

नागरिकको आवाज सुन सरकार !

लोकतन्त्रमा नागरिकको आवाज सुन्न सरकार हुन्छ, नागरिकलाई सुरक्षा दिन कानुन हुन्छ । तर, यहाँ के देखिन्छ भने गुन्डाहरू दौडिरहेका छन्, विद्यार्थी कुटिइरहेका छन् । र सरकार ? सरकार त मानौं आफ्नै छायासँग डराएर बस्ने कायरजस्तै मौन छ । धनगढीमा शान्तिपूर्ण प्रदर्शन गरिरहेका विद्यार्थीमाथि खुलेआम आक्रामक हमला हुँदा पनि किन ती आक्रमणकारी गिरफ्तारीमा परेनन् ? के सरकारको खुट्टामा साँच्चै सुकेनास लागेको हो ? कि कुर्सी समातेर बस्नु नै अहिलेको एक मात्र नीति हो ?

जनतामाथि हात उठाउँदा सरकार चुप, अधिकारमाथि हमला हुँदा सरकार चुप, ज्यान-जिउको सुरक्षा माग्दा पनि चुप, के देश यस्तै मौनतामा चल्छ ? के नागरिकले हरेकचोटि अधिकार माग्न सडकमै उभिनुपर्ने हो ? काम गर भन्न पनि सडक, कानुन लागू गर भन्न पनि सडक, जनताको ढाडस दिनसमेत सडक ? भनेपछि के सिंहदरबारचाहिँ एउटा संग्रहालय हो ? कि सरकार भन्ने एउटा भ्रम मात्र हो ? यो सानो प्रश्न होइन, चेतावनी हो । यदि राज्यमा अझै पनि जिम्मेवारी बचेको छ भने कुर्सीभन्दा माथि नागरिक देख्ने आँखा अझै खुला छन् भने धनगढीमा विद्यार्थीमाथि आक्रमण गर्ने आक्रमणकारीलाई तुरुन्तै पक्रेर कानुनी कारबाहीमा ल्याइयोस् । नत्र, जनताले अब प्रश्न होइन, जवाफ माग्ने शैली बदल्नेछन् । यो भइआउने सम्भावित भवितव्य नकार्न सकिन्न ।

● **शिशिरहाङ थंगम्बा**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

चीनले जापानसँग निहुँ खोज्नुको अन्तर्य

बेइजिङ जापानी प्रधानमन्त्री ताकाइचीले आफ्नो स्थिति पूर्ण रूपमा सुदृढ पार्नुअघि उनको शक्तिलाई कमजोर बनाउन चाहन्छ



देश / विदेश

● वाल्टर रसेल मिड

चीनका 'ब्वाँसो योद्धा'हरूको नयाँ लक्ष्य छ । उनीहरू जापानकी नयाँ प्रधानमन्त्री साने ताकाइचीलाई आक्रमण गर्न असभ्य भाषाको सहारा लिइरहेका छन् । 'के उनको टाउकामा गधाले लात हानेको छ ?' राज्य प्रसारक सिसिटिभीसँग जोडिएको एक सामाजिक मिडिया अकाउन्टमा सोधिएको छ, 'यदि उनले कुनै सीमाविना बोल्न जारी राखिन् भने ताकाइचीले कडा मूल्य चकाउनुपर्नेछ ।'

जापानप्रति चिनियाँ संस्थापन कठोर देखिन्छ । 'हामीसँग कुनै छनोट छैन,' ओसाकास्थित चीनका 'कन्सुल जनरल'ले ताकाइचीलाई संकेत गर्दै पोस्ट गरे, 'विनासंकोच हामीमाथि प्रहार गर्ने को हो ?' अहिले त्यो पोस्ट हटाइएको छ । तर, यस विषयमा अरू धेरै प्रवेश गरेका छन् । संकट बढ्दै जाँदा चिनियाँ अधिकारीले चिनियाँ पर्यटक र व्यवसायीलाई जापानको यात्रा नगर्न आग्रह गरे, विद्यार्थीलाई त्यहाँ उनीहरूले सामना गर्ने जोखिमबारे सावधानी दर्साए र जापानले दाबी गरेको पानीमा गस्ती गर्न तटरक्षक जहाजको एक समूह पठाए ।

ताकाइचीको 'अपराध' संसद्मा एउटा प्रश्नको इमानदार र सीधा उत्तर दिनु थियो । संवैधानिक लोकतान्त्रिक पार्टीका कात्सुया ओकाडाले ताइबानवरपर चिनियाँ गतिविधिले जापानलाई 'बाँच्नका लागि खतरापूर्ण अवस्था निम्त्याउँछ त ?' भनेर सोधेका थिए ।

'यो एउटा गम्भीर प्रश्न हो । २०१५ मा पारित राष्ट्रिय सुरक्षा कानुनअन्तर्गत 'बाँच्नका लागि खतरापूर्ण' परिस्थितिले जापानी प्रतिक्रियालाई उत्प्रेरित गर्न सक्छ ।' ताकाइचीको जवाफ प्रस्ट थियो । चीनले ताइबानलाई आफ्नो नियन्त्रणमा राख्ने सशस्त्र प्रयासले जापानमा २०१५ को कानुनले परिकल्पना गरेको 'सर्भाइभल थ्रेटनिङ'को स्थिति स्थापित गर्न सक्छ र जापानी सेनाले यस्तो परिस्थितिमा अमेरिका र अन्य सहयोगीलाई गहिरो समर्थन गर्न सक्छ ।



यद्यपि, कुनै पनि अघिल्लो जापानी नेताले यति स्पष्ट रूपमा कुरा राखेका थिएनन्, जापानको स्थितिमा कुनै वास्तविक परिवर्तन आएको थिएन । ताइबानमा चिनियाँ आक्रमणले जापानलाई ठुलो जोखिम निम्त्याउँछ । छोटो अवधिमै युद्धले व्यापारमा अवरोध गर्नेछ, खाद्यान्न र ऊर्जाको आयातलाई अवरुद्ध गर्नेछ (जुनविना जापान बाँच्न सक्दैन) र ताइबानमा रहेका हजारौं जापानी आगन्तुक, विद्यार्थी र व्यवसायीलाई जोखिममा पार्नेछ ।

केही चिनियाँ प्रतिक्रिया अपरिहार्य थियो । बेइजिङको दृष्टिकोणमा ताइबान चीनको एक प्रान्त हो र चीनले यसलाई कसरी व्यवहार गर्छ भन्ने कुरामा बाँकी विश्वलाई हस्तक्षेप गर्ने अधिकार छैन । यदि जापानले मुख्य भूमि चीन र ताइबानबिचको द्वन्द्वमा हस्तक्षेप गर्‍यो भने स्वाभाविक रूपमा चीनले विरोध गर्नुपर्छ । त्यसैगरी, अमेरिकाले ताइपेईलाई हतियार बेच्दा चीनले आफ्नो दाबीलाई गम्भीरतापूर्वक लिन सक्छ ।

जापानी प्रधानमन्त्रीको भनाइलाई लिएर चीनले औपचारिक रूपमा विरोध गर्न सक्थ्यो । तर, बेइजिङले एक सामान्य विवादलाई ठुलो टकरावमा परिणत गर्ने निर्णय गरेको छ । आखिर किन ? बेइजिङको दृष्टिकोण सतही रूपमा बुझ्न गाह्रो हुन सक्छ । तर, यहाँ दुई कुरा विकसित भइरहेका देखिन्छन् । पहिलो, चिनियाँ कम्युनिस्ट पार्टीको धम्की दिने लामो परम्परा छ । चाहे त्यो स्वदेशमा विरोधीसँग व्यवहार गर्दा होस् वा उत्पीडक विदेशी सरकारसँग बेइजिङको स्वभाव प्रायः धम्की दिने र सम्भव भएसम्म बाध्य पार्ने हो । उसको यो उपायले काम गरे ठिकै छ । तर, काम गरेन भने यसले थप समस्या निम्त्याउन सक्छ ।

दोस्रो, बेइजिङ ताकाइचीले आफ्नो स्थिति पूर्ण रूपमा सुदृढ पार्नुअघि उनको शक्तिलाई कमजोर बनाउन चाहन्छ । उनी पूर्वप्रधानमन्त्री सिन्जो आबेकी शिष्य हुन् । केही हदसम्म शान्तिवादी कोमेइतो पार्टीले गठबन्धन सरकारमा सामेल हुन अस्वीकार गरेपछि उनी एउटा कट्टर सानो पार्टीलाई गठबन्धनमा ल्याउन सक्षम भएकी छिन् ।

चीन चिन्तित छ कि ताकाइचीले जापानको सैन्य स्थितिलाई बलियो बनाउन थप कदम चाल्लेछिन् । उनको सरकारले आफ्नो क्षेत्रमा जापानको लामो समयदेखिको आणविक हतियारमाथिको प्रतिबन्ध अन्त्य गर्ने विचार गरिरहेको हुन सक्छ । चीनले विश्व इतिहासमा सबैभन्दा छिटो आणविक हतियार निर्माण कार्यक्रम सञ्चालन गरिरहेको हुनाले यो कमजोर र गैरआणविक छिमेकी चाहन्छ ।

ताकाइचीको भनाइमाथि ठेस पुर्‍याउनाले उनका घरेलु विरोधीलाई सक्रिय बनाउने विश्वास चीनले गरेको हुन सक्छ । धेरै जापानी कम्पनीहरू प्रमुख आयातका लागि चिनियाँ कारखानामा निर्भर छन् र धेरैजसो चिनियाँ बजारमा निर्भर छन् । जापानको सत्तारुढ लिबरल डेमोक्रेटिक पार्टीका धेरै शक्तिशाली व्यक्तिको यी कम्पनीसँग घनिष्ठ सम्बन्ध छ ।

(मिड द वाल स्ट्रिट जर्नलका स्तम्भकार हुन्)
वाल स्ट्रिट जर्नलबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरूलाई
सातौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक सूचना प्रकाशन भएको मिति २०८२/०८/०२ गते)

श्री आदरणीय शेयरधनी महानुभावहरू,

यस बैंकको मिति २०८२ साल मंसिर १ (नोभेम्बर १७, २०२५) गते बसेको सञ्चालक समितिको १७२औं बैठकको निर्णयानुसार बैंकको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, स्थान र समय

मिति : २०८२ साल मंसिर २३ गते, मंगलबार (डिसेम्बर ९, २०२५) ।
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ९ बजे ।
उपस्थिति पुस्तिका बिहान ८ बजे देखि ९:३० बजेसम्म खुल्ला राखिने छ ।

छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :

(क) सामान्य प्रस्ताव

१. आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्षको २०८१/८२ वासलात, विस्तृत नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि वाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को वित्तीय विवरण अनुसार उक्त आर्थिक बर्षको अन्त्यसम्मको संचित मुनाफामध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पूँजी रु. २१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैयाँ) को ६.३१५८% (छ दशमलव तीन एक पाँच आठ प्रतिशत) ले हुने रकम रु. १,३६,४२,१२,८००/- (एक अर्ब छत्तिस करोड बयालिस लाख बाह्र हजार आठ सय रुपैयाँ) नगद लाभांस (लाभांस कर प्रयोजन समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(ख) सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको लागि निर्वाचन गर्ने ।
(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) बैंकको सातौं साधारण सभाको लागि बैंकको शेयरधनी दर्ता किताब मिति २०८२/०८/१२ गते एक दिन बन्द रहनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२/०८/१२ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन, मतदान गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।
२) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरुहुनु भन्दा १ घण्टा अगावै देखि खुला रहनेछ ।
३) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले बैंकले जारी गरेको प्रवेश-पत्र सहित शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौं १०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ ।
५) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौं १०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ ।
६) कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्ता प्रतिनिधि पत्र स्वत: खारेज हुनेछ ।
७) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौ-१०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ ।
८) शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नुहुनेछ । नाबालक शेयरधनीको हकमा नाबालकको संरक्षक वा निजको अख्तियारी प्राप्त प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
९) संयुक्त रुपमा एक जनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्धारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।
१०) सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध छ ।

नोट :

१. पूर्वाधार विकास बैंकलाई नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशन २०८१ को निर्देशन नं. ६ को बुँदा नं. १.१७ मा **सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्था शिर्षक अन्तर्गत केही प्रावधानहरु तोकिएकोमा** सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सहभागि हुने शेयरधनी महानुभावहरुले आफ्नु उक्त निर्देशन बमोजिम सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न योग्य रहेको बुझि सभामा उपस्थित भएको मानिने छ ।
२. बैंकको वार्षिक प्रतिवेदन काठमाण्डौ १०, बानेश्वर स्थित बैंकको रजिष्टर्ड कार्यालय वा बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.nifrabank.com मा पनि उपलब्ध हुने व्यहोरा जानकारी गराउँदछौं ।
३. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौ १०, बानेश्वर स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२ Ext. १५२) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको आ.व. २०८१/८२ का संक्षिप्त आर्थिक विवरण कम्पनी ऐन २०६३ को दफा ८४ (४) को प्रयोजनको निमित्त प्रकाशित विवरण

(प्रस्तुत संक्षिप्त आर्थिक विवरण बैंकको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदन संक्षिप्त विवरणको रुपमा रहेको छ ।)

आदरणीय शेयरधनी महानुभावहरु,

यस नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सातौं वार्षिक साधारण सभाको प्रयोजनार्थ आ.व. २०८१/८२ को बैंकको वित्तीय स्थितिको विवरण, नाफा-नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरणले देखाउने समग्र कारोवारको सिंहावलोकन निम्नअनुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं ।

क) विगत वर्षको बैंकको कारोवारहरुको सिंहावलोकन

(रु. हजारमा)

अनुपातहरु	आ.व. २०८१/८२	आ.व. २०८०/८१	वृद्धि (ह्रास)
पूँजी कोषको पर्याप्तता (प्रतिशतमा)	७७.५६	९१.६८	-१५%
कुल सम्पत्ति	४१,५५०,५१९	२८,३७५,३३४	४६ %
निक्षेप	७,६८९,८९६	८२९,८५६	८२७ %
कर्जा सापटीहरु	२५,१४१,६४०	२१,१४१,५३०	१९ %
लगानीहरु-धितोपत्र तथा शेयरहरु	११,५०४,७२१	३,५७४,०११	२२२%
जगेडा तथा कोषहरु	४,१६५,३४१	२,९२३,०२४	४३%
खुद ब्याज आम्दानी	१,९००,८४३	२,५५०,४४५	-२५%
गैह्र ब्याज आम्दानी	२१,६४४	११,९४३	८१%
सञ्चालन खर्च	३३८,७२०	३५०,९४९	-३%
सञ्चालन मुनाफा	१,७६६,५८४	१,९००,३८५	-७%
खुद मुनाफा	१,२३४,००५	१,३२९,८४१	-७%

समीक्षा अवधिको अन्तसम्ममा कर्जा स्वीकृति र प्रवाह तर्फ बैंकको अगुवाई/सह-अगुवाईमा जलविद्युत, होटल तथा रिसोर्ट, अस्पताल, सीमेन्ट क्लिङ्कराइजेशन एवं पर्यटन क्षेत्रका परियोजनाहरुमा रु. ४१.९२ अर्ब कर्जा स्वीकृत भई रु. २५.१४ अर्ब कर्जा प्रवाह भएको छ भने रु. ७.६८ अर्ब निक्षेप र ऋणपत्र मार्फत संकलन रकम रु. ७.२८ अर्ब रहेको छ । बैंकले नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकको लागि जारी निर्देशन, २०८१ को व्यवस्था बमोजिम विभिन्न 'क' वर्गका बैंकहरुमा मुद्दती निक्षेपमा रु. ४.७१ अर्ब लगानी गरेको छ । समिक्षा अवधिमा बैंकको खुद मुनाफा रु. १२३.४० करोड रहेको छ जुन गत आ.व.मा रु. १३२.९८ करोड रहेको थियो । बैंकको वासलातको आकारमा ४६% ले वृद्धि भई रु.४१.५५ अर्ब पुगेको छ ।

ख) लेखापरीक्षकको मन्तब्य

बैंकको आ.व. २०८१/८२ को वित्तीय स्थितिको विवरण, नाफा-नोक्सान विवरण तथा सोही अवधीको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा लेखापरिक्षकको नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन तथा सर्वमान्य लेखाका सिद्धान्त अनुसार यथार्थ परक रहेको राय सहितको प्रतिवेदन निम्नाअनुसार छ ।

B.R.S. Neupane & Co.
Chartered Accountants

ICAN Reg. No.: 24
Naya Basti Marg, House No. 22
P.O. Box 8137, Baluwatar
Kathmandu, Nepal
T: + 977-1- 4511314, 4517371
E: chartered@brs.com.np
www.brs.com.np

INDEPENDENT AUDITOR'S REPORT
TO THE SHAREHOLDERS OF NEPAL INFRASTRUCTURE BANK LTD.

Opinion

We have audited the accompanying financial statements of Nepal Infrastructure Bank Ltd. (hereinafter referred to as "Bank"), which comprise statement of financial position as at Ashad 32, 2082 (July 16, 2025) and statement of profit or loss, statement of comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and a summary of significant accounting policies and notes to the financial statements.

In our opinion, the accompanying financial statements give a true and fair view of the financial position of the Bank as at Ashad 32, 2082, its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the Financial Statements section of our report. We are independent of the Bank and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Key Audit Matters

Key audit matters are matters based on our judgment, are of most significance in the audit of the financial statements of the current period, which were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon. We do not provide separate opinion on these matters.

The results of our audit procedures, including the procedures performed to address the matters below, provides the basis for our audit opinion on the accompanying financial statements.

Following are the Key Audit Matters:

S.No.	Key Audit Matters	How the matters were addressed in our audit
1.	**Loan Loss Provision** Ref. Note no. 4.7 and accounting policies to the financial statements.	
	The Bank's advances to the customers represent 60.04% of its total assets at the end of the period under review and are stated at Rs. 24.95 billion which is net of provision of Rs. 664.18 million. The provision against advances was identified as a key audit matter as it involves a considerable degree of management judgment and compliance with Directives and Circulars issued by Nepal Rastra Bank.	We applied following procedures in respect of verification of loan loss provision: • Review of borrower's files, which includes evaluation of borrowers' repayment behavior, assessment of financial strength based on the available financial statements, adequacy of security/collateral, obtainment of required legal documents, CIC reports, and compliance with prudential regulations. • Review of IT system to provide loan loss provision based on overdue payments. • On sampling basis, verification of accuracy of provision against non-performing loan calculated by the IT system and manual calculation sampling basis. • Evaluation of appropriateness of subjective judgement made by the management for performing loans' borrowers. • Review of Board's evaluation and decisions on loans. • Review of ECL calculation including assumptions considered for such calculation. Comparison of of LLP required under NRB directives and ECL module.Loan loss provision made by the Bank is considered acceptable. Loan loss provision made by the Bank is considered acceptable.

Other Information

Management is responsible for other information. Other information comprises the information included in Annual Report and Report of Board of Directors but does not include the financial statements and our reports thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, consider whether the other information is materially inconsistence with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appear to be materially misstated. When we read the annual report, if we conclude that there is material misstatement, therein, we are required to request management and those charged with governance to correct the material misstatement.

Responsibilities of the Management and Those charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting standards (NFRSs) and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations or has no realistic alternative but to do so, those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements. As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Bank's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Bank's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Bank to cease to continue as a going concern.

We communicate with those charged with governance regarding among other matters, the planned scope and timing of the audit and significant audit findings including any significant deficiencies in internal control that we identify during our audit.

Report on Other Legal and Regulatory Requirements

On the basis of our examination, we would like to further report that:

I. We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of audit.
II. The accounts and records of the Bank have been maintained as required by law.
III. Financial statements are in agreement with the books of account maintained by the Bank.
IV. The capital fund, risk bearing fund and the provision for possible impairment of assets of the Bank are adequate as per the Directives issued by Nepal Rastra Bank.
V. In our opinion and to the best of our information and according to the explanations given to us, the Board of Directors, the representative or any employee of the Bank has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the Bank deliberately or acted in a manner that would jeopardize the interest and security of the Bank.
VI. The operations of the Bank are within its jurisdiction.
VII. The Bank has not acted in a manner to jeopardize the interest and security of the depositors and investors.
VIII. We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the books of account.

CA. Binay Prakash Shrestha
Partner
B.R.S. Neupane & Co.
Chartered Accountants

UDIN No. : 250905CA001162ycHx

Date : 4th September, 2025
Place: Kathmandu

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
वित्तीय स्थिति विवरण
२०८२ साल आषाढ ३२ सम्मको

	यस बर्ष	गत बर्ष
सम्पत्ती		
नगद तथा नगद सरह	८५,४७७,६७०	६६,५१२,०८३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२२१,५१७,५१८	७९२,९२४,८२०
बैंक तथा वित्तीय संस्थाहरुमा Placements	४,७१०,०००,०००	२,९६०,०००,०००
Derivative वित्तीय उपकरण	-	-
अन्य व्यापारिक सम्पत्ती	-	-
बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापटी	-	-
ग्राहकहरुलाई दिएको कर्जा तथा सापटी	२४,९४७,९८०,०४७	२०,८६४,९८५,७३३
धितोपत्रहरुमा लगानी	११,५०४,७२१,४३३	३,५७४,०११,१९५
चालु कर सम्पत्ती	-	१९,१११,४०७
सहायक कम्पनीमा लगानी	-	-
एसोशियट कम्पनीमा लगानी	-	-
लगानी सम्पत्ती	-	-
जायजेथा तथा उपकरण	५९,२२९,५२४	७६,१४३,९५१
साख तथा अमुर्त सम्पत्ती	५३०,१०८	१,७३२,०७८
स्थगन कर सम्पत्ती	५,८१५,५९८	३,४४३,४७६
अन्य सम्पत्तीहरु	१५,२४६,८६२	१६,४६८,९०५
कुल सम्पत्ती	४१,५५०,५१८,७६०	२८,३७५,३३३,६४८
	यस बर्ष	यस बर्ष
दायित्व		
बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी	-	१५०,०८६,३०१
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	-	-
Derivative वित्तीय उपकरण	-	-
ग्राहकहरुबाट संकलित निक्षेप	७,६८९,८९६,०९०	८२९,८५६,४१५
सापटी	-	-
चालु कर दायित्व	४४,७२७,६८८	-
व्यवस्था (Provisions)	-	-
स्थगन कर दायित्व	१२३,३५८,५००	११९,७००,०००
अन्य दायित्वहरु	६६०,८७३,९१४	४६९,८८८,१५१
ऋणपत्र जारी	७,२६६,३२१,१६०	२,२८२,७७८,६९६
Subordinated दायित्वहरु	-	-
कुल दायित्व	१५,७८५,१७७,३५२	३,८५२,३०९,५६३
पुँजी		
शेयर पुंजी	२१,६००,०००,०००	२१,६००,०००,०००
शेयर प्रिमियम	-	-
संचित मनाफा	२,०२१,९५५,३५३	७६९,५३४,६१८
जगेडा तथा कोषहरु	२,१४३,३८६,०५५	२,१५३,४८९,४६७
शेयरधनीहरुमा निहित कुल पुंजी	२५,७६५,३४१,४०८	२४,५२३,०२४,०८५
नियन्त्रण नरहेको स्वार्थ (Non Controlling Interest)	-	-
कुल पुंजी	२५,७६५,३४१,४०८	२४,५२३,०२४,०८५
कुल दायित्व तथा पुंजी	४१,५५०,५१८,७६०	२८,३७५,३३३,६४८
सम्भावित दायित्व तथा प्रतिबद्धता	१,२३७,६५३,०८७	५५९,८३९,९३८
प्रति शेयर खुद सम्पत्ती मूल्य	११९.२८	११३.५३

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
नाफा वा नोक्सान विवरण
०१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म

	यस बर्ष	गत बर्ष
ब्याज आम्दानी	२,४७०,००३,१६७	२,७८४,०४१,०८६
ब्याज खर्च	५६९,१६०,२६२	२३३,५९५,६९५
खुद ब्याज आम्दानी	१,९००,८४२,९०६	२,५५०,४४५,३९१
शुल्क तथा कमिशन आम्दानी	२१,१५०,२२५	११,८२२,०५०
शुल्क तथा कमिशन खर्च	५३,२२३	८४,४२२
खुद शुल्क तथा कमिशन आम्दानी	२१,०९७,००३	११,७३७,६२८
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी	१,९२१,९३९,९०८	२,५६२,१८३,०१९
खुद व्यापारीक आम्दानी	-	-
अन्य संचालन आम्दानी	-	-
कुल संचालन आम्दानी	१,९२१,९३९,९०८	२,५६२,१८३,०१९
कर्जा तथा अन्य सम्पत्तीमा नोक्सानी व्यवस्था/(फिर्ता)	(१८३,३६४,१०४)	३१०,८४८,३२७
खुद संचालन आम्दानी	२,१०५,३०४,०१३	२,२५१,३३४,६९२
संचालन खर्च		
कर्मचारी खर्च	२६६,८९१,९०२	२८७,५९७,२९३
अन्य संचालन खर्च	५२,००७,९८१	४०,३२३,६८४
ह्रास कट्टि तथा Amortization	१९,८१९,८१५	२३,०२८,४९३
संचालन मनाफा	१,७६६,५८४,३१५	१,९००,३८५,२२२
गैर संचालन आम्दानी	४९३,४४४	१२०,५००
गैर संचालन खर्च	६५७,६९०	५५९,८८१
आयकर अघिको मुनाफा	१,७६६,४२०,०६९	१,८९९,९४५,८४१
आयकर खर्च	५३२,४१५,०७७	५७०,१०५,००१
चालु कर	५३४,७८७,१९९	५७२,९२३,०६१
स्थगन कर	(२,३७२,१२२)	(२,८१८,०६०)
खुद नाफा/(नोक्सान)	१,२३४,००४,९९२	१,३२९,८४०,८४०
मुनाफामा हिस्सा		
इक्वीटी धारकहरु	१,२३४,००४,९९२	१,३२९,८४०,८४०
नियन्त्रण नरहेको स्वार्थ (Non-Controlling Interest)	-	-
यस बर्षको मुनाफा	१,२३४,००४,९९२	१,३२९,८४०,८४०
प्रति शेयर आम्दानी		
आधारभुत (Basic) प्रति शेयर आम्दानी	५.७१	६.१६
घुलित (Diluted) प्रति शेयर आम्दानी	५.७१	६.१६

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
विस्तृत आम्दानी विवरण
०१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म

	यस बर्ष	गत बर्ष
यस बर्षको मुनाफा	१,२३४,००४,९९२	१,३२९,८४०,८४०
अन्य विस्तृत आम्दानी, आयकर पश्चातको		
क) नाफा/नोक्सान मा पुन:वर्गिकरण नगरिने बुँदाहरु		
फेयर भ्यालूमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)	१२,१९५,०००	३९९,०००,०००
पुन: मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान)		
परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान)		
माथि उल्लेख गरिएका बुँदाको आयकर	(३,६५८,५००)	(११९,७००,०००)
नाफा/नोक्सानमा पून:वर्गिकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी	८,५३६,५००	२७९,३००,०००
ख) नाफा/नोक्सानमा पून: वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु		
हेजिङबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान)	-	-
सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको	-	-
माथि उल्लेख गरिएका बुँदाको आयकर	-	-
नाफा/नोक्सानमा पुन:वर्गिकरण	-	-
नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी	-	-
ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश	-	-
यस बर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी	८,५३६,५००	२७९,३००,०००
यस बर्षको जम्मा विस्तृत आम्दानी	१,२४२,५४१,४९२	१,६०९,१४०,८४०
कूल विस्तृत आम्दानीमा हिस्सा		
इक्वीटी धारकहरु	१,२४२,५४१,४९२	१,६०९,१४०,८४०
नियन्त्रण नरहेको स्वार्थ (Non Controlling Interest)	-	-
अवधि भरीको कूल विस्तृत आम्दानी	१,२४२,५४१,४९२	१,६०९,१४०,८४०

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
पूँजीकोष तालिका (२०८२ आषाढ मसान्त)

विवरण	आषाढ मसान्त २०८२
प्राथमिक पुँजी रु. हजारमा	२४,१०४,५१३।०८
पुरक पुँजी रु. हजारमा	२५१,४१६।४०
कुल पुँजीकोष रु. हजारमा	२४,३५५,९३०।४८
जोखिम भारित सम्पत्ति रु. हजारमा	३१,४०२,६७५।११
प्राथमिक पुँजी (%)	७६।७६
पुँजीकोष (%)	७७।५६

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
नगद प्रवाह विवरण
०१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म


	यस बर्ष	गत बर्ष
संचालन गतिविधीबाट भएको नगद प्रवाह		
ब्याज आम्दानी	२,३८५,२७१,६७६	२,२२६,१३०,१००
शुल्क तथा अन्य आम्दानी	२१,१५०,२२५	११,८२२,०५०
लाभांश आम्दानी	-	-
अन्य संचालन आम्दानी	४९३,४४४	१२०,५००
व्याज खर्च	(२८६,०५३,१९८)	(७२,६८८,९६२)
शुल्क तथा कमिशन खर्च	(५३,२२३)	(८४,४२२)
कर्मचारी खर्च	(६६,५३३,३९७)	(७६,२८५,०२२)
अन्य खर्च	(५२,००७,९८१)	(४०,३२३,६८४)
चालु सम्पत्ती तथा दायित्वमा भएको परिवर्तन अघिको संचालन गतिविधीबाट भएको नगद प्रवाह	२,००२,२६७,५४८	२,०४८,६९०,५५९
चालु सम्पत्तीमा भएको (बृद्धि)/कमी		
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५७१,४०७,३०२	(३४२,५४५,३६४)
बैंक तथा वित्तीय संस्थाहरुमा Placements	(१,७५०,०००,०००)	(४३०,०००,०००)
अन्य व्यापारिक सम्पत्ती	-	-
बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापटी	-	-
ग्राहकहरुलाई दिएको कर्जा तथा सापटी	(४,००२,८३८,६६२)	(७९३,९४९,९८५)
अन्य सम्पत्तीहरु	(१५,२३१,६८६)	(१,४८२,१२८)
चालु दायित्वमा भएको बृद्धि/(कमी)	-	
बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी	-	
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	(१५०,०००,०००)	(३००,०००,०००)
ग्राहकहरुबाट संकलित निक्षेप	-	-
सापटी	६,८६०,०३९,६७५	(६१,८१३,५३५)
अन्य दायित्वहरु	-	-
आय कर भुक्तानी अघिको संचालन गतिविधीबाट भएको खुद नगद प्रवाह	(१२८,९२५,२५१)	(२११,५७२,१५२)
आयकर भुक्तानी	३,३८६,७१८,९२६	(९२,६७२,६०४)
संचालन गतिविधीबाट भएको खुद नगद प्रवाह	(४७०,०००,०००)	(५५०,०००,०००)
लगानी गतिविधीबाट भएको नगद प्रवाह		
लगानी उपकरण खरीद	(१८,३७१,०४८,९२४)	(८७२,७००,०००)
लगानी उपकरण बिक्रीबाट प्राप्त आम्दानी	१०,४७४,२०८,२३०	२,३२५,३५६,९००
जायजेथा तथा उपकरण खरीद	(२,३७८,१५०)	(२,०८९,०४७)
जायजेथा तथा उपकरण बिक्रीबाट प्राप्त आम्दानी	-	-
अदृष्य सम्पत्ती खरीद	-	-
अदृष्य सम्पत्ती बिक्रीबाट प्राप्त आम्दानी	-	-
लगानी सम्पत्ती खरीद	-	-
लगानी सम्पत्ती बिक्रीबाट प्राप्त आम्दानी	-	-
ब्याज आम्दानी	१५४,०६९,९७०	२६७,४७८,९३३
लाभांश प्राप्त	-	-
लगानी गतिविधीमा प्रयोग भएको खुद नगद	(७,७४५,१४८,८७४)	१,७१८,०४६,७८६
वित्तीय गतिविधीबाट भएको नगद प्रवाह		
ऋणपत्र जारीबाट प्राप्त	५,०००,०००,०००	-
ऋणपत्रको भुक्तानी	-	-
Subordinated दायित्वहरुबाट प्राप्त	-	-
Subordinated दायित्वहरुको भुक्तानी	-	-
शेयर जारीबाट प्राप्त	-	-
लाभांश भुक्तानी	-	(९०९,४६८,०००)
व्याज खर्च	(१६१,१४०,९६६)	(१६४,४९७,९०४)
अन्य प्राप्ती तथा भुक्तानी	८,५३६,५००	-
वित्तीय गतिविधीबाट भएको खुद नगद प्रवाह	४,८४७,३९५,५३४	(१,०७३,९६५,९०४)
नगद तथा नगद सरहमा भएको खुद बृद्धि/(घटी)	१८,९६५,५८७	१,४०८,२७८
२०८१ श्रावण १ गतेको नगद तथा नगद सरहको मौज्दात	६६,५१२,०८३	६५,१०३,८०५
मौज्दातमा रहेको नगद तथा नगद सरहको मौज्दातमा विनियम दर परिवर्तनको असर	-	-
२०८२ आषाढ मसान्तमा नगद वा नगद सरह	८५,४७७,६७०	६६,५१२,०८३

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
इक्वीटीमा भएको परिवर्तन विवरण
०१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२
सम्मइक्वीटी धारकहरुको हिस्सामा रहेको

	शेयर पुंजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियमनकारी कोष	उचित मूल्यांकन कोष	पुनर्मूल्यांकन कोष	संचित मुनाफा	अन्य कोषहरु	जम्मा	नियन्त्रणमा नरहेको स्वार्थ	जम्मा इक्वीटी
२०८० श्रावण १ गतेको मौज्दात	२१,६००,०००,०००	-	१,०३८,५६३,६५०	-	१३५,९२०,९७६	-	-	१,०११,१६४,८७२	३७,८०३,५३८	२३,८२३,४५३,०३६	-	२३,८२३,४५३,०३६
समायोजन	-	-	-	-	-	-	-	(१०१,७९१)	-	(१०१,७९१)	-	(१०१,७९१)
२०८० श्रावण १ गतेको समायोजित मौज्दात	२१,६००,०००,०००	-	१,०३८,५६३,६५०	-	१३५,९२०,९७६	-	-	१,०११,०६३,०८१	३७,८०३,५३८	२३,८२३,३५१,२४६	-	२३,८२३,३५१,२४६
बर्ष भरिको विस्तृत आम्दानी												-
बर्ष भरिको मुनाफा								१,३२९,८४०,८४०		१,३२९,८४०,८४०	-	१,३२९,८४०,८४०
अन्य विस्तृत आम्दानी, कर पश्चातको												-
उचित मूल्यांकन कोष, (शेयर उपकरणमा लगानी)								२७९,३००,०००		२७९,३००,०००		२७९,३००,०००
पुनर्मूल्यांकनबाट भएको नाफा/(नोक्सानी)								-		-		-
परिभाषित लाभ योजनामा भएको Acturial नाफा/(नोक्सान)								-		-		-
नगद प्रवाह Hedge बाट भएको नाफा/(नोक्सानी)								-		-		-
विदेशी विनियमबाट भएको नाफा/(नोक्सानी) (विदेशमा रहेको वित्तीय सम्पत्तीको मूल्य परिवर्तनबाट सृजित)								-		-		-
बर्ष भरिको कुल विस्तृत आम्दानी	-	-	-	-	-	-	-	१,६०९,१४०,८४०	-	१,६०९,१४०,८४०	-	१,६०९,१४०,८४०
यस आ.ब. कोषमा सारिएको			२६५,९६८,१६८		३८५,७८४,७२७	२७९,३००,०००		३,१५०,०००	१३,२९८,४०८	९४७,५०१,३०३		९४७,५०१,३०३
यस आ.ब.मा कोषबाट सारिएको								(९४४,३५१,३०३)	(३,१५०,०००)	(९४७,५०१,३०३)		(९४७,५०१,३०३)
शेयरधनीसंगको प्रत्यक्ष कारोवार, इक्वीटीमा सोझै समायोजन गरिएको										-		-
शेयर जारी गरिएको										-		-
शेयरमा आधारित भुक्तानीहरु	-									-		-
इक्वीटी शेयरधारकहरुलाई बांडफांड गरिएको लाभांश	-									-		-
बोनस शेयर जारी गरिएको	-									-		-
नगद लाभांश वितरण गरिएको	-							(९०९,४६८,०००)		(९०९,४६८,०००)		(९०९,४६८,०००)
कुल योगदान तथा वितरण	-	-	-	-	-	-	-	(९०९,४६८,०००)	-	(९०९,४६८,०००)	-	(९०९,४६८,०००)
२०८१ आषाढ मसान्तको जम्मा मौज्दात	२१,६००,०००,०००	-	१,३०४,५३१,८१७	-	५२१,७०५,७०३	२७९,३००,०००	-	७६९,५३४,६१८	४७,९५१,९४६	२४,५२३,०२४,०८५	-	२४,५२३,०२४,०८५
२०८१ श्रावण १ गतेको मौज्दात	२१,६००,०००,०००	-	१,३०४,५३१,८१७	-	५२१,७०५,७०३	२७९,३००,०००	-	७६९,५३४,६१८	४७,९५१,९४६	२४,५२३,०२४,०८५	-	२४,५२३,०२४,०८५
समायोजन	-	-	-	-	-	-	-	(२२४,१६९)	-	(२२४,१६९)	-	(२२४,१६९)
२०८१ श्रावण १ गतेको समायोजित मौज्दात	२१,६००,०००,०००	-	१,३०४,५३१,८१७	-	५२१,७०५,७०३	२७९,३००,०००	-	७६९,३१०,४४९	४७,९५१,९४६	२४,५२२,७९९,९१६	-	२४,५२२,७९९,९१६
बर्ष भरिको विस्तृत आम्दानी												
बर्ष भरिको मुनाफा								१,२३४,००४,९९२		१,२३४,००४,९९२	-	१,२३४,००४,९९२
अन्य विस्तृत आम्दानी, कर पश्चातको										-		
उचित मूल्यांकन कोष, (शेयर उपकरणमा लगानी)								८,५३६,५००		८,५३६,५००		८,५३६,५००
पुनर्मूल्यांकनबाट भएको नाफा/(नोक्सानी)								-		-		-
परिभाषित लाभ योजनामा भएको Acturial नाफा/(नोक्सान)								-		-		-
नगद प्रवाह ज्भमनभ बाट भएको नाफा/(नोक्सानी)								-		-		-
विदेशी विनियमबाट भएको नाफा/(नोक्सानी) (विदेशमा रहेको वित्तीय सम्पत्तीको मूल्य परिवर्तनबाट सृजित)								-		-		-
बर्ष भरिको कुल विस्तृत आम्दानी	-	-	-	-	-	-	-	१,२४२,५४१,४९२	-	१,२४२,५४१,४९२	-	१,२४२,५४१,४९२
यस आ.ब. कोषमा सारिएको			२४६,८००,९९८		(२६९,२४९,९२१)	८,५३६,५००		८,५३१,०४०	१२,३४०,०५०	६,९५८,६६७		६,९५८,६६७
यस आ.ब. मा कोषबाट सारिएको								१,५७२,३७३	(८,५३१,०४०)	(६,९५८,६६७)		(६,९५८,६६७)
शेयरधनीसंगको प्रत्यक्ष कारोवार, इक्वीटीमा सोझै समायोजन गरिएको										-		-
शेयर जारी गरिएको										-		-
शेयरमा आधारित भुक्तानीहरु	-									-		-
इक्वीटी शेयरधारकहरुलाई बांडफांड गरिएको लाभांश	-									-		-
बोनस शेयर जारी गरिएको	-									-		-
नगद लाभांश वितरण गरिएको	-							-		-		-
कुल योगदान तथा वितरण	-	-	-	-	-	-	-	-	-	-	-	-
२०८२ आषाढ मसान्तको जम्मा मौज्दात	२१,६००,०००,०००	-	१,५५१,३३२,८१६	-	२५२,४५५,७८१	२८७,८३६,५००	-	२,०२१,९५५,३५३	५१,७६०,९५७	२५,७६५,३४१,४०८	-	२५,७६५,३४१,४०८

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 01-4790818, 4794002
www.nifrabank.com
Email: info@nifrabank.com



बढ्दो विद्युत् कटौती र संकुचित अर्थतन्त्रबिच विकल्पहीन बन्दै छन् क्युबाली नेता

आजको क्युबाको अवस्थाका लागि अमेरिकी प्रतिबन्ध पनि जिम्मेवार नभएको होइन, तर नेताका खराब नीति पनि दोषमुक्त छैन



● जोसेफ जे. गोन्जालेज

गोन्जालेज एपलाचियन स्टेट युनिभर्सिटीका 'ग्लोबल स्टडिज'का सहप्राध्यापक हुन् ।

क्युबा बारम्बार देशव्यापी अन्धकारमा डुब्न थालेको छ । पछिल्लोपटक सेप्टेम्बर १०, २०२५ मा सम्पूर्ण क्युबा अन्धकारमा डुब्यो, जुन यो वर्षभित्रको पाँचौं यस्तो घटना थियो । यसपटक करिब २४ घण्टा बिजुली आएन । यसरी बिजुली काटिँदा अस्पतालजस्ता अत्यावश्यक सेवासमेत प्रभावित भए । क्युबाको पावर ग्रिड निकै पुरानो भएर मर्मत गर्न गाह्रो भएकाले बिजुली सुचारु गर्न समय लाग्यो । यसले देशले सामना गरिरहेको ठुलो आर्थिक समस्यातर्फ औंल्याउँछ ।

यो छुटाउनुहुँदैन कि क्युबाले भोगिरहेका समस्याका पछाडि अमेरिकाले दशकौंदेखि लगाएको नाकाबन्दीको हात छ । अमेरिकाले सन् १९६० देखि यो सानो क्यारेबियन टापुको अमेरिकी व्यापार र पर्यटनलाई अवरोध पुऱ्याएको छ ।

भियतनाम र चीनजस्ता अन्य नाम मात्रका कम्युनिस्ट देशले केही दशकमै आफ्नो अर्थतन्त्रमा निजी क्षेत्रको विकासलाई सहज बनाए । तर, हवानाका अधिकारीहरूले भने नीति क्षेत्रको भूमिका वृद्धिमाथि अझै अवरोध तथा प्रतिबन्ध लगाएका छन् । सायद, सरकारी व्यवसायमाथि चुनौती नआओस् भनेर होला । परिणामस्वरूप क्युबा निजी क्षेत्रमार्फत हासिल गर्न सक्ने आवश्यक आर्थिक वृद्धि हासिल गर्न असमर्थ भएको छ । यस क्रममा क्युबाको कम्युनिस्ट सरकारले लोकप्रिय असन्तुष्टिको सामना गर्न थालेको छ । यो बढ्दै गयो भने यसले अस्तित्वगत खतराको सामना गर्न सक्छ ।

संकटका बाह्य कारक

सन् २०२० देखि क्युबाको कुल गार्हस्थ उत्पादन लगभग ११ प्रतिशतले घटेको छ । अर्थशास्त्रीहरूले सन् २०२५ मा यसमा थप एक-दुई प्रतिशतको गिरावटको पूर्वानुमान गरेका छन् । यस गिरावटको पछाडि धेरै कारण छन् । पर्यटन, क्युबाको जीवनरक्त थियो । तर, कोभिड-१९ महामारीपछि नराम्ररी प्रभावित यो क्षेत्र अझै उठ्न सकेको छैन । उता सन् २००० को दशकदेखि नै तेल निर्यातमा उलेख्य छुट दिइरहेको भेनेजुएला आफैं आर्थिक कठिनाइसँग जुध्नुपरेकाले ऊसँग अब त्यो क्षमता बाँकी रहेन । यसबाहेक, क्युबामा निरन्तर ऊर्जा अभावले कृषि र औद्योगिक उत्पादनमा ठुलो गिरावट ल्याएको छ ।

व्यापक दृष्टिकोणबाट हेर्दा अमेरिकी प्रतिबन्धले क्युबाली अर्थतन्त्रलाई हानि पुऱ्याइरहेको छ । ६० वर्षभन्दा लामो समयदेखि, क्युबालीहरू संयुक्त राज्य अमेरिकामा आफ्ना उत्पादन बेच्न असमर्थ छन् । सीमित क्षेत्रमा बाहेक अमेरिकीहरू पनि क्युबामा यात्रा र व्यापार गर्न सक्दैनन् । यस प्रतिबन्धले क्युबाली अर्थतन्त्रलाई कति हदसम्म क्षति पुऱ्याएको छ भन्नेबारे फरक-फरक अनुमान छन् । तर, क्युबालीहरूले भन्ने गरेको यस 'नाकाबन्दी'ले क्युबालाई प्रत्येक वर्ष कम्तीमा अर्बौं डलर नभए पनि करोडौं डलरको व्यापारबाट वञ्चित गर्छ, विशेषगरी कृषि र पर्यटनमा ।



भियतनाम र चीनजस्ता अन्य कम्युनिस्ट देशले केही दशकमै आफ्नो अर्थतन्त्रमा निजी क्षेत्रको विकासलाई सहज बनाए । तर, हवानाका अधिकारीले भने निजी क्षेत्रको भूमिका वृद्धिमाथि अझै अवरोध तथा प्रतिबन्ध लगाएका छन् । परिणामस्वरूप क्युबा निजी क्षेत्रमार्फत हासिल गर्न सक्ने आवश्यक आर्थिक वृद्धि हासिल गर्न असमर्थ भएको छ ।

घरेलु सुधारतर्फका कदम

बाह्य कारकले असर पारे पनि क्युबालीहरूले सामना गरिरहेका कैयौं आर्थिक कठिनाइ सरकार आफैंले निम्त्याएको हो । क्युबाली नेताले आर्थिक निजीकरणतर्फ ढिलो, सीमित र कतिपय अवस्थामा मनमानी कदम अपनाएका छन् । विशेषगरी एसियाका कम्युनिस्ट देश चीन, भियतनाम, लाओससँग तुलना गर्दा त्यस्तो देखिन्छ ।

सन् २००८ मा फिडेल क्यास्ट्रो सार्वजनिक जीवनबाट अलग रहन थाले । त्यसपछि, क्युबाको नेतृत्व सम्हालेका फिडेलका भाइ राउल क्यास्ट्रोले निजी उद्यमलाई प्रोत्साहन गर्ने उद्देश्यले क्रमबद्ध सुधार घोषणा गरे । त्यसपछि लामो समयदेखि सरकारी प्रतिबन्धमा रहेका निजी क्षेत्र खुल्न थाले । राउलको नेतृत्वमा राज्यले क्युबालीहरूले आफ्नो घर स्वामित्व लिनेदेखि तिनको खरिद-बिक्री गर्ने अनुमति पाए । साथै उनीहरूले आफ्नै व्यवसाय पनि खोल्ने र नाता नभएकालाई रोजगारी दिन पाउने छुट पाए । यो व्यवस्था फिडेलको नेतृत्वमा निषेधित थियो । त्यो समयमा सरकारले देशभित्र लगानी गर्न विदेशीलाई पनि अनुमति दियो । मुख्यतया पर्यटकीय पूर्वाधारमा यस्तो व्यवस्था गरियो ।

क्युबालीले दशकौंपछि पहिलोपटक आफ्नै जग्गाको स्वामित्व लिन, खाद्यान्न उब्जाउन र बजारमा बेच्न अनुमति पाएका थिए । केही सीमामा रहेर तिनले वस्तुको मूल्यसमेत तय गर्न सक्ने भए । योसँगै कुनै वेला व्यापक प्रचलनमा रहेको सामूहिक फार्महरू लोप हुन थाले ।

यस परिवर्तनको बलमा सन् २०१७ सम्ममा, लगभग १३ प्रतिशत काम गर्न सक्ने जनसंख्याले व्यवसाय सुरु गर्ने इजाजतपत्र पाइसकेका थिए । निजी क्षेत्रले कुल कामदारको लगभग एकतिहाइलाई रोजगारी दिन सक्ने भइसकेको थियो । यी सुधार लागू भएपछिका वर्षमा क्युबामा औद्योगिक र खाद्य उत्पादनमा उछाल देखियो । सन् २००० को दशकको मध्यतिर क्युबामा उलेख्य आर्थिक वृद्धि देखियो, जुन कुनै समय १० प्रतिशतभन्दा बढी पुगेको थियो ।

सुधारमा विराम

दुर्भाग्यवश क्युबालीका लागि सुधारको प्रवृत्ति जारी रहेन । एक हदसम्म सन् २००० को दशकमा क्युबाको समृद्धि खासमा भेनेजुएलाको अनुदानको आधारमा निर्माण भएको थियो, क्युबाली उद्यमीको बलमा होइन । भेनेजुएलाका दिवंगत राष्ट्रपति तथा फिडेल क्यास्ट्रोका प्रशंसक ह्युगो चाभेज सन् १९९९ मा सत्तामा आएपछि उनको सरकारले क्युबालाई अनुदानमा तेल दिन थालेको थियो । भेनेजुएलाले क्युबालाई अनुकूल सर्तमा ठुलो परिमाणमा तेल प्रदान गऱ्यो । बदलामा क्युबाले भेनेजुएलाको अस्पताल र क्लिनिकमा क्युबाली डाक्टर पठायो ।

अनुसन्धानकर्ताको अनुमानअनुसार भेनेजुएली सरकारले सन् २०१६ सम्म क्युबाली अर्थतन्त्रलाई प्रतिवर्ष नौ अर्ब अमेरिकी डलरसम्म अनुदान दिएको थियो । भेनेजुएलाको तेलका कारण देखिएको वृद्धिले क्युबाली अर्थतन्त्रको एक कठोर वास्तविकता ढाकछोप भएको थियो, सुधारका बाबजुद क्युबाली उद्यमी बोझिलो र प्रायः भ्रष्ट राज्य नीतिका कारण अघि बढ्न सकिरहेका थिएनन् ।

निरन्तर अस्थिरताका कारण अधिकांश निजी व्यवसाय साना व्यवसायमै सीमित थिए । ती प्रायः रेस्टुराँ, कपाल काट्ने, सिलाइ गर्ने र मर्मत गर्नेजस्ता व्यक्तिगत सेवामा लागे । खासमा क्युबाली नोकरशाहले सरकारी स्वामित्वमा रहेका व्यवसायसँगको निजी क्षेत्रको प्रतिस्पर्धालाई रोक्न खोज्छन् । निजी क्षेत्र बलियो भए आफ्नो शक्ति र विशेषाधिकार अन्त्य हुने तिनको डर छ । त्यसबाहेक, निजी फर्ममाथि ठुलो कर लागू छ ।

अहिले अनुमति दिइएका ठुला निजी व्यवसाय लगभग सबै नै शीर्ष राजनीतिज्ञका साथी वा परिवारका सदस्य रहेको स्रोतले देखाउँछन् । अर्थात्, औसत क्युबाली निजी उद्यमको पहुँचबाहिरै छन् । निश्चित रूपमा केही सफलता पनि हासिल भएका छन् । खुद्रा सामान बिक्री-वितरणको क्षेत्रमा परिणामका हिसाबले निजी क्षेत्रले अहिले सरकारी क्षेत्रले भन्दा बढी हिस्सा ओगटेको छ । तर, निजी क्षेत्रमा रोजगारी श्रमिकको हिस्सा सन् २०१९ मा जति थियो, अहिले पनि त्यति नै छ । त्यस्तै, निजी उद्यमले क्युबाको कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत मात्र ओगटेको छ ।

अस्थिर वर्तमान र सीमित विकल्प

एकपछि अर्को संकटको सामना गर्न थालेपछि क्युबाली नेताले सबै समस्याका लागि अमेरिकी प्रतिबन्ध र वासिंटनको नीतिलाई दोष दिइरहेका छन् । उसो त राष्ट्रपति डोनाल्ड ट्रम्पको आगमनपछि क्युबाप्रति अमेरिका झन् कठोर बन्दै छ । उसो त विगतमा निकै कठिन अवस्था पनि पार गरेको अवस्थलाई सम्झेर केही आशा गर्ने ठाउँ छ, तर अहिलेको समय निकै कठिन देखिन्छ ।

वर्षौंदेखि क्युबाली शासकको गर्भको विषय रहेको क्युबाली स्वास्थ्य प्रणाली निरन्तर खस्किरहेको छ । अहिले यसले आवश्यक औषधिसमेत प्रदान गर्न सक्दैन । अपराध बढिरहेको छ । त्यस्तै, मुद्रास्फीतिले डलरको तुलनामा क्युबाली पेसोको मूल्य हरेक हप्ता घट्ने गरेको छ । विदेशमा पुगेका नातागोताको राम्रो आर्थिक अवस्था देखेसुनेका क्युबालीले आफ्नो देशमा पनि त्यस्तै चाहना राख्नु अस्वाभाविक होइन ।

ऐतिहासिक रूपमा क्युबालाई यसको क्रान्तिलाई सहयोग गर्न इच्छुक विदेशी संरक्षकले संकटबाट निकाल्ने गर्थे । तर, उसको पुरानो मित्र रुसको रणनीतिक स्थिति, चीनको विश्वव्यापी प्राथमिकता र भेनेजुएलाको कठिनाइले अहिले यस्तो सहयोग असम्भव बनाउँछ । अमेरिकाले अब ल्याटिन अमेरिकामा असहयोगी देशमाथि दबाब बढाउँदै गर्दा हवानाले कठिनाइ भोग्दै छ । यसले क्युबाली सरकारसँग सीमित विकल्प मात्र छोड्छ । यसले आफ्ना नागरिकको इन्टरनेटमा पहुँच प्रतिबन्धित गर्ने प्रयास जारी राख्ने प्रयास गर्दै छ ।

क्युबाका नेताले आफ्ना सुरक्षा बलको बफादारितामाथि भर गर्न सक्छ । तथापि, सरकारले दमनमार्फत लामो समय सत्ता टिकाउन सक्ने सम्भावना छैन । बरु, क्युबाका नेताले निजी क्षेत्रलाई थप सुधार गर्ने र राज्यभित्रको भ्रष्टाचार हटाउनु उत्तम कदम हुनेछ ।

चार करोड १९ लाख जनसंख्यासहित जकार्ता विश्वको सबैभन्दा घना सहर

दोस्रो स्थानमा बंगलादेशको राजधानी ढाका छ, जहाँ तीन करोड ६६ लाख मानिस बस्छन्

न्युयोर्क/ संयुक्त राष्ट्र संघको एक नयाँ रिपोर्टले इन्डोनेसियाको राजधानी जकार्तालाई विश्वको सबैभन्दा धेरै मानिस बसोवास गर्ने सहर भएको पाएको छ । रिपोर्टमा जाकार्तामा चार करोड १९ लाख मानिस बसोवास गर्ने उल्लेख छ । विश्वको सबैभन्दा घना सहर जाकार्ताको आफ्नै समस्या छ । बढ्दो उष्णताका कारण हिउँ पग्लिने क्रम बढेर समुद्री सतह बढ्दै जाँदा सन् २०५० सम्ममा यो सहरको एक चौथाइ भाग पानीमुनि हुन सक्ने प्रक्षेपण छ ।

संयुक्त राष्ट्र संघको अनुमानअनुसार सो वर्षमा सहरको जनसंख्या घटेर एक करोड हुनेछ । समस्या यति गम्भीर छ कि इन्डोनेसियाको सरकारले बोर्नियो टापुको अवस्थित पूर्वी कालिमन्तान प्रान्तमा नुसनतारामा राजधानी सहर निर्माण गरिरहेको छ ।



जाकार्तापछि दोस्रो स्थानमा बंगलादेशको राजधानी ढाका छ, जहाँ तीन करोड ६६ लाख मानिस बसोवास गर्ने रिपोर्टले बताएको छ । अहिलेकै दरमा जनसंख्या बढे सन् २०५० सम्ममा ढाका विश्वको सबैभन्दा ठुलो सहर बन्ने राष्ट्र संघको अनुमान छ ।

ढाकापछि टोकियो तेस्रो स्थानमा देखिएको छ । संयुक्त राष्ट्र संघले सन् २००० मा पहिलोपटक टोकियोलाई विश्वको सबैभन्दा धेरै मानिस बसोवास गर्ने सहर घोषित गरेको थियो । त्यसयता निरन्तर टोकियो शीर्ष स्थानमा रहेको थियो । तर, अहिले २५ वर्षपछि सहर तेस्रो स्थानमा धकेलिएको छ । केही वर्षदेखि तुलनात्मक रूपमा स्थिर जनसंख्या रहेको टोकियोमा हाल तीन करोड ३४ लाख मानिस बासवास गर्छन् ।

संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक मामिला विभागले प्रकाशित गरेको 'विश्व सहरीकरण प्रक्षेपण-२०२५ प्रतिवेदन'ले यी तथ्यांक उजागर गरेको हो । प्रतिवेदनले हाल विश्वमा एक करोडभन्दा बढी मानिसको बसोवास भएको सहरी क्षेत्र (मेगासिटी)को संख्या ३३ पुगेको देखाएको छ, जुन सन् १९७५ मा आठ मात्र थियो । विश्वका ३३ मेगासिटीमध्ये १९ वटा एसियामा छन् । त्यस्तै, शीर्ष १० का एकबाहेक सबै नौ मेगासिटी पनि यही महादेशमा रहेको प्रतिवेदनले बताएको छ ।

जकार्ता, ढाका र टोकियोबाहेक शीर्ष १० मा रहेका अन्य एसियाली सहरमा भारतको राजधानी नयाँदिल्ली (तीन करोड ०.२ लाख जनसंख्या), चीनको आर्थिक केन्द्र सांघाई (दुई करोड ९६ लाख जनसंख्या), चीनकै ग्वाङ्झाउ (दुई करोड ७६ लाख), फिलिपिन्सको राजधानी मनिला (दुई करोड ४७ लाख), भारतको कोलकाता (दुई करोड २५ लाख) र दक्षिण कोरियाको राजधानी सियोल (दुई करोड २५ लाख) रहेका छन् ।

संयुक्त राष्ट्र संघका अनुसार चौथो स्थानमा रहेको इजिप्टको राजधानी कायरो तीन करोड २० लाखभन्दा बढी जनसंख्याका साथ शीर्ष १० मा रहेको एक मात्र एसियाबाहिरको सहर हो । उता, ब्राजिलको आर्थिक केन्द्र साओ पाउलो एक करोड ८९ लाख जनसंख्यासहित उत्तर तथा दक्षिण अमेरिकी महादेशमध्येको सबैभन्दा बढी जनसंख्या भएको ठुलो सहर भएको प्रतिवेदनमा उल्लेख छ । उता नाइजेरियाको राजधानी लागोसको जनसंख्या पनि द्रुत गतिमा बढ्दै जाँदा यो उप-सहारा अफ्रिका क्षेत्रको सबैभन्दा ठुलो सहर बनेको छ ।

नयाँ प्रतिवेदनका लागि संयुक्त राष्ट्र संघले सहरीकरणको नयाँ मापन अवलम्बन गरेको बताएको छ । विशेषतः देशअनुसार सहरीकरणको परिभाषा अलग-अलग भएको कुरालाई ख्याल गर्दै संयुक्त राष्ट्र संघले एकरूपता ल्याउन यो कदम आवश्यक भएको तर्क गरेको छ । जस्तो, संघको नयाँ मापनले दुई सहरको बसोवास क्षेत्र फैलिँदै गएर एक-अर्कामा जोडिएको अवस्थामा तिनलाई फरक नमानी एउटै सहर मानेको छ । त्यस्तै, नयाँ संघले सहरलाई प्रतिवर्गकिलोमिटर कम्तीमा एक हजार ५०० बासिन्दाको घनत्व भएको र कम्तीमा ५० हजारभन्दा बढी जनसंख्या भएको क्षेत्रका रूपमा परिभाषित गरेको छ ।

इतिहासमा आज



सन् १८९५ : स्विडिस रसायनशास्त्री अल्फ्रेड नोबेलले मृत्युपछि आफ्नो सम्पत्ति वार्षिक रूपमा भौतिकशास्त्र, रसायनशास्त्र, चिकित्साशास्त्र, साहित्य र शान्ति क्षेत्रमा सबैभन्दा ठुलो योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरियोस् भन्ने इच्छापत्रमा यसै दिन हस्ताक्षर गरे । यही इच्छापत्रअनुसार १९०१ बाट नोबेल पुरस्कार दिन थालियो ।

सन् १८०७ : नेपोलियनको फौज लिस्बननजिक आएपछि पोर्चुगलको शाही परिवार र दरबारका मानिससहित करिब १५ हजार दक्षिण अमेरिकामा रहेको उपनिवेश ब्राजिलतर्फ भागे ।

सन् १८२६ : अंग्रेज रसायनशास्त्री जोन वाल्करले सलाईको आविष्कार गरे ।

सन् १९७० : सिरिया पनि लिबिया, इजिप्ट र सुडानबिच संघीय राष्ट्र बनाउने दिशामा अघि बढ्ने प्रयासमा जोडियो ।

सन् १९७८ : टर्कीभित्रका कुर्दिस जातिको बसोवास रहेको क्षेत्रलाई अलग राष्ट्र बनाउने उद्देश्यले 'कुर्दिस्तान श्रमिक पार्टी (पार्टी कारकेरानी कुर्दिस्तान अर्थात् पिकेके)'को स्थापना भयो ।

सन् १९८४ : बेलायत र स्पेन 'ब्रसेल्स सहमति'मा हस्ताक्षर गर्दै जिब्राल्टरको अवस्थाबारे छलफल सुरु गर्न तयार भए ।

सन् १९९९ : हेलेन क्लार्क न्युजिल्यान्डको पहिलो निर्वाचित महिला प्रधानमन्त्री बनिन् ।

सन् २००६ : क्यानडाका प्रधानमन्त्री स्टेफन हार्परले अघि सारेको 'केइबेक्वालाई ('क्विबेक क्षेत्रका फ्रान्सेली भाषी नागरिक) एकीकृत क्यानडाभित्रै एक राष्ट्रका रूपमा स्विकार्ने' प्रस्ताव तल्लो सदनले पारित गऱ्यो ।

विश्व संक्षेप

हडकङमा भीषण आगलागी, कम्तीमा १३ जनाको मृत्यु

हङकङ/ हङकङको ताई पो आवासीय क्षेत्रमा बुधबार भीषण आगलागी हुँदा कम्तीमा १३ को ज्यान गएको छ । आवासीय क्षेत्रमा रहेका करिब आठवटा ३१ तले भवनमध्ये आधामा आगजनी भएको प्रहरीले जनाएको छ । अचानक आगलागी हुँदा घना बसोवास रहेको भवनमा थुप्रै मानिस फसेका हुन सक्ने आशंका छ ।



चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि पीडितप्रति श्रद्धाञ्जली व्यक्त गरेको चिनियाँ सरकारी सञ्चार माध्यमले बताएका छन् । सीले आगलागीबाट हुने हताहती र क्षतिलाई कम गर्न सक्दो प्रयास गर्न निर्देशन दिएका छन् ।

अधिकारीहरूले आगजनीलाई सबैभन्दा उच्च तहको आपत्कालीन श्रेणी अर्थात् ५ श्रेणी घोषित गरेका छन् । आगो निभाउन र उद्धारका लागि १२८ अग्नि नियन्त्रक इन्जिन र ८०० प्रहरी परिचालित गरिएको पनि अधिकारीले जनाएका छन् । आगलागीपछि आवासीय भवनमा बस्दै आएका सयौंलाई उद्धार गरिएको छ । आवासीय कम्प्लेक्समा दुई हजार फ्ल्याट रहेको र तिनमा कुल ४८ सय मानिस बस्ने गरेको बताइएको छ ।

आगलागीको यकिन कारण खुलेको छैन, तथापि भवन मर्मतका लागि वरपर लगाइएको बाँसको स्काफफोल्डिङबाट आगो लाग्दा त्यहाँबाट आगो फैलिँदा हुन सक्ने अनुमान गरिएको छ । समाजिक सञ्जालमा भाइरल भएका फोटो तथा भिडियोमा आवासीय क्षेत्रका टावरका लगभग सबै तलामा आगोको लप्का देखिन्छ ।

बोल्सोनारोलाई जेल सजाय सुरु गर्न आदेश

ब्रासिलिया/ ब्राजिलको सर्वोच्च अदालतले पूर्वराष्ट्रपति जैर बोल्सोनारोलाई उनको २७ वर्षको जेल सजाय सुरु गर्न आदेश दिएको छ । बोल्सोनारोको बचाउ टोलीले दोस्रो अपिल दायर गर्न अस्वीकार गरेपछि अदालतबाट यस्तो आदेश आएको हो । बोल्सोनारोविरुद्धको मुद्दामा एक प्रमुख व्यक्तित्व न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले मंगलबार यस्तो आदेश दिए । अदालतले बोल्सोनारोले राजधानी ब्रासिलियाको संघीय प्रहरी मुख्यालयमा आफ्नो सजाय सुरु गर्नुपर्ने संकेत गरेको छ । उनी अहिले पनि त्यहीं नै थुनामा छन् । सेप्टेम्बरमा, बोल्सोनारोलाई सन् २०२२ को राष्ट्रपति चुनावमा पराजयपछि पनि सत्ता हस्तान्तरण नगरी कु गर्ने षड्यन्त्र गरेको आरोपमा दोषी ठहराइएको थियो । उनीमाथि लोकतान्त्रिक शासनलाई उल्ट्याउने प्रयास गरेको, कू प्रयास गरेको, सशस्त्र षड्यन्त्रमा भाग लिएको, सार्वजनिक सम्पत्तिलाई क्षति पुऱ्याएको र राष्ट्रिय सम्पदास्थलको रूपमा सूचीकृत क्षेत्रमा क्षति पुऱ्याएको लगायत मुद्दामा दोषी ठहऱ्याइएको थियो । सबै गरेर बोल्सोनारोलाई २७ वर्ष तीन महिनाको जेल सजाय सुनाइएको छ ।

उग्र दक्षिणपन्थी लिबरल पार्टीका नेता बोल्सोनारो सन् २०१९ देखि २०२३ सम्म देशको राष्ट्रपति थिए । त्यसपछि उनी सन् २०२२ मा पुनः निर्वाचित हुने प्रयासमा वामपन्थी नेता लुइज इनासियो लुला दा सिल्भाबाट झिनो अन्तरले पराजित भए । जनवरी ८, २०२३ मा, लुलाले शपथ लिएको एक हप्तापछि बोल्सोनारोका समर्थकले राजधानीका अधिकांश सरकारी भवनमा आक्रमण गरेर सत्ता कब्जा गर्ने असफल प्रयास गरेका थिए ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८२/०८/११ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।०७।०२ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
१.	Construction of Asphalt Road, Ward No. 8 (RAT/CHITWAN/Works/NCB/10/2082-083)	श्री R.S. Nirman Sewa, Khairahani-04, Chitwan	रू. ५५,६५,९२३।५६ (पचपन्न लाख पैसठ्ठी हजार नौ सय तेइस रुपैयाँ र पैसा छपन्न मात्र ।)

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ११ मंसिर ०८२

■ एमसिसी परियोजना

भारतसँग जोडिने १८ किमि प्रसारणलाइन र न्यु बुटवल सबस्टेसन निर्माण सुरु

अर्को वर्ष एमसिसीकै प्रसारणलाइनबाट भारतमा बिजुली निर्यात गरिने लक्ष्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)अन्तर्गत बन्ने परियोजनामा भौतिक निर्माणको काम सुरु भएको छ। एमसिसीको अनुदान र नेपालको लगानीमा चार सय केभीका तीन सय १५ किमि लामो चार प्रसारणलाइन र चार सय केभीका तीन सबस्टेसन निर्माण सुरु गरिएको छ।

त्यस्तै, पूर्व-पश्चिम राजमार्गको धानखोला-लमही ४० किमि सडकखण्ड र मुग्लिन नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गरिँदै छ। पहिलो चरणमा बुधबारदेखि १८ किमि लामो न्यु बुटवल-नेपाल भारत सीमापार प्रसारणलाइन र न्यु बुटवल सबस्टेसनको निर्माण औपचारिक रूपमा सुरु गरिएको हो।

मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले बुधबार नवलपरासीमा प्रसारणलाइनको टावरको जग खनेर भौतिक निर्माणको काम सुरु गरेको हो। कार्यक्रममा अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्प्सन, एमसिसीका आवासीय राष्ट्र निर्देशक डायन फ्रान्सिस्को र एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट तथा स्थानीय जनप्रतिनिधि उपस्थित थिए। एमसिसी परियोजना कार्यान्वयनमा प्रवेश गरेको सवा दुई वर्षपछि भौतिक निर्माणको काम सुरु भएको हो।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले क्षेत्रीय ऊर्जा व्यापारमा यी परियोजनाले सहयोग गर्ने बताए। 'स्वच्छ ऊर्जामा पहुँचको विस्तार, क्षेत्रीय ऊर्जा व्यापारमा अभिवृद्धि तथा दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग पुऱ्याउने सरकारको सशक्त प्रतिबद्धता यस आयोजनामा प्रतिविम्बित भएको छ। एमसिसी र एमसिए-नेपालको सहयोगबाट हामी राष्ट्रको हितका लागि सम्झौतालाई कार्यरूपमा रूपान्तरण गर्दै छौं,' उनले भने।

अमेरिकी राजदूत डिन आर थम्प्सनले निर्माण सुरु भएसँगै विभिन्न अवसर पनि सिर्जना हुने बताए। 'थप भरपर्दो ऊर्जा प्रणाली निर्माण गर्ने कार्यमा एक प्रतिबद्ध साझेदारका रूपमा नेपालसँग उभिन पाउँदा अमेरिकालाई गर्व लागेको छ,' उनले भने, 'प्रसारणलाइन तथा सबस्टेसनजस्ता आयोजनाले घरपरिवार तथा व्यवसायका बत्ती बाल्नमा मात्र सघाउने नभई यस क्षेत्रभरि नै व्यापार, वृद्धि तथा प्रगतिका लागि अवसरहरू पनि सिर्जना गर्छ। आजको यो कार्यक्रम हामी सहकार्यबाट के-कति हासिल गर्न सक्छौं भन्ने कुराको प्रमाण हो।'

एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले परियोजनाको निर्माण कार्यलाई सफल बनाउने बताए। 'नेपालको ऊर्जा सुरक्षा सशक्त बनाउने सन्दर्भमा एउटा नयाँ अध्याय थपिएको छ,' उनले भने, 'यस प्रसारणलाइन तथा सबस्टेसनले ऊर्जा व्यापार विस्तार गर्न तथा नेपालीका लागि दीर्घकालीन लाभ दिलाउनमा नयाँ अवसर सिर्जना गर्नेछन्। नेपाल सरकार तथा अमेरिकी सरकारको एमसीसीसँगको निकटतम साझेदारीमा यस आयोजनाको कार्यान्वयन गर्न पाएकोमा एमसिए-नेपाल गौरवान्वित छ र यसलाई सफल बनाउनमा प्रतिबद्ध छ।'

१८ किमि लामो प्रसारणलाइन भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडले गर्दै छ। एमसिए नेपाल र कम्पनीबिच १४ भदौ ०८१ मा एक करोड २३ लाख ६० हजार डलरमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौता भएको २१ महिनामा कम्पनीले परियोजना सम्पन्न गरिसक्नुपर्ने थियो। सम्झौता भएको १५ महिना बितिसकेको छ। अबको ६ महिनामा परियोजना बनाउनुपर्नेछ। न्यु बुटवल सबस्टेसनको निर्माण भने भारतकै लिंक्सन इन्डिया प्रालिले गर्दै छ। एमसिए नेपालले २७ वैशाख ०८१ मा कम्पनीसँग तीन करोड ५५ लाख १० हजार डलरमा ठेक्का सम्झौता गरेको थियो। ठेक्काको अवधि भने ३९ महिना रहेको छ। हालसम्म ठेक्काको १९ महिना अवधि व्यतीत भइसकेको छ। अबको २० महिनामा परियोजनाको निर्माण सम्पन्न गर्नुपर्नेछ।





■ आगामी वर्ष एमसिसीकै प्रसारणलाइनबाट विद्युत् निर्यात

यो प्रसारणलाइन नेपाल भारत दोस्रो अन्तरदेशीय प्रसारण लाइन न्यू बुटवल-गोरखपुरको नेपाल खण्ड हो। भारत खण्डको ९८ किमि लामो लाइनको निर्माण यसअघि नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड इन्डियाको संयुक्त लगानीमा निर्माण भइरहेको छ, जुन अबको १-२ महिनामा तयार हुँदैछ।

नेपाल खण्डको निर्माण भने एमसिए नेपाल मार्फत गर्नुपर्ने थियो। यो प्रसारण लाइन पनि आगामी असार-साउनभित्रै तयार गरेर सञ्चालनमा ल्याउने लक्ष्य छ। आगामी वर्ष यो प्रसारणलाइनबाट पनि भारतमा विद्युत् निर्यात गर्ने लक्ष्य लिएको एक अधिकारीले बताए। यो प्रसारणलाइनमा ५२ वटा टावर बन्दै छन्। टावरका लागि चाहिने जग्गाप्राप्ति भइसकेको छ। तारमुनि जग्गाको क्षतिपूर्ति दिने प्रक्रिया पनि अन्तिम चरणमा पुगेको छ। निर्माण कम्पनीले सात-आठवटा समूह बनाएर टावर निर्माणको काम गर्दै छ। '७-८ समूहले टावर निर्माणको काम गर्दै छन्। त्यस्तो भएपछि छोटो समयमै सबै टावर तयार हुन्छन्। तार तान्न भने समय लाग्दैन,' स्रोतले भन्यो, 'त्योअनुसार ठेक्का अवधिभित्रै काम सम्पन्न हुन्छ। निर्माण कम्पनीले पनि त्यो प्रतिबद्धता गरेको छ। आगामी बर्खा यही प्रसारणलाइनबाट भारतमा विद्युत् निर्यात गर्न लक्ष्य छ।'

यी पूर्वाधार निर्माणले नेपाल र भारतबिचको विद्युत् व्यापारलाई थप सहयोग गर्ने बताइएको छ। ०३५ भित्र भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सरकारी लक्ष्यलाई यी परियोजनाले सहयोग पुग्ने बताइएको छ।

■ ठेक्का भएका दुई सबस्टेसन पनि निर्माणको तयारीमा

रातमाटे सबस्टेसन र नयाँ दमौली सबस्टेसन भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङले बनाउँदै छ। पाँच करोड १५ लाख डलरमा रातमाटे सबस्टेसन बनाउन १ असार ०८१ र तीन करोड ८८ लाख ९० हजार डलरमा नयाँ दमौली सबस्टेसन बनाउन १६ साउन ०८१ मा कम्पनीसँग ठेक्का सम्झौता भएको थियो। यी सबस्टेसनमा पनि ३९ महिनाकै ठेक्का अवधि छ। त्यसमा अहिले निर्माणपूर्वको तयारीका काम भइरहेको छ। क्याम्प बनाउने, सर्भे गर्ने, पहुँच मार्ग बनाउनेलगायत पूर्वतयारीका काम अन्तिम चरणमा छन्। अबको एक-दुई महिनामा निर्माण सुरु हुने बताइएको छ।

■ तीन प्रसारणलाइनमा निर्माणपूर्वका काम

बाँकी तीन प्रसारणलाइनको निर्माणका लागि पनि हालै ठेक्का सम्झौता भएको छ। ११७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारणलाइन बनाउन १० असोजमा आशिष-बोज्जर संयुक्त उपक्रमसँग सात करोड ६६ लाख ५० हजार अमेरिकी डलरमा ठेक्का सम्झौता गरिएको छ।

९० किमि लामो नयाँ दमौली-नयाँ बुटवल र ९० किमि लामो रातमाटे-नयाँ बुटवल प्रसारणलाइन बनाउन गत साउन २९ गते मात्रै ठेक्का सम्झौता भएको थियो। नयाँ दमौली-नयाँ बुटवल प्रसारणलाइन निर्माणका लागि वाइबा-सलार जेभीसँग सात करोड ७० लाख ३० हजार डलरमा ठेक्का सम्झौता गरिएको छ। रातमाटे-नयाँ दमौली प्रसारणलाइन बनाउन भारतको एन्जेलिक-स्किपर जेभीसँग सात करोड ७४ लाख ८० हजार डलरमा ठेक्का सम्झौता गरिएको छ। यी तीनवटा ठेक्कामा ४२ महिना अवधि छ। हाल यी परियोजनामा निर्माणपूर्वका काम भइरहेको छ।

■ धानखोला-लमही सडक मर्मतको ठेकेदार छनोट हुँदै

अहिले ४० किमि लामो धानखोला-लमही खण्डको मर्मत गर्न पनि ठेकेदार कम्पनी छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ। अबको ६ हप्ताभित्र ठेकेदार कम्पनी छनोट हुने बताइएको छ। मुग्लिङ नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गर्न ठेक्का आह्वान हुन बाँकी छ। अबको दुई-तीन महिनामा यसको डिजाइन फाइनल गरेर टेन्डर आह्वान गर्ने तयारी छ। अनुदानका लागि एमसिसीसँग २९ भदौ ०७४ मा सम्झौता भएको थियो। जुन १३ भदौ ०८० देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो। सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २९ अगस्ट २०२८ (१२ भदौ २०८५) भित्र एमसीसी अन्तरगतका परियोजनाहरूको निर्माण सम्पन्न गर्नुपर्नेछ। यसमा एमसिसीले ५५ करोड डलर र नेपाल सरकारले १९ करोड ७० लाख डलर लगानी गरिरहेका छन्।

हेटौंडामा सडक विस्तारका लागि विशेष टास्क फोर्स गठन

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा बजार क्षेत्रमा लामो समयदेखि विवाद हुँदै आएको सडक विस्तार प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन प्रशासनले सक्रिय भएको छ। पटक-पटक सूचना प्रकाशनमा मात्र सीमित हुँदै आएको सडक विस्तार कार्यलाई कार्यान्वयनतर्फ अघि बढाउन जिल्ला प्रशासन कार्यालय मकवानपुरले सरोकारवाला सबै निकायको संयुक्त सहभागितासहित विशेष 'टास्क फोर्स' गठन गरेको हो।

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा बुधबार बसेको बैठकले सडक डिभिजन कार्यालय मकवानपुरका इन्जिनियर यादव सुवेदीको संयोजकत्वमा टास्क फोर्स गठन गरेको छ। उक्त टोलीमा हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार प्राधिकरणलगायत सम्बन्धित कार्यालयका प्रतिनिधिहरू सदस्य रहेका छन्। टास्क फोर्सको कार्यालय सडक डिभिजन कार्यालयमै रहने व्यवस्था गरिएको छ।समितिले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत सडक सीमा अतिक्रमण गरी बनेका स्थायी तथा अस्थायी संरचनाहरूको रेखांकन गर्ने, रङ लगाउने तथा आवश्यक कानुनी कारबाही अघि बढाउने जिम्मेवारी पाएको छ। टोलीले बुधबारबाटै माइकिङसहित प्रारम्भिक काम सुरु गरिसकेको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार सडक विस्तारका क्रममा विद्युत, खानेपानी, टेलिफोनजस्ता अत्यावश्यक सेवा अवरुद्ध नहोस् भनी सम्बन्धित कार्यालयसँग निरन्तर समन्वय भइरहेको छ। यसले काम सहज हुने अपेक्षा गरिएको छ। प्रदेश राजधानीसमेत रहेको हेटौंडालाई सुरक्षित, सुन्दर र बस्नयोग्य सहरका रूपमा विकास गर्न सडक विस्तार अनिवार्य भएको उनले बताए।

एसियाली विकास बैंक (एडिबी)बाट आवश्यक स्रोत सुनिश्चित भइसकेकाले अब यो आयोजना कुनै हालतमा नरोकिने उनको भनाइ छ। 'सीमाक्षेत्रभित्र पर्ने संरचना घरधनी स्वयंले हटाइदिए सडक विस्तार अझ सहज हुन्छ,' उनले भने, 'सबैलाई जितको अनुभूति हुने गरी पारदर्शी र प्रभावकारी ढंगले काम अघि बढाउँछौं।'

सडक डिभिजन कार्यालय हेटौंडाले गत शुक्रबार सार्वजनिक सूचना जारी गर्दै अतिक्रमित संरचना हटाउन १५ दिनको समय दिएको छ। रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्मको सडक खण्डमा सडकको मध्य भागबाट दायाँ-बायाँ २५-२५ गजभित्र पर्ने स्थायी तथा अस्थायी संरचना स्वतः हटाउन आग्रह गरिएको छ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०८/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८२/०८/१७ गते/स्थान : शाखा कार्यालय रामगोपालपुर, महोत्तरी — २०८२/०८/१९ गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : जयसवाल कोल्ड स्टोर्स** घरेलु तथा साना उद्योग कार्यलय, जलेश्वर, महोत्तरी प्रा.फ.र.नं. २५६९/३४/०७०/०७१, दर्ता मिति : २०७१/०१/२८ पान नं. ६०२१३२४२०, दर्ता मिति : २०७१/०२/०४ ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६, **प्रोप्राइटर : शम्भु साह**
	जमानतकर्ताको विवरण
	१. नाम : शम्भु साह ना.प्र.नं. ०६३६२८६२, जि.प्र.का. सर्लाही जारी मिति : २०५२/०५/०८ बाबुको नाम : हरिहर साह कलवार बाजेको नाम : राम सकल साह ठेगाना : सर्लाही जिल्ला, बलरा गा.बि.स. वडा नं. ६ हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ **२. नाम : मधुरेन्द्र प्रसाद जयसवाल** ना.प्र.नं. १९-०१-७७-१८७१९, जि.प्र.का. सर्लाही जारी मिति : २०७७/०९/१९ बाबुको नाम : शम्भु साह बाजेको नाम : हरिहर साह कलवार ठेगाना : सर्लाही जिल्ला, बलरा वडा नं. ४ हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४
	३. नाम : पुनीता कुमारी देवी ना.प्र.नं. १९१००२/२१, जि.प्र.का. सर्लाही जारी मिति : २०६६/११/२६ पति : शम्भु साह ससुरा : हरिहर साह कलवार ठेगाना : सर्लाही जिल्ला, बलरा गा.बि.स. वडा नं. ६ हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ **४. नाम : रेनुका जैसवाल** ना.प्र.नं. १९-०१-०७४-०२५१३, जि.प्र.का. सर्लाही जारी मिति : २०७४/०३/११ बाबुको नाम : शम्भु साह बाजेको नाम : हरिहर साह कलवार ठेगाना : सर्लाही जिल्ला, बलरा वडा नं. ४ हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४
	धितोको विवरण
	शम्भु साहको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, बलरा वडा नं. ५ स्थित कित्ता नं. ७८३ को क्षेत्रफल ०-०-१९-९ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
	ऋणीको नाम, ठेगाना
२.	**नाम : सोनु ट्रेडर्स** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग दर्ता नं. ५०३२/२७/०७५/०७६, दर्ता मिति : २०७५/०७/१३, पान नं. ६०८७००६०१, दर्ता मिति : २०७५/०७/१६ ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर ना.पा. वडा नं. ५, **प्रोप्राइटर : बबिता यादव**
	ऋणी तथा जमानतकर्ताको विवरण
	नाम : विनोद यादव ना.प्र.नं. ३६९८२९६४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५२/०४/११ बाबुको नाम : राम नारायण यादव, बाजेको नाम : सोनफी यादव ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १, हाल : महोत्तरी जिल्ला, भंगहा ना.पा. वडा नं. ६
	जमानतकर्ताको विवरण
	१. नाम : रामनारायण यादव ना.प्र.नं. ३६९७०८१२, जि.प्र.का. महोत्तरी जारी मिति : २०३५/११/०९ बाबुको नाम : सोनफी यादव बाजेको नाम : प्रभु यादव ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १ हाल : महोत्तरी जिल्ला, भंगहा ना.पा. वडा नं. ६ **२. नाम : बबिता यादव** ना.प्र.नं. १८-३०५७/२०, जि.प्र.का. महोत्तरी जारी मिति : २०६३/११/०८ पतिको नाम : बिनोद यादव ससुराको नाम : रामनारायण यादव ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १ हाल : महोत्तरी जिल्ला, भंगहा ना.पा. वडा नं. ६
	धितोको विवरण
	१. बिनोद यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको स्थित महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १/१ क कित्ता नं. १९६, ६९८ र र ६९७ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-१-१०-० र ०-१-९.७५-०, महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २ कित्ता नं. ६०८ को क्षेत्रफल ०-२-१५-० तथा महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. ४/४ क कित्ता नं. १०७ र ५९० को क्षेत्रफल क्रमशः ०-१९-४.५-० र ०-६-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. बबिता यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा नं. ४/४ड स्थित कित्ता ४२० र ४१७ को क्षेत्रफल क्रमशः ०-०-४.५-० र ०-०-३.५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. राम नारायण यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १/१ क कित्ता नं. १०७४, ७०५, ७०७, १०८०, १०८८ र १०८६ को क्षेत्रफल क्रमशः ०-०-७.२५-०, ०-०-१३.२५-०, ०-०-१३.२५-०, ०-०-१३-०, ०-३-०-० र ०-२-१०-० तथा महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २ कित्ता नं. ६०९ को क्षेत्रफल ०-४-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कृषि अनुसन्धान केन्द्रमै थन्कियो गुणस्तरीय बिउ

धनकुटा/ स्थानीय सरकारहरूसँगको प्रभावकारी समन्वय नहुँदा कृषि अनुसन्धान केन्द्र पाख्रीबासको भण्डारमा विभिन्न प्रजातिका खाद्यबालीको गुणस्तरीय बिउ थन्किएको छ। अनुसन्धान केन्द्रले विभिन्न प्रजातिका खाद्यबालीहरूको बिउ उत्पादन गर्दै आएको भए पनि बिक्री गर्न सकेको छैन। तर पनि केन्द्रले बिउ उत्पादनलाई भने निरन्तरता दिँदै आएको छ। यस वर्ष करिब चार टन गुणस्तरीय गहुँको बिउ उत्पादन गरेको भए पनि अहिलेसम्म आधा मात्र बिक्री भएको केन्द्रले जनाएको छ। साग, मुला, मुसुरोलगायतका अन्य बालीको पनि गुणस्तरीय बिउ भण्डारणमा नै थन्किएको छ। अनुसन्धान केन्द्रले धेरै गुणस्तरीय बिउ उत्पादन गर्दै आएको भए पनि बिक्री हुने अवस्था नरहेको कृषि अनुसन्धान केन्द्र पाख्रीबासका कृषि प्राविधिक सविन विश्वकर्माले बताए।

कृषि अनुसन्धान केन्द्र पाख्रीबासको कार्यक्षेत्रअन्तर्गत १० वटा जिल्ला पर्छन्। ती जिल्लाका हरेक स्थानीय तह र कृषि ज्ञान केन्द्रहरूलाई पत्राचार गरी बिउ खरिदका लागि जानकारी गराएको पनि स्थानीय तहहरूले चासो नदेखाएको कृषि अनुसन्धान केन्द्र पाख्रीबासका कार्यालय प्रमुख वरिष्ठ वैज्ञानिक प्रेमिल केसीले बताए।

ग्रिन स्किल्स एड्भाइजरी बोर्ड सुरु

कृषि, निर्माण, पर्यटनलगायतमा हरित सीपलाई प्रोत्साहन गर्ने योजना

काठमाडौं/ नेपालमा पहिलोपटक ग्रिन स्किल्स एडभाइजरी बोर्ड (जीसाब) को औपचारिक शुभारम्भ गरिएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (सिटिइभिटी) प्रणालीलाई हरित सीपसँग जोड्न र दिगो रोजगारी तथा विकासलाई प्रोत्साहन गर्न बोर्डको गठन गरिएको हो।

बोर्डले नेपालमा हरित सीपसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, वातावरणमैत्री तालिम नीति-निर्माणका लागि संवाद गर्ने, तालिम प्रवर्द्धन र रोजगारीका अवसर सिर्जना गर्न ठोस कदम चाल्ने लक्ष्य राखेको छ। विशेष गरी दिगो कृषि, वातावरणमैत्री निर्माण, पर्यटनलगायतका क्षेत्रमा हरित सीपलाई प्रोत्साहन गर्ने योजनासहित यस बोर्डको स्थापना गरिएको हो।

बोर्डको शुभारम्भ कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चूडामणि पौडेलले विश्वव्यापी रुपमा बढिरहेको तापक्रम, कार्बन उत्सर्जन तथा विभिन्न वातावरणीय प्रभावका कारण मानव स्वास्थ्यसहित समग्र विश्वमा गम्भीर नकारात्मक असर देखापरेको सन्दर्भमा यो पहलले महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको बताए। उनले शिक्षालाई सीप र सीपलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्दै जानुपर्ने धारणा राख।

'नेपाल सरकारले यस विषयमा नीतिगत सुधारमा काम गर्दै आइरहेको छ। सरकार र निजी क्षेत्रको साझेदारीमा सुरु भएको यो परियोजनालाई मिलेर अगाडि बढाउनुपर्छ,' उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले विश्वव्यापी रूपमा बढ्दो जलवायु परिवर्तन, कार्बन उत्सर्जन र वातावरणीय चुनौतीले हामीलाई नयाँ सोच, नयाँ सीप र नयाँ अभ्यासतर्फ अघि बढ्नुपर्ने बताए। 'हाम्रा उद्योग व्यवसायहरू पनि वातावरणमैत्री सीपको अवलम्बन गर्न तयार हुँदै छन्।

कोशी पर्यटन वर्षका योजना अलपत्र

पर्यटन वर्ष उद्घाटन भएको पाँच महिना बितिसक्दा पनि अघि बढेन कुनै ठोस कार्यक्रम

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

कोशी प्रदेश सरकारले चालू आर्थिक वर्षलाई 'कोशीको गौरव, हिमालको सान : पर्यटन वर्षमा सबैलाई सम्मान' भन्ने नारासहित पर्यटन वर्षका रूपमा अघि सारेको थियो। तर, पर्यटन वर्ष उद्घाटन भएको लगभग पाँच महिना बितिसक्दा पनि ठोस कार्यक्रम अघि बढ्न नसक्दा अभियान नै अलपत्र परेको छ।

चैत महिनामा औपचारिक रूपमा पर्यटन वर्ष उद्घाटन गरिए पनि त्यसपछि सम्बन्धित कुनै महत्त्वपूर्ण गतिविधि सञ्चालन हुन सकेको छैन। मन्त्रालयको व्यवस्थापन, कोठा सर्नेजस्ता आन्तरिक झन्झट र 'जेन-जी आन्दोलन'ले पैदा गरेको वातावरणका कारण मन्त्रालयले पर्यटनसम्बन्धी काम थाल्न नसकेको पर्यटन शाखाका अधिकृत पेशलकुमार पौडेलले जानकारी दिए। उनले अहिलेसम्म बजेट कटौतीबारे हल्ला चलेका कारण पनि काम गर्न नसकिएको



बताए। भर्खरै मात्र कार्यविधि बनाएर मन्त्रिपरिषदमा पठाएको समेत उनको भनाइ छ। पर्यटन व्यवसायी भने प्रशासनिक ढिलासुस्ती र सुरक्षासम्बन्धी अनिश्चितताले पर्यटक आगमनमा नकारात्मक असर परेको बताउँछन्। 'जेन-जी आन्दोलन'पछि भारतीय पर्यटकमा नेपालप्रति त्रासपूर्ण वातावरण भएको र भारतबाट पर्यटक नआएको उनीहरूको गुनासो छ।

अधिकृत पौडेलले पर्यटन वर्षका लागि पाँच करोड ४६ लाख रकम विनियोजन भएको र सो रकम बाँडफाँट गरेर पर्यटन गतिविधि सुरु गरिने बताए।

भारतीय पर्यटकलाई सवारी चेकिङ, जरिवाना तथा अनावश्यक झन्झटले पनि निरुत्साहित बनाइरहेको छ। पहाड-हिमाल घुम्न वा शक्तिपीठ दर्शनका लागि आउने पर्यटक बाटोमा पटक-पटक रोकिएर हैरान हुने गरेको गुनासो छ। प्रचार-प्रसारमा सरकारले चासो नदिँदा भारतमा नेपालका आकर्षक गन्तव्यबारे पर्याप्त जानकारी पुऱ्याउन नसकिएको बताइन्छ।

कोशी प्रदेशमा ८० पर्यटकीय गन्तव्य पहिला पहिचान गरिए पनि अहिले ८० भन्दा धेरै गन्तव्य भएकाले हटाइएको मन्त्रालयले जनाएको छ।

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

व्यवसायिक कुक तालिमको आशयपत्र आह्वानको सूचना

प्रकाशित मितिः २०८२/०८/११

यस कार्यालयको चालु आ.व. २०८२/८३ का लागि व्यवसायिक कुक तालिम (कार्यगत तालिम सहितको १६९६ घण्टा) सञ्चालन गर्नुपर्ने भएकाले सेवा प्रदायक संस्था छनौटका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (१) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सो सम्बन्धी आशयपत्र फाराम सहित थप जानकारी www.thakurbabamun.gov.np मा र सम्पर्क नं. ९८४८१३२७४७ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना ११ गते बिहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : ईनरुवा शाखा — **कर्जा शीर्षक : हायर पर्चेज कर्जा**

ऋणीको विवरण

माधव प्रसाद घिमिरेको नाति हरि प्रसाद घिमिरेको छोरा झापा जिल्ला महारानीझोडा गा.वि.स. वडा नं. ८ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **बालकृष्ण घिमिरे** (ना.प्र.नं. : ११४-०५०-३४१५२०७३९, जारी मिति र जिल्ला : २०५०/१२/२८, झापा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

रेवती रेग्मीको छोरी हरि प्रसाद घिमिरेको बुहारी बालकृष्ण घिमिरेको पत्नी झापा जिल्ला महारानीझोडा वडा नं. ८ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **माया देवी घिमिरे** (ना.प्र.न. : १६२०२, जारी मिति र जिल्ला : २०५९/०९/१८, झापा)

२) शाखा कार्यालय : ईनरुवा शाखा — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक तथा मोर्टगेज आवधिक कर्जा**

ऋणीको विवरण

रेवती रेग्मीको छोरी हरि प्रसाद घिमिरेको बुहारी बालकृष्ण घिमिरेको पत्नी झापा जिल्ला महारानीझोडा वडा नं. ८ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **माया देवी घिमिरे** (ना.प्र.न. : १६२०२, जारी मिति र जिल्ला : २०५९/०९/१८, झापा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

माधव प्रसाद घिमिरेको नाति हरि प्रसाद घिमिरेको छोरा झापा जिल्ला महारानीझोडा गा.वि.स. वडा नं. ८ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **बालकृष्ण घिमिरे** (ना.प्र.न. : ११४-०५०-३४१५२०७३९, जारी मिति र जिल्ला : २०५०/१२/२८, झापा)

३) शाखा कार्यालय : ईनरुवा शाखा — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

ऋणीको विवरण

सुनर मण्डल धानुकको नाति राम नारायण मण्डल धानुकको छोरा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ४ बस्ने **असोक मण्डल** (ना.प्र.नं. : १०३७/१६०१२७ जारी मिति र जिल्ला : २०६७/११/०८, सुनसरी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) अनुप मण्डल धानुकको नाति सुनर मण्डल धानुकको छोरा सुनसरी जिल्ला इनरुवा वडा नं. ४ बस्ने **राम नारायण मण्डल धानुक** (ना.प्र.नं. : १०२२/८२७ जारी मिति र जिल्ला : २०४५/०२/१९, सुनसरी)

२) सुनर मण्डल धानुकको नाति राम नारायण मण्डल धानुकको छोरा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ४ बस्ने **प्रमोद मण्डल धानुक** (ना.प्र.नं. : ०६-०१-७१-०९९९९ जारी मिति र जिल्ला : २०७१/१०/२०, सुनसरी)

३) सत नाराण मण्डलको नाति असोक मण्डल धानुकको छोरा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ४ बस्ने **संजय कुमार मण्डल** (ना.प्र.नं. : ०६-०१-७१-०४७१६ जारी मिति र जिल्ला : २०७१/०५/०६, सुनसरी)

४) शाखा कार्यालय : ईनरुवा शाखा — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

ऋणीको विवरण

गंगा राम साह सोनारको छोरी राम बालक सेठ सोनारको बुहारी रमेश प्रसाद स्वर्णकारको पत्नी सप्तरी जिल्ला त्रिकौल गा.बि.स. वडा नं. ४ हाल, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. १० बस्ने **उषा देवी स्वर्णकार** (ना.प्र.नं. : १६-०२-७३-०२१५८ जारी मिति र जिल्ला : २०७३/०८/२०, सप्तरी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) सत्य नारायण स्वर्णकारको नाति राम बालक सेठ सोनारको छोरा सप्तरी जिल्ला त्रिकौल गा.वि.स. वडा नं. ४ हाल, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. १० बस्ने **रमेश प्रसाद स्वर्णकार** (ना.प्र.नं. : १६-०१-६९-००१९१, जारी मिति र जिल्ला : २०६९/०६/०९, सप्तरी)

२) दलवेश्वर झाको नाति अजयकुमार झाको छोरा सुनसरी जिल्ला दुहवी वडा नं. ४ हाल, इनरुवा न.पा. वडा नं. २ बस्ने **अमरजित झा** (ना.प्र.नं. : ०६३००९/११३५, जारी मिति र जिल्ला : २०६३/१०/१, सुनसरी)

५) शाखा कार्यालय : ईनरुवा शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

गंगा राम साह सोनारको छोरी राम बालक सेठ सोनारको बुहारी रमेश प्रसाद स्वर्णकारको पत्नी सप्तरी जिल्ला त्रिकौल गा.बि.स. वडा नं. ४ हाल, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. १० बस्ने **उषा देवी स्वर्णकार** (ना.प्र.नं. : १६-०२-७३-०२१५८ जारी मिति र जिल्ला : २०७३/०८/२०, सप्तरी)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

सत्य नारायण स्वर्णकारको नाति शत्रुध्न प्रसाद स्वर्णकारको छोरा सप्तरी जिल्ला तिरहुत गा.पा. वडा नं. १ हाल, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. १० बस्ने **अंकित कुमार स्वर्णकार** (ना.प्र.नं. : १६-०२-७९-०००८८, जारी मिति र जिल्ला : २०६९/०१/०८, सप्तरी)

६) शाखा कार्यालय : बेलबारी शाखा — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण

शिवलाल पौडेलको नाति गणेश प्रसाद पौडेलको छोरा मोरङ्ग जिल्ला पथरी गा.वि.स. वडा नं. ८ हाल, सुन्दरहरैचा न.पा. वडा नं. ६ बस्ने **जिवन कुमार पौडेल** (ना.प्र.नं. : ९२८३ जारी मिति र जिल्ला : २०५९/०८/२४, मोरङ्ग)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) गणेश प्रसाद पौडेलको बुहारी जिवन कुमार पौडेलको पत्नी सुनसरी जिल्ला बराहक्षेत्र वडा नं. ४ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ६ बस्ने **प्रभा बराल** (ना.प्र.नं. : २१७८३/१३१८/०४४ जारी मिति र जिल्ला : २०६०/०८/०७, सुनसरी)

७) शाखा कार्यालय : विराटनगर शाखा — **कर्जा शीर्षक : हायर पर्चेज कर्जा**

ऋणीको विवरण

नाम : **बासु जल उघोग** प्रोप्राइटर : मिथलेश कुमार कामत प्रा.फ.नं.घ.मो. : १२२७२/०७२/७३
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उघोग कार्यालय, मोरङ्ग (विराटनगर) दर्ता मिति : २०७२-०६-१८
फर्मको ठेगाना : मोरङ्ग जिल्ला बिराटनगर उप.म.न.पा. वडा नं. १६ स्थायी लेखा नं. : ६०१५७४७८४

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) मिश्री लाल कामतको नाति बुवा कान्त कामतको छोरा मोरङ्ग जिल्ला विराटनगर वडा नं. १६ हाल, विराटनगर म.न.पा. वडा नं. १२ बस्ने **मिथलेश कुमार कामत** (ना.प्र.नं. : ०५१०८१/१५ जारी मिति र जिल्ला : २०६४/०२/०६, मोरङ्ग)

२) श्रीवल्लभ कामतको छोरी बुवा कान्त कामतको बुहारी मिथलेश कुमार कामतको पत्नी मोरङ्ग जिल्ला विराटनगर वडा नं. २ हाल, विराटनगर म.न.पा. वडा नं. १२ बस्ने **अन्नु कुमारी कामत** (ना.प्र.नं. : ०५१०६६/३४८ जारी मिति र जिल्ला : २०६६/०५/१२, मोरङ्ग)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सिद्धार्थ बैंकलाई तीन विधामा एक्सिलेन्स अवार्ड

काठमाडौं/ सिद्धार्थ बैंकले तीन प्रतिष्ठित अवार्ड पाएको छ। बैंकले विश्वप्रसिद्ध भुक्तानी सेवाप्रदायक संस्था भिसा इन्टरनेसनलसँगको साझेदारीअन्तर्गत आयोजित भिजा लिडरसिप कन्क्लेभ कार्यक्रममा एक्सिलेन्स इन कन्जुमर क्रेडिट कार्ड्स, एक्सिलेन्स इन प्रिपेड कार्ड्स र एक्सिलेन्स इन पोस अक्वायरिङ विधामा तीन अवार्ड पाएको हो।

यी अवार्ड बैंकले डिजिटल भुक्तानी सेवामा देखाएको उत्कृष्ट प्रदर्शन, व्यावसायिक साझेदारीप्रतिको प्रतिबद्धता तथा ग्राहककेन्द्रित सेवाको उच्च मूल्यांकनका आधारमा प्रदान गरिएको बताइएको छ।

ग्राहकलाई सुरक्षित, छरितो तथा आधुनिक डिजिटल बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यअनुरूप बैंकले क्रेडिट कार्ड, प्रिपेड कार्ड तथा पोस सेवा विस्तार गर्दै आएको छ। यी उपलब्धिले बैंकको सेवा गुणस्तर, प्रविधिमैत्री नीति तथा बजारमा बढ्दो विश्वासलाई पुष्टि गरेको बैंकले जनाएको छ।

असार मसान्तसम्म बैंकले बैंकहरूले तीन लाख १८ हजार क्रेडिट कार्ड जारी गरिसकेका छन्, जसमा सिद्धार्थ बैंकको हिस्सा करिब ६० हजार क्रेडिट कार्ड रहेको छ। अन्तर्राष्ट्रियस्तरको यस सम्मानले बैंकको सेवा गुणस्तर र नवप्रवर्तन क्षमतालाई थप सुदृढ बनाएको बताइएको छ।

एलजीले ल्यायो एआई टिभी

काठमाडौं/ एलजी नेपालले नयाँ पुस्ताको एआई टिभी नेपालमा सार्वजनिक गरेको छ। एआई प्रोसेसर जेन-२ द्वारा सञ्चालित यो टिभीले प्रयोगकर्ताको व्यवहार सिक्ने, बुझ्ने र आत्मसात् गर्नेमार्फत व्यक्तिगत अनुभवलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्य राख्ने बताइएको छ।



यसले प्रयोगकर्ताको रुचि, हेर्ने बानी र वरपरको वातावरण विश्लेषण गरी इमेज तथा ध्वनिको गुणस्तर स्वचालित रूपमा अनुकूलन गर्ने बताइएको छ। दैनिक जीवनका नियमित कामदेखि लिएर मनोरञ्जनको अनुभवसम्म यो टिभीले प्रत्येक घरमा अझै स्मार्ट, सहज र सहजै अनुकूलित जीवनशैली प्रदान गर्ने दाबी गरिएको छ।

कम्पनीका अनुसार यो टिभीमा एआई च्याटबोट, पिक्चर तथा साउन्ड विजार्ड, एआई सर्च एवं भ्वाइस आइडीलगायतका फिचर समावेश छन्। हरेक घरका लागि प्रिमियम विकल्प यो टिभी नेपालमा भने ओएलइडी इभो, क्युनेड, नानो सेल र युएचडी एआई विकल्पमा उपलब्ध हुने बताइएको छ।

कम्पनीका अनुसार प्रत्येक मोडेलमा अत्याधुनिक एआई क्षमता, बेस्ट डिस्प्ले गुणस्तर र विस्तृत साइज तथा मूल्य-सिरिज उपलब्ध छन्।

'एलजी एआई टिभीसँगै हामी नेपालमा इन्टेलिजेन्ट मनोरञ्जन प्रविधिको नयाँ युग गर्दै छौँ। यो प्रविधि प्रयोगकर्तालाई बुझ्ने मात्र होइन, उनीहरूसँगै विकसित हुँदै जीवनशैलीमा सार्थक परिवर्तन ल्याउने क्षमतासहित डिजाइन गरिएको छ,' एलजीका मार्केटिङ र ब्रान्ड प्रमुख मुकेशकुमार बैठाले भने।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/०८/११

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालयः कोटेश्वर, काठमाडौं

१. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : श्री साइनवेयर ट्रेडिङ्ग प्रा. लि
रजिष्टर्ड ठेगाना : का.म.न.पा. वडा नं ३५ (हाल वडा नं. ३२), काठमाण्डौ
रजिष्ट्रेशन नं : १४०१९७/०७२/०७३ (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)
स्थायी लेखा नं. : ६०३४४६२५०

कम्पनीको संचालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री पदम लाल कट्टेल को नाती, श्री खेम प्रसाद कट्टेल को छोरा ,श्रीमती नीशा रिजालको पति सुनसरी जिल्ला हासँपोसा गा.पा. वडा नं. १ स्थाई ठेगाना भई, हाल काठमाडौं जिल्ला काठमाडौं म न पा. वडा नं. ३२, बस्ने श्री **अनिल कट्टेल** (ना.प्र.नं. १५२३४/१७२३४, जारी मिति वि.सं. २०४९/९/२३, जि.प्र.का. सुनसरी)

२. श्री तेज प्रसाद रिजाल की नातीनी, श्री राधा प्रसाद रिजाल की छोरी, श्री अनिल कट्टेल की पत्नी मोरङ जिल्ला दर्वेसा गा.पा. वडा नं. ५ स्थाई ठेगाना भई, हाल काठमाडौं जिल्ला काठमाडौं म न पा. वडा नं. ३२, बस्ने श्रीमती **नीशा रिजाल** (ना.प्र.नं. ११७७०/९१३, जारी मिति वि.सं. २०५८/०८/०७, जि.प्र.का. मोरङ)

२. ऋणीको नाम र ठेगाना

श्री पदम लाल कट्टेल को नाती, श्री खेम प्रसाद कट्टेल को छोरा, श्रीमती नीशा रिजालको पति सुनसरी जिल्ला हासँपोसा गा.पा. वडा नं. १ स्थाई ठेगाना भई, हाल काठमाडौं जिल्ला काठमाडौं म न पा. वडा नं. ३२, बस्ने श्री **अनिल कट्टेल** (ना.प्र.नं. १५२३४/१७२३४, जारी मिति वि.सं. २०४९/९/२३, जि.प्र.का. सुनसरी)

जमानीकर्ताको नाम र ठेगाना

श्री तेज प्रसाद रिजाल की नातीनी, श्री राधा प्रसाद रिजाल की छोरी, श्री अनिल कट्टेल की पत्नी मोरङ जिल्ला दर्वेसा गा.पा. वडा नं. ५ स्थाई ठेगाना भई, हाल काठमाडौं जिल्ला काठमाडौं म न पा. वडा नं. ३२, बस्ने श्रीमती **नीशा रिजाल** (ना.प्र.नं. ११७७०/९१३, जारी मिति वि.सं. २०५८/०८/०७, जि.प्र.का. मोरङ)

३. ऋणीको नाम र ठेगाना

श्री तेज प्रसाद रिजाल की नातीनी, श्री राधा प्रसाद रिजाल की छोरी, श्री अनिल कट्टेल की पत्नी मोरङ जिल्ला दर्वेसा गा.पा. वडा नं. ५ स्थाई ठेगाना भई, हाल काठमाडौं जिल्ला काठमाडौं म न पा. वडा नं. ३२, बस्ने श्रीमती **नीशा रिजाल** (ना.प्र.नं. ११७७०/९१३, मिति वि.सं. २०५८/०८/०७, जि.प्र.का. मोरङ)

जमानीकर्ताको नाम र ठेगाना

श्री पदम लाल कट्टेल को नाती, श्री खेम प्रसाद कट्टेल को छोरा ,श्रीमती नीशा रिजालको पति सुनसरी जिल्ला हासँपोसा गा.पा. वडा नं. १ स्थाई ठेगाना भई, हाल काठमाडौं जिल्ला काठमाडौं म न पा. वडा नं. ३२, बस्ने श्री **अनिल कट्टेल** (ना.प्र.नं. १५२३४/१७२३४, जारी मिति वि.सं. २०४९/९/२३, जि.प्र.का. सुनसरी)

शाखा कार्यालयः बनेपा, काभ्रे

४. ऋणीको नाम र ठेगाना

श्री जगन्नाथ चौलागाई को नाती, श्री खिचर प्रसाद चौलागाई /श्रीमती सारदा अधिकारी को छोरा, श्रीमती लक्ष्मी कार्की चौलागाई को पति, बागमती प्रदेश, काभ्रे जिल्ला रविओपी गा.वि वडा नं. १ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, धुलिखेल न.पा वडा नं. २ बस्ने श्री **इश्वर चौलागाई** (ना.प्र.प.नं. १२८३१७, जारी मिति २०६१/०२/३२, प्रतिलिपि मिति २०७२/०३/०४, जि.प्र.का. काभ्रे)

जमानीकर्ताको नाम र ठेगाना

श्री निर बहादुर कार्की/श्रीमती विष्णु माया कार्की की छोरी, श्री खिचर प्रसाद चौलागाई/श्रीमती सारदा अधिकारी की बुहारी, श्री इश्वर चौलागाईकी पत्नी, बागमती प्रदेश, काभ्रे जिल्ला धुलिखेल न.पा वडा नं. २ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, धुलिखेल न.पा.वडा नं. २ बस्ने श्रीमती **लक्ष्मी कार्की** चौलागाई (ना.प्र.प.नं. २७१०६०/१७०६, जारी मिति २०६५/०२/०२, प्रतिलिपि मिति २०७४/१२/०८, जि.प्र.का. काभ्रे)

५. ऋणीहरुको नाम र ठेगाना

१) श्री विचार सिं/श्रीमती फुलमाया को नाती, श्री बिर बहादुर तामाङ्ग/श्रीमती माईली तामाङ्ग को छोरा, श्रीमती धनमाया तामाङ को पति, बागमती प्रदेश, काभ्रे जिल्ला धुलिखेल गा.वि वडा नं. १ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, धुलिखेल न.पा वडा नं. १ बस्ने श्री **रमेश तामाङ** (ना.प्र.प.नं. ९११७२, जारी मिति २०५७/०२/२६, जि.प्र.का. काभ्रे)

२) श्री विचार सिं/श्रीमती फुलमाया को नाती, श्री बिर बहादुर तामाङ्ग/श्रीमती माईली तामाङ्ग को छोरा, बागमती प्रदेश, काभ्रे जिल्ला धुलिखेल गा.वि वडा नं. १ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, धुलिखेल न.पा वडा नं. १ बस्ने श्री **दिपक तामाङ्ग लामा** (ना.प्र.प.नं. ३००१-०६८-२७४७५, जारी मिति २०६८/०९/२१, जि.प्र.का. काभ्रे)

जमानीकर्ताहरुको नाम र ठेगाना

१) श्री इन्द्र बहादुर/श्रीमती विवि माया की छोरी, श्री विचार सिं/ श्रीमती फुलमाया की बुहारी, श्री बिर बहादुर तामाङ्ग की पत्नी, बागमती प्रदेश, काभ्रे जिल्ला धुलिखेल न.पा वडा नं. १ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, धुलिखेल न.पा.वडा नं. १ बस्ने श्रीमती **माईली तामाङ्ग** (ना.प्र.नं. १३३/१९२९, जारी मिति बि.सं. २०४४/१०/२१, जि.प्र.का. काभ्रे)

२) श्री जिल्लाप तामाङको छोरी, श्री बिर बहादुर तामाङ्ग/ श्रीमती माइली तामाङ की बुहारी, श्री रमेश तामाङ की पत्नी, बागमती प्रदेश, काभ्रे जिल्ला धुलिखेल न.पा वडा नं. १ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, धुलिखेल न.पा.वडा नं. १ बस्ने श्रीमती **धनमाया तामाङ्ग** (ना.प्र.नं. १५२०४७, जारी मिति बि.सं. २०६३/०४/०८, जि.प्र.का. काभ्रे)

शाखा कार्यालयः ईटहरी, सुनसरी

६. ऋणीको नाम र ठेगाना

श्री खेम चन्द्र घिमिरे/श्रीमती नेत्र कुमारी घिमिरेकी बुहारी, श्री डिल्लीराम पौडेल/श्रीमती गीता पौडेलकी छोरी, श्री टिका प्रसाद घिमिरेकी पत्नी, इलाम जिल्ला, जीतपुर गा.बि.स वडा नं.०६ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा वडा नं.०२ बस्ने श्रीमती **कजन पौडेल** (ना.प्र.नं. ३०८२/१२०४, जारी मिति बि.सं. २०६१/०३/२०, जि.प्र.का. इलाम)

जमानीकर्ताको नाम र ठेगाना

श्री त्रिलोचन घिमिरे/श्रीमती गीता देवी घिमिरेको नाती, श्री खेम चन्द्र घिमिरे/श्रीमती नेत्र कुमारी घिमिरेको छोरा, श्रीमती कजन पौडेलको पति, मोरङ्ग जिल्ला, मृगौलीया गा.बि.स वडा नं.०३ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा वडा नं.०२ बस्ने श्री **टिका प्रसाद घिमिरे** (ना.प्र.नं. ७३४३७, जारी मिति बि.सं. २०६०/०१/०९, जि.प्र.का. मोरङ्ग।

शाखा कार्यालय : देविघाट, नुवाकोट

७. ऋणीको नाम र ठेगाना

मान बहादुर पुडासैनीको नाति, डम्बर बहादुर पुडासैनीको छोरा नुवाकोट जिल्ला जिलिङ्ग गा.वि.स -०२ स्थाई ठेगाना भई हाल नुवाकोट जिल्ला बेलकोटगढी न.पा.-०८ बस्ने **लक्ष्मण पुडासैनी** (ना.प्र.नं. ३६४०६/५५१, जारी मिति २०५०/११/१७, जि.प्र.का नुवाकोट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. डम्बर बहादुर पुडासैनीकी बुहारी, लक्ष्मण पुडासैनीकी पत्नी, नुवाकोट जिल्ला जिलिङ्ग -०२ स्थाई ठेगाना भई हाल नुवाकोट जिल्ला बेलकोटगढी न.पा.-०८ बस्ने **अन्जना पुडासैनी** (ना.प्र.नं. ८८९३८-११९०, जारी मिति २०६०/०८/२४, प्रतिलिपि मिति २०७२/१०/०६, जि.प्र.का नुवाकोट)

२. डम्बर बहादुर पुडासैनीको नाति, लक्ष्मण पुडासैनीको छोरा नुवाकोट जिल्ला बेलकोटगढी -०८ स्थाई ठेगाना भई हाल नुवाकोट जिल्ला बेलकोटगढी न.पा.-०८ बस्ने **लनीश पुडासैनी** (ना.प्र.नं. २५-०१-७८-०१६०३, जारी मिति २०७८/०५/१३, जि.प्र.का नुवाकोट)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

एनएमबि बैंकले ल्यायो सफ्ट पस भुक्तानी प्रविधि




काठमाडौं/ एनएमबि बैंक लिमिटेड, प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टर र भिजासँग सहकार्य गर्दै एनएमबि सफ्ट पसको प्रयोगलाई विस्तार गर्ने गरी सम्झौतामा हस्ताक्षर गरेको छ।

सफ्ट पस नयाँ प्रविधि हो। यसले व्यवसायीलाई कुनै भौतिक मेसिनविना नै आफ्नो एनएफसी इनेबल्ड एन्ड्रोइड स्मार्ट फोनको माध्यमबाट डिजिटल कार्डमार्फत भुक्तानी स्वीकार गर्ने अनुमति दिन्छ। पाटा नेपाल च्याप्टरले मुख्यः होटेल, ट्राभल एजेन्सी, एयरलाइन्सलगायत पर्यटन क्षेत्रका सरोकारवालालाई प्रतिनिधित्व गर्दै आएको छ।

एनएमबि सफ्ट पसको प्रयोगमार्फत पाटाका सदस्यले आफ्नो भुक्तानी प्रक्रियालाई अझ सुविधाजनक, सुरक्षित र छिटो बनाउन सक्ने बैंकले जनाएको छ। यसले गर्दा पर्यटक र ग्राहकलाई सजिलै भुक्तानी गर्न मद्दत पुग्ने बैंकको विश्वास छ। यो संयुक्त प्रयासले नेपालको पर्यटन उद्योगलाई डिजिटल रूपमा अझ उन्नत बनाउने विश्वास व्यक्त गरिएको छ। बैंकका दुई सय दुई शाखा, एक सय ८४ एटिएम र नौ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन्।

नेक्सजेनको आइपिओ बिक्री प्रबन्धकमा लक्ष्मी सनूराइज क्यापिटल



काठमाडौं/ लक्ष्मी सनराइज क्यापिटल लिमिटेड नेक्सजेन म्यानेजमेन्ट एन्ड इक्विटी सोलुसन्सको साधारण सेयर (आइपिओ) निष्कासक अर्थात् बिक्री प्रबन्धक नियुक्त भएको छ। नेक्सजेनले १५ करोड रुपैयाँबराबरको प्रतिसेयर एक सय रुपैयाँ अंकित दरमा १५ लाख कित्ता सर्वसाधारणका लागि निष्कासन गर्नेछ। सोही कार्यमा आवश्यक सहयोग गर्न लक्ष्मी सनूराइज क्यापिटललाई जिम्मेवारी दिइएको छ।

नियुक्तिसम्बन्धी सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र आइपिओ निष्कासक नेक्सजेनका प्रबन्ध सञ्चालक रमेशकुमार भट्टराईबिच द्विपक्षीय सम्झौता भएको छ। नेक्सजेनको हाल अधिकृत पुँजी १०० करोड तथा जारी पुँजी ५० करोड रहेको छ।

क्रेस्ट माइक्रोलाइफले गऱ्यो अभिकर्तालाई सम्मान



काठमाडौं/ क्रेस्ट माइक्रोलाइफले उत्कृष्ट अभिकर्तालाई सम्मान गरेको छ। कम्पनीले हेटौंडामा गरेको कार्यक्रममा त्यस क्षेत्रका उत्कृष्ट अभिकर्तालाई सम्मान गरेको हो। त्यसैगरी, अभिकर्ता अभिमुखीकरणसमेत सञ्चालन गरिएको कम्पनीको भनाइ छ। कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत अभिजित केसी र बजार प्रमुख दिनेश खड्काको उपस्थिति थियो।

सो अवसरमा अभिकर्ताले व्यक्तिगत संवाद र अनुभव साझा गर्दै कार्यक्रमले ऊर्जा र उत्साह थप्ने धारणा राखेका थिए। साथै, सम्मानित अभिकर्ताले कम्पनीको भावी योजना र लक्ष्यमा योगदान दिने बताए।

लघु बिमाको बजारीकरणमा अभिकर्ताको भूमिकाबारे केसीले आफ्नो धारणा व्यक्त गरेका थिए। बजार प्रमुख खड्काले लघु बिमाको सम्भाव्य बजार र अभिकर्ताले बनाउनुपर्ने योजनाबारे जानकारी दिएका थिए।

वार्षिकोत्सवमा विन नेपाल लघुवित्तको शैक्षिक सामग्री सहयोग



काठमाडौं/ विन नेपाल लघुवित्त १२औं वर्षमा प्रवेश गरेको छ। यही अवसरमा लघुवित्तले विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ। संस्थाले पोर्टेज तथा पुनर्स्थापना संस्था नेपालद्वारा सञ्चालित पोर्टेज समाहित तथा विशेष विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको जनाएको छ। संस्थाका अध्यक्ष डा. मदनगोपाल श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत दीपेन्द्र खतिवडालगायतका संस्थाका प्रतिनिधिले विशेष विद्यालयमा पुगेर सो सामग्री वितरण गरेका थिए।

ग्रामीण क्षेत्रमा रहेका, न्यून आय भएका तथा अल्पसंख्यक नागरिकमा उच्चस्तरको सेवा प्रदान गर्दै आएको संस्थाले बागमती प्रदेशका आठवटा जिल्लामा २१ शाखा सञ्चालन गर्दै आएको छ। काभ्रेको साँगामा केन्द्रीय कार्यालय रहेको संस्थाको आठ करोड ४३ लाख ४० हजार पाँच सय ५० रुपैयाँ सेयर पुँजी रहेको तथ्यांक उक्त संस्थाको पछिल्लो त्रैमासिक प्रतिवेदनमा उल्लेख छ।

किसानले...

पृष्ठ १ बाट क्रमशः

कालोबजारी गरे ? यो प्रश्नको जवाफ खोज्न हामी कालीमाटी तरकारी होलसेल बजार र उपत्यकाका खुद्रा पसलमा मात्रै होइन, काठमाडौंमा धेरै तरकारी पठाउने काभ्रेका नाला, टुकुचा र पाँचखालदेखि मकवानपुरको पालुङका किसानको बारीसम्मै पुग्यौं । काठमाडौंका उपभोक्ताको भान्सामा पुग्दा तरकारीको भाउ किसानले बेच्दाभन्दा आठ गुणा (७००%) सम्म महँगो भएको भेटियो ।

काभ्रेको बनेपा नगरपालिका- १, टुकुचास्थित तरकारी संकलन केन्द्रमा बुधबार बिहान ८ः३० बजे पुग्दा सञ्चालक रामेश्वर श्रेष्ठ किसानसँग खरिद गरेको स्कुस मिलाउँदै थिए । उनले स्थानीय किसानसँग प्रतिकेजी पाँच रुपैयाँको दरले खरिद गरेको सुनाए । तर, बुधबार कालीमाटी होलसेल बजारमा यही स्कुस किसानले बेचेभन्दा पाँच गुणा बढी अर्थात् २६ रुपैयाँमा कारोबार भएको थियो । बुधबारै कालीमाटीबाट खुद्रा पसलमा पुगेपछि उपभोक्ताले प्रतिकेजी ४० रुपैयाँमा खरिद गरेका थिए । यसरी किसानले बेचेको भाउ र उपभोक्ताले किनेको भाउको अन्तर आठ गुणा अर्थात् ७०० प्रतिशतले बढी छ । यो चरम कालोबजारी हो ।

हरियो फर्सीको किसान र उपभोक्ता भाउमा पनि फराकिलो अन्तर छ । टुकुचाकै संकलन केन्द्रमा श्रेष्ठले किसानसँग प्रतिकेजी २० रुपैयाँका दरले हरियो फर्सी किनिरहेका थिए । तर, काभ्रेको टुकुचाबाट कालीमाटी होलसेल बजार हुँदै काठमाडौंको टुकुचा बजारसम्म आइपुग्दा त्यही फर्सीको मूल्य ४०० प्रतिशत महँगिएको छ । अर्थात् उपभोक्ताले प्रतिकेजी १०० रुपैयाँमा किन्नुपरेको छ ।

त्यस्तै, बनेपा- ४, नाला बजारस्थित तरकारी संकलन केन्द्रका सञ्चालक कुमार श्रेष्ठले किसानसँग लौका प्रतिकेजी २० रुपैयाँको दरले खरिद गरेको बताए । तर, बुधबारै त्यही लौकाको मूल्य कालीमाटी होलसेल बजारको दररेट बुझ्दा ६० रुपैयाँ थियो भने उपत्यकाका खुद्रा बजारमा १२० रुपैयाँमा कारोबार भएको पाइयो । किसानले बेचेको मूल्यभन्दा उपभोक्ताले तिरेको मूल्य ५०० प्रतिशतले धेरै हो ।

मुला पनि किसानले पाएको भाउभन्दा ४०० प्रतिशतले महँगिएर उपभोक्ताको भान्सामा पुगिरहेको छ । बारीभरि मुला रोपेका बनेपा- ४, पुलबजारका सुनील श्रेष्ठलाई अरूका मुलाले भाउ नपाएको देख्दा अहिल्यैदेखि सताउन थालेको छ । स्थानीय संकलन केन्द्रमा अहिले प्रतिकेजी १५ रुपैयाँका दरले खरिद-बिक्री भइरहेको उनले बताए । तर, बुधबार साँझ काठमाडौंको टुकुचा तरकारी बजारमा मुला प्रतिकेजी ८० रुपैयाँमा किनबेच भइरहेको थियो । मुलामा किसानले पाएको भाउभन्दा उपभोक्ता मूल्य पाँच गुणाभन्दा धेरै हो ।

मकवानपुर पालुङका किसानले बुधबार बिहान स्थानीय संकलन केन्द्रका व्यापारीलाई प्रतिकेजी २५ रुपैयाँका दरले काउली बेचिरहेका थिए । कालीमाटीमा त्यही काउलीको होलसेल मूल्य ६० रुपैयाँ थियो भने खुद्रा बजारमा १२० रुपैयाँका दरले किनबेच चलिरहेको थियो । किसानले बेचेको र उपभोक्ताले किनेको मूल्यमा झन्डै पाँच गुणा अन्तर छ ।

काठमाडौंका उपभोक्ताले मूल्यवृद्धिको मार खेप्दा किसान भने मूल्य नपाएकोमा दुःख पोख्छन् । बिचौलियाको हातमा धेरै पैसा गएकोमा उनीहरूलाई चिन्ता छ । 'हामीले १६०/१७० रुपैयाँ केजीमा बेचेको अकबरे खुर्सानी बजारमा ३००/४०० रुपैयाँ केजीमा बिक्री हुन्छ,' थाहा नगरपालिका- ३, बाहुनगाउँका किसान पुष्पराज बर्तौला भन्छन्, 'काउली, धनियाँ, भेडे खुर्सानी, बन्दा, स्कुस जुनसुकै तरकारीको मूल्य पनि उपभोक्तासम्म पुग्दा कम्तीमा तेब्बरले बढ्छ । तर, हामीले उचित मूल्य कहिल्यै पाउँदैनौं । नाफाको ठुलो हिस्सा बिचौलियाले लिन्छ । हाम्रो उत्पादनको मूल्य निर्धारण गर्ने अधिकार बिचौलिया र व्यापारीलाई भएसम्म समस्या यस्तै हो । पीडा कसलाई भन्ने, कतिपटक भन्ने ? अब त बोलेर पनि के हुन्छ र भन्ने लागिसक्यो ।' उनले १८ रोपनी जग्गामा तरकारी खेती गरेका छन् ।

थाहा- ३ कै किसान निशा केसी पनि बिचौलियाका कारण उपभोक्ताले तिरेको मूल्यअनुसार आफूहरूले नपाएको गुनासो गर्छिन् । 'हामीले उत्पादन गरेको तरकारीलाई उपभोक्ताले तिरेको मूल्यसँग तुलना गर्दा हाम्रो हातमा त कति नै पर्छ र ! बजार मूल्यअनुसार नगन्य हो,' उनले भनिन्, 'बिचौलिया र व्यापारीका कारण किसान र उपभोक्ता दुवैलाई मार परेको छ । यसमा सरकारले ध्यान दिन आवश्यक छ ।' उनले आठ रोपनीमा पाँच वर्षदेखि तरकारी खेती गर्दै आएकी छिन् । उनको बारीमा अहिले धनियाँ, भेडे खुर्सानी, बन्दा, काउलीलगायत छ । केही राम्रो भाउ पाइने भएकाले उनी सकेसम्म सहकारीमार्फत तरकारी बिक्री गर्छिन् ।

काभ्रेका किसानले त कालीमाटीसम्मको ढुवानी खर्चसमेत व्यहोरेर तरकारी बेच्नुपरेको गुनासो गरेका छन् । बनेपा- ४, पुलबजारका सुनील श्रेष्ठ २५ केजी तरकारीको १०० रुपैयाँका दरले ढुवानी भाडा भुक्तानी गर्ने गरेको बताए । 'काठमाडौंसम्मको ढुवानी खर्च पनि आफैंले दिनुपर्छ, उक्त रकम हामीले पाउने भाउमै गाडीलाई दिने गरेका छौं । त्यसैले व्यापारीले दिएको भाउबाट गाडीभाडा घटाउँदा हातमा अझै कम पर्छ ।'

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका पदाधिकारीदेखि व्यापारीसम्मले भने मागको तुलनामा आपूर्ति कम भएकाले मूल्य महँगिएको दाबी गरेका छन् । 'मागको तुलनामा आपूर्ति कम हुँदा पनि मूल्य वृद्धिलाई टेवा पुगेको देखिन्छ,' समितिका निमित्त निर्देशक तथा सूचना अधिकारी विनय श्रेष्ठले भने, 'असोज र कात्तिकको वर्षाले खेतमा लगाएको तरकारीमा क्षति भयो, नयाँ तरकारी लगाउन पनि ढिलाइ भयो । त्यसैले सिजनमै हिउँदे तरकारी पनि मागअनुसार आपूर्ति भइरहेको छैन ।'

श्रेष्ठले भनेजस्तै मागभन्दा उत्पादन वा आपूर्ति कम हुँदा मूल्य बढ्नु अर्थशास्त्रको सामान्य नियम नै हो । तर, यो नियम उत्पादक (किसान)सम्म लागू भएको छैन, केवल बिचौलियामा मात्रै लागू भएको छ । किसान र उपभोक्ता मारमा पर्दा बिचौलियाले ठुलो कमिसन निकालेको तथ्यांकले स्पष्टै देखाउँछ ।

समितिका अनुसार कालीमाटी तरकारी बजारमा सामान्य अवस्थामा १० लाख केजीसम्म तरकारीको माग छ । तर, अहिले ६ देखि सात लाख केजीसम्म मात्रै आइरहेको छ । मंगलबार आठ लाख ४६ हजार केजी, सोमबार सात लाख २१ हजार केजी र आइतबार ६ लाख ४६ हजार केजी तरकारी कालीमाटीमा भित्रिएको तथ्यांक छ ।



कालीमाटीका थोक व्यवसायी तथा नेपाल कृषि उपज आलु-प्याज आयात-निर्यात तथा थोक बिक्रेता संघका महासचिव प्रकाश गजुरेलले पनि आपूर्ति कम भएकाले मूल्यमा असर परेको बताए । 'असोजको वर्षाले तरकारी उत्पादनमा असर गर्‍यो । त्यसैले मागअनुसार आपूर्ति हुन सकेको छैन । विवाह, व्रतबन्धजस्ता सिजनका कारण पनि बढेको माग धान्ने गरी आपूर्ति नहुँदा मूल्य बढेको हो । अब बिस्तारै ओरालो लाग्छ ।'

तर, उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना आपूर्ति कम भएको बहाना बनाएर हरियो तरकारीमा कालोबजारी चलिरहेको बताउँछन् । 'उत्पादन वा आपूर्तिले माग नधानेको हो भने किसानले पनि तरकारीको गतिलो भाउ पाउनुपर्ने हो । तर, किसान मूल्य नपाएर मर्कामा छन्, उपभोक्ता अत्यधिक मूल्य तिर्नुपर्दा मारमा छन् । बिचौलियाले कालोबजारी गरिरहेका छन्,' उनले भने, 'अहिले सरकारी तवरबाट मूल्य नियन्त्रणको कुनै प्रयास भएको देखिँदैन । सरकारी अनुगमन प्रणाली कमजोर भएकाले बिचौलियाको मनपरी चलेको छ ।'

बजार अनुगमनका लागि जिम्मेवारीप्राप्त प्रमुख सरकारी संयन्त्र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग नै बजार मूल्यमा मनपरी चल्दा पनि निष्क्रियजस्तै छ । केपी ओली नेतृत्वको निवर्तमान सरकारले अध्यादेशमार्फत कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०२३ मा भएको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने व्यवस्था नै हटाइदिएपछि विभागले मूल्य नियन्त्रणमा कुनै कदम चाल्न सकेको छैन । किनभने कार्यान्वयनमा रहेको उपभोक्ता संरक्षण ऐन, २०७५ मा सबै वस्तुको मूल्य व्यापारीले तोकेअनुसार हुने व्यवस्था छ ।

विभागका निर्देशक भरत आचार्य मूल्य नियन्त्रणका लागि अनुगमन गर्ने कुनै प्रावधान नै नभएको निरीह जवाफ दिन्छन् । 'तरकारीलगायत कुनै पनि बस्तु तथा सेवाको मूल्य बढी वा घटी के भयो भनेर अहिले अनुगमन गर्ने कानूनी प्रबन्ध नै छैन । तरकारीको मूल्य अस्वभाविक रूपमा बढिरहेको छ । म आफैं पनि महँगोमा तरकारी किन्न बाध्य छु,' उनले भने, 'हामीले अधिकतम खुद्रा मूल्य कार्यान्वयन भए/नभएको र तोकिएअनुसारको गुणस्तरीय वस्तुको आपूर्ति भए/नभएको मात्रै अनुगमन गरिरहेका छौं ।'

एक वर्षमा ५५ प्रतिशतसम्म बढ्यो, सबैभन्दा महँगियो भेडे खुर्सानी

हरियो तरकारीको भाउ एक वर्षमा ५५ प्रतिशतसम्म वृद्धि भएको छ । यो कालीमाटी होलसेल बजारको अघिल्लो वर्ष र यसपालि एउटै दिन १० मंसिरको भाउलाई आधार मारेर निकालिएको हिसाब हो । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकअनुसार अघिल्लो वर्षको तुलनामा यसपालि भेडे खुर्सानीको भाउ ५५.८८ प्रतिशतले बढी छ । त्यस्तै, गोलभेँडा ४२ प्रतिशतसम्म र हरियो साग ४० प्रतिशतसम्मले बढेको छ । हरियो खुर्सानी ३५ प्रतिशतसम्मले बढ्दा घिरौंला २९.१७ प्रतिशत, डल्ले च्याउ २७.६३ प्रतिशत, हरियो धनियाँ २४.४४ र बोडी २२.८६ प्रतिशतले महँगो भएको छ । आलु र प्याजको मूल्य भने गत वर्षभन्दा घटेको कालीमाटी बजारको विवरणमा देखिन्छ । आलु ७५ प्रतिशतसम्म र प्याज शतप्रतिशत नै घटेको छ ।

रेलमार्ग प्रभावितको जग्गा अझै भएन फुकुवा

काँकडभिट्टा-इनरुवा रेलमार्ग निर्माणबाट पछि हट्यो सरकार, तर नागरिकलाई सास्ती उस्तै

झापामा **चिरञ्जीवी घिमिरे**

सरकारले गत १५ जेठमा बजेट भाषणमार्फत पूर्व-पश्चिम रेलमार्गअन्तर्गत काँकडभिट्टा-इनरुवा खण्डका लागि रोक्का राखेको नागरिकको जग्गा फुकुवा गर्ने उद्घोष गर्‍यो । १०६ किलोमिटरमा पर्ने रेलमार्गका लागि झापा, मोरङ र सुनसरीका नागरिकको जग्गा साढे पाँच वर्षदेखि रोक्का राखिएको छ ।

तर, रेलमार्गका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा दिन नसक्ने भएपछि चालू आर्थिक वर्षको बजेट भाषणमै जग्गा फुकुवा गर्ने सरकारको उद्घोष थियो । साढे पाँच वर्षसम्म जग्गा रोक्का रहँदा नागरिकले न राज्यबाट क्षतिपूर्ति पाए, न मुआब्जा नै । रोक्का गरेको जग्गामा रेलमार्ग बनाउने योजनाबाट पछि हटेको सरकारले जग्गा फुकुवा गर्ने भनेको ६ महिनासम्म पनि निर्णय कार्यान्वयन गरेको छैन । चालू आर्थिक वर्षको साउनबाट बजेटमा आएका कार्यक्रम लागू हुने गर्छ । तर, रेलमार्ग प्रभावितको जग्गा अहिलेसम्म फुकुवा हुन सकेको छैन ।

सरकारले जग्गा फुकुवा नगरिदिँदा रेलमार्ग प्रभावितको समस्या जस्ताको तस्तै छ । सरकारले नागरिकको सम्पत्ति रोक्का गर्दा प्रभावितलाई घर व्यवहार चलाउन मुस्किल भएको रेल्वे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेश महासचिव रञ्जित प्रसाईं बताउँछन् । 'सरकारले जसरी एकमुस्ट रूपमा जग्गा रोक्का गरेको थियो, त्यसरी नै सूचना सबैको एकैपटक फुकुवा गर्नुपर्छ । अहिलेसम्म जग्गा फुकुवा भएको छैन । मालपोत र सिडियो कार्यालयमा गएर बुझ्दा माथिबाट निर्देशन नआएको बताउँछन्,' उनले भने, 'सरकारले बजेटमा लेखे पनि कार्यान्वयन नगर्दा रेलमार्ग प्रभावितको अवस्था उस्तै छ । बैंकमा धितो राखेर घर व्यवहार चलाउँछु भन्न सक्ने अवस्था पनि छैन । बेचबिखन गरेर केही गर्छु भन्ने अवस्था पनि रहेन ।' सरकारले चाँडोभन्दा चाँडो रोक्का जग्गा फुकुवा गर्नुपर्ने उनको भनाइ छ ।

सरकारले जग्गा रोक्का राखेदेखि परिवर्तन भएको सरकारका सबै प्रमुखलाई भेट्दा पनि कहिल्यै प्रभावितको कुरा सुनुवाइ नभएको रेल्वे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेशका अध्यक्ष लक्ष्मीप्रसाद मैनाली बताउँछन् । 'जग्गा रोक्का गरेयता पाँच वर्षमा फेरिएका सबै प्रधानमन्त्रीलाई भेटैं । हाम्रो मागमा सबै सकारात्मक हुनुहुन्छ, तर कसैले पनि काम गरेनन् । अहिलेको प्रधानमन्त्रीलाई चाहिँ भेट्न पाएको छैन । जग्गा फुकुवा गर्ने बजेटमा आयो, तर कार्यान्वयन हुन सकेन । जसका कारण हामी प्रभावितको अवस्था ज्युँका त्युँ छ,' उनले भने, 'प्रभावितको जग्गा फुकुवाका लागि मन्त्रिपरिषद्ले तत्काल निर्णय गरेर तीन जिल्लाका मालपोत र नापीमा पठाउनुपर्छ । जसरी जग्गा रोक्का राख्दा राजपत्रमा प्रकाशित गरियो फुकुवा पनि त्यसरी नै हुनुपर्छ ।'

जग्गा फुकुवा गरेर मात्र नहुने मैनाली बताउँछन् । सरकारले पाँच वर्षसम्म जग्गा रोक्का राखेको भन्दै प्रभावितलाई क्षतिपूर्ति दिनुपर्ने उनको माग छ । 'हामी जग्गा फुकुवाको सूचना पर्खिरहेका छौं । सूचनामा कस्तो भाषा आउँछ हेर्छौं । पाँच वर्षसम्म हामीले मानसिक तनाव भोग्नुपरेको छ । कति प्रभावितले यसै कारण आत्महत्यासमेत गरे,' उनले भने, 'सरकारले प्रभावितलाई क्षतिपूर्ति दिनुपर्छ । दिएन भने कानुनी प्रक्रियामा अघि बढ्छौं । चुनाव आउँदै छ । तीन जिल्लाका प्रभावितले यसलाई जोडतोडका साथ उठाउँछन् ।'

रेलमार्गको काँकडभिट्टा-इनरुवा खण्डमा करिब पाँच हजार चार सय कित्ता (दुई हजार दुई सय बिघा) नागरिकको जग्गा रोक्का गरिएको थियो । एक धुर जग्गा रेलमार्गमा पर्नेको पनि पूरै एउटै कित्ताको प्लट रोकिएको थियो । तर, अहिलेसम्म फुकुवा नहुँदा नागरिक समस्यामा छन् ।

जग्गा फुकुवा नभएपछि प्रभावितहरूले रेल विभाग र दमकमा रहेको रेल योजना कार्यालयमा समेत गुनासो गरिरहेको रेल विभागका प्रवक्ता कमलकुमार साह बताउँछन् । बजेट भाषणमा काँकडभिट्टा-इनरुवा खण्डका लागि रोक्का राखेको व्यक्तिको जग्गा फुकुवा उल्लेख भए पनि कार्यान्वयन हुन नसकेको उनी बताउँछन् । मन्त्रिपरिषद्बाट निर्णय नभएसम्म बजेट भाषणमा आएर मात्र कार्यान्वयन नहुने प्रवक्ता साहको भनाइ छ ।

'बजेट वक्तव्यमा भए पनि कार्यान्वयन गर्नका लागि मन्त्रिपरिषद्को निर्णय चाहिन्छ । जग्गा रोक्का पनि मन्त्रिपरिषद्बाट भएका कारण फुकुवाको निर्णय पनि त्यहीँबाट हुनुपर्छ । मैले मन्त्रालयमा कुरा गरिरहेको छु । तर, मन्त्रालयले मन्त्रिपरिषद्बाट निर्णय नभएका कारण फुकुवा हुन सकेको छैन,' उनले भने ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गारिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी कम्पनी : महादेव एग्रिकल्चर एण्ड प्रोडक्सन कम्पनी प्रा.लि., संचालक तथा जमानीकर्ता : १) ईन्द्रदेव यादव, २) रामचन्द्र यादव** दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०५५८८/०७५/०७६, दर्ता मिति २०७५/०९/१६, ठेगाना: जिल्ला सिराहा, धनगढीमाई न.पा. वडा नं. ८
	धितोको विवरण
	१) राज लाल यादवको नाती, चन्देश्वर यादवको छोरा, सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८ बस्ने ईन्द्रदेव यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ९ स्थित किता नं. १५३० र १५४० को क्षेत्रफल क्रमशः ०-०-८-० र ०-०-१-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भुलिया यादवकी छोरी, राज लाल यादवकी बुहारी, चन्देश्वर यादवकी पत्नी, सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८ बस्ने राज कुमारी यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं.९ स्थित किता नं. ५२८ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) भुलिया यादवकी छोरी, राज लाल यादवकी बुहारी, चन्देश्वर यादवकी पत्नी, सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ८ बस्ने राज कुमारी देवी यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८क स्थित किता नं. २७७ को क्षेत्रफल ०-३-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) महादेव एग्रिकल्चर एण्ड प्रोडक्सन कम्पनी प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी : ईन्द्रदेव यादव स्थायी ठेगाना : सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना : सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ८, बाबु : चन्देश्वर यादव, बाजे : राज लाल यादव
	धितोको विवरण
	१) भुलिया यादवकी छोरी, राज लाल यादवकी बुहारी, चन्देश्वर यादवकी पत्नी, सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८ बस्ने राज कुमारी यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं.९ स्थित किता नं. ५२८ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) भुलिया यादवकी छोरी, राज लाल यादवकी बुहारी, चन्देश्वर यादवकी पत्नी, सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ८ बस्ने राज कुमारी देवी यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ८क स्थित किता नं. २७७ को क्षेत्रफल ०-३-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२)	**ऋणी कम्पनी : आर्यन एण्ड सावन एग्रो फार्म प्रा.लि., संचालक तथा जमानीकर्ता : निराजन राय यादव** दर्ता नं.: रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७०७२८/०७८/०७९, दर्ता मिति २०७८/०५/२१, ठेगाना : जिल्ला रौतहट, बृन्दावन न.पा. वडा नं. ८
	धितोको विवरण
	१) राम नारायण राय यादवको छोरी, बद्री रायकी बुहारी, रामाज्ञा रायकी पत्नी, रौतहट जिल्ला, गम्हरीया बिर्ता गा.वि.स. वडा. नं. ७ बस्ने कान्ती देवी यादवको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गम्हरीया बिर्ता गा.वि.स. वडा. नं. ८ (हाल: बृन्दावन न.पा. वडा नं. ८) स्थित किता नं. ३८०, ६१७, २२८, ६२४, ६२३ र ५०० को क्षेत्रफल क्रमशः ०-१-९, ०-१-७, ०-३-१५, ०-५-०, ०-४-५ र ०-७-६ (विगाहा) को जग्गा र रौतहट जिल्ला, गम्हरीया बिर्ता गा.वि.स. वडा. नं. ९ (हाल: बृन्दावन न.पा. वडा नं. ८) स्थित किता नं. १५११ को क्षेत्रफल ०-३-८ (विगाहा) को जग्गा रसो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) आर्यन एण्ड सावन एग्रो फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**१) ऋणी फर्म : निधी ट्रेडर्स एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : बलिराम प्रसाद चौरसिया** दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३८२३०/०७५/७६,, दर्ता मिति २०७६/०१/११, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. १६
	२) ऋणी : बलिराम प्रसाद चौरसिया स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगन्ज उ.म.न.पा. वडा नं. १९, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १६, बाबु : लाल बिहारी राउत बरई, बाजे : सत्यनारायण राउत बरै
	धितोको विवरण
	१) सत्यनारायण राउत बरैको नाती, लाल बिहारी राउत बरईको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १९ बस्ने बलिराम प्रसाद चौरसियाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, नगवा गा.वि.स. वडा नं. ३ख (हाल वीरगंज म.न.पा. वडा नं. १६) स्थित किता नं. २४८ को क्षेत्रफल ०-०-११-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) निधी ट्रेडर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गारिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबै लाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गारिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गारिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गारि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गारि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गारि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गारि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गारिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सहमति...

पृष्ठ १ बाट क्रमशः

तरिकाले अघि बढौं भन्ने हाम्रो भनाइ हो,' सिवाकोटीले भने । पुस पहिलो सातासम्म वडा अधिवेशनको कार्यतालिका ल्याउने र त्यसअघि सदस्यताको विवाद समाधान गर्दै पुस अन्तिम सातामा महाधिवेशन गर्ने विश्वसनीय प्रतिबद्धता संस्थापन पक्षबाट आएमा विवाद समाधान हुने इतर पक्षको विश्वास छ ।

विशेष महाधिवेशनका लागि दर्ता भएको प्रस्ताव फिर्ता हुनुपर्ने सर्तका अलावा संस्थापन पक्षले सदस्यता व्यवस्थापन समितिमा संस्थापन पक्षका सदस्य थप्नुपर्ने, पार्टी सदस्यता छानबिन समितिमा संयोजक र बहुमत संख्या संस्थापनको हुनुपर्ने तथा निर्वाचन समितिमा संस्थापन पक्षको बहुमत हुने गरी मनोनीत गर्न तयार हुनुपर्ने सर्त राखेको असन्तुष्ट नेताहरूको भनाइ छ । पार्टीका पूर्वपदाधिकारीहरू कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, प्रकाशमान सिंह तथा नेताहरू बालकृष्ण खाण, एनपी साउद, ज्ञानेन्द्र कार्कीलगायतले चुनावअघि महाधिवेशन नगर्न नेतृत्वमाथि दबाब बढाएको इतर पक्षको आरोप छ ।

संस्थापन पक्षनिकट केन्द्रीय सदस्य उदयशमशेर राणाले विशेष महाधिवेशनबाट पार्टीमा वैमनस्य उत्पन्न हुने तर्क गर्दै चुनावअघि नियमित अधिवेशन गर्नुपर्ने बताए । 'अहिले विभाजित मानसिकतालाई बढावा दिने कार्य गर्नुहुँदैन,' राणाले भने । उनले मंगलबार सभापति देउवासँग भेटेका थिए । उनीसहितका केन्द्रीय सदस्यले विशेष सभा हुनुअघि बुधबार विशेष महाधिवेशन अभियानका अभियन्ता गुरुराज घिमिरे, बलदेव तिमल्सिनालगायत नेतासँग भेटेर आक्रामक नबनिदिन अनुरोध गरेका थिए ।

देउवा पनि छलफलमा

महाधिवेशनको मिति विवाद मिलाउन सभापति देउवा केही दिनयता नेताहरूसँग छलफलमा सक्रिय छन् । निर्वाचन आयोगमा दल दर्ताका लागि हस्ताक्षर गरेपछि उनीबारे इतर पक्षले प्रश्न उठाएको छ ।

देउवाले बुधबार पार्टी नेता डा.शेखर कोइराला तथा संस्थापन पक्षका केही केन्द्रीय सदस्यसँग निवासमा भेट गरेका छन् । देउवाले पूर्वपदाधिकारी कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधिलगायतसँग पनि छलफल गरेका छन् । सबै छलफलमा देउवाले चुनावअघि पार्टी र कार्यकर्ता विभाजित मनस्थितिमा हुन नहुने बताएका छन् ।

'सभापतिज्यूले अभिभावकका रूपमा विवाद समाधानका लागि समन्वय गर्नुभएको मैले पाएँ, उहाँ पार्टी पंक्तिलाई एकताबद्ध बनाउनुपर्छ भन्नेमा दृढ हुनुहुन्छ,' उनीसँग भेटेका नेता राणाले नयाँ पत्रिकासँग भने, 'सभापति पार्टीमा सक्रिय भूमिकामा आउनुभएको होइन, उहाँले अभिभावकीय भूमिका निर्वाह गर्नुभएको हो ।'

स्रोतका अनुसार कार्यवाहक सभापति खड्काले महाधिवेशनको विवाद मिलाउन नसकेपछि देउवा आफैंले मिलाउन खोजेका छन् । तर, छलफलमा उनले कार्यवाहक सभापति र लेखकलाई अघि सारेका छन् ।

कार्यवाहक सभापति खड्काले पार्टी विभाजित हुने प्रस्ताव आफूले अघि नबढाउने अडान राखेका छन् । 'पार्टी विभाज हुने गरी जानुहुँदैन, मध्यमार्गी निकासको विकल्पमा छलफल गरेर निकास निकाल्न म तयार छु,' खड्कालाई उद्धृत गर्दै उनीनिकट केन्द्रीय सदस्य रामहरि खतिवडाले नयाँ पत्रिकासँग भने ।

खतिवडाले अहिलेको विवाद समाधानको उपायका रूपमा कार्यवाहक सभापति खड्का, महामन्त्री थापा र नेता डा. शेखर कोइरालामध्ये एकजनालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर चुनावको तयारीमा जानुपर्ने सुझाव दिए । 'कार्यवाहक सभापतिलाई कमजोर पार्ने काम गर्नुहुँदैन, उहाँले सहमतिका लागि बैठक लम्ब्याउनुभएको यथार्थलाई आत्मसात् गरौं,' उनले भने ।



विराटनगरको अपराजित यात्रामा चितवनले लगायो ब्रेक

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत बुधबार चितवन राइनोजले विराटनगर किंग्सलाई ४८ रनले हराएको छ। लगातार तेस्रो खेलमा जित निकालेको विराटनगरलाई चितवनले उत्कृष्ट ब्याटिङ र बलिङ गर्दै रोकेको हो। चितवनका ईम्लिस ब्याट्समयान रवि बोपाराले लगातार तेस्रो खेलमा अर्धशतक तथा बलिङमा रञ्जित कुमारले पाँच विकेट लिएपछि विराटनगर आफ्नो चौथो खेलमा पराजित भयो। हारसँगै विराटनगर ६ अंकका साथ दोस्रो स्थानमा छ। तीन खेलमा दुई जित र एक हार सामना गरेको चितवन ४ अंकका साथ चौथो स्थानमा उक्लेको छ।

विराटनगर पहिलोपटक ब्याटिङ र बलिङमा चुक्यो। चितवनले भने तेस्रो खेलमा उत्कृष्ट पुनरागमन गरेको छ। खेलका म्यान अफ दी म्याच रञ्जितले अवसर पाएको खेलमा उत्कृष्ट प्रदर्शन गरी चितवनलाई जित दिलाउने लक्ष्यका साथ आएको बताए। 'घरबाटै आउँदा बलिङ वा फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरी टोलीलाई जित दिलाउने लक्ष्य राखेको थिएँ,' खेलपछि उनले भने, 'बिहानैदेखि मेरो सिक्स सेन्सले यस्तै भनिरहेको थियो आज मेरो दिन हो। यसलाई खेर पठाउन दिनुहुँदैन।'

पहिलो ब्याटिङ गरेको चितवनले २० ओभरमा पाँच विकेट गुमाएर १७४ रन बनाएको थियो। प्रत्युत्तरमा १७५ रनको लक्ष्य पछ्याएको विराटनगर १६.५ ओभरमा सबै विकेट गुमाएर १२६ रनमै समेटियो। फर्ममा रहेको विराटनगरमाथि ४८ रनको जितसँगै चितवनले महत्त्वपूर्ण २ अंक जोड्यो।

बोपाराको क्याच ड्रप विराटनगरका लागि महँगो

चितवनको ब्याटिङमा सबैभन्दा विश्वासिलो ब्याट्समयान बोपारा हुन्। अघिल्लो दुई खेलमा अर्धशतकीय इनिङ्स खेलेका उनले विराटनगरको बलियो बलिङ आक्रमणको डटेर सामना गरे। उनी ४ रन बनाउँदा क्याच आउट हुनबाट बचेका थिए। चितवनको ब्याटिङ इनिङ्सको १०.५ ओभरमा बोपारा बाउन्ड्री लाइनमा प्रतिश जिसीबाट क्याच आउट हुनबाट जोगिएका हुन्। नरेश भट्टको ओभरमा उनले लामो छक्का प्रहार कोसिस गरेका थिए। बोपाराको क्याच ड्रप विराटनगरका लागि महँगो साबित भयो।



बोपाराले ३८ बलमा तीन चौका र चार छक्काको महतमा ६५ रन जोडे। उनी इनिङ्सको १९.४ ओभरमा शुभम रन्जनेको ओभरमा साम हेजलेटबाट क्याच भए। बोपाराले चालू सिजनमा तीन खेल खेल्दा तीनै खेलमा अर्धशतकको सहयोगमा सर्वाधिक १८३ रन बनाएका छन्। एनपिएलको पहिलो संस्करणमा पनि उनले तीन अर्धशतक प्रहार गरेका थिए। खराब सुरुवात गरेको चितवनले मध्यक्रमबाट उत्कृष्ट साथ पायो।

दुवै ओपनर दीपक बोहरा र डाविड मालान ३.४ ओभरमा आउट भएका थिए। देव खनालले २२ बलमा २८ रन जोड्दा चितवन ८.२ ओभरमा ६६-३ को अवस्थामा पुग्यो।

> ब्याटिङमा रवि बोपाराको ६५ रन तथा बलिङमा रञ्जित कुमारले २१ रन खर्चेर पाँच विकेट लिए

युएईका सैफ जैब र बोपाराले चौथो विकेटका लागि महत्त्वपूर्ण ४९ रनको साझेदारी गरी टोलीलाई ११५-४ को स्थितिमा राखे। बोपाराले कप्तान कुशल मल्लसँग पाँचौं विकेटका लागि ५६ रनको साझेदारी गरे। उनीहरूले चितवनलाई १९.४ ओभरमा १७१/५ को बलियो स्थितिमा राखे। जैबले ३० बलमा ३२ रन बनाए। कप्तान कुशलले १४ बलमा २० रन बनाए।

पहिलो खेलमै लिए रञ्जितले पाँच विकेट

बायाँहाते स्पिनर रञ्जितले अघिल्लो दुई खेलमा मौका पाएनन्। सिनियर स्पिनर रहँदा उनले एनपिएलमा अवसर नपाएका हुन्। पछिल्लो समय स्पिनरमैत्री पिच बनिरहँदा कप्तान कुशलले मधेशका युवा बलर रञ्जितलाई विराटनगरविरुद्ध डेब्यु गराए। पहिलो खेलमै उनले पाँच विकेट लिँदै सनसनी मच्चाएका छन्। त्यो पनि उत्कृष्ट फर्ममा रहेको विराटनगरविरुद्ध उनले यस्तो सफलता हात पारे। उनले यसका लागि २१ रन खर्चे। एनपिएलमा पाँच विकेट लिने उनी छैटौं बलर हुन्। पहिलो संस्करणमा पाँच बलरले पाँच विकेट लिएका थिए। दोस्रो संस्करणमा रञ्जित पाँच विकेटको प्रदर्शन गर्ने पहिलो बलर बनेका छन्। दसौं ओभरमा भने उनी ह्यात्रिक गर्न चुके। गत वर्ष एनपिएलको पहिलो संस्करणमा स्कट कुग्वेलेजिन (सुदूरपश्चिम), सोहेल तनभिर (चितवन), हर्ष थाकर (जनकपुर), विलियम बोसिस्टो (कर्णाली) र नरेन साउद (सुदूरपश्चिम)ले पाँच विकेट लिएका थिए।

विराटनगरको धर्माराएको ब्याटिङ

यसै सिजन विराटनगरले पोखरा एभेन्जर्सविरुद्ध २२० को कीर्तिमानी योगफल बनाएको थियो। चौथो खेलमा आइपुग्दा विराटनगरको ब्याटिङ एकाएक कमजोर देखियो। १७५ रन लक्ष्य पछ्याएको विराटनगर रञ्जितकै घातक बलिङमा धराशयी भयो। विराटनगरले १० ओभरमा ७ विकेट गुमाएर ४७ रन बनाएको थियो। मार्चेन्ट लागे र प्रतिश जिसीले नवौं विकेटका लागि ३६ रनको साझेदारी गर्दै टोलीलाई ६४-८ बाट १००-९ को स्थितिमा राखे। दोस्रो स्पेल बलिङ गर्न आएका कमल ऐरीले लागेको महत्त्वपूर्ण विकेट लिए। लागेले २२ बलमा चार छक्का र दुई चौका प्रहार गरी ३९ रनको योगदान दिए। त्यसपछि प्रतिशले कप्तान सन्दीप लामिछानेसँग २६ रनको साझेदारी गरे। प्रतिशले १२ बलमा तीन छक्का र दुई चौका प्रहार गरी ३० रनको योगदान दिए।

आजका खेल

लुम्बिनी लायन्स	बिहान ११:४५ बजे	सुदूरपश्चिम रोयल्स
जनकपुर बोल्ट्स	दिउँसो ४ बजे	पोखरा एभेन्जर्स

म्याच प्रिभ्यु

सुदूरपश्चिमलाई रोक्ने लुम्बिनीको तयारी

गत वर्षको नतिजा

सुदूरपश्चिम रोयल्स १८७/४
लुम्बिनी लायन्स १४२/९

सुदूरपश्चिम ४५ रनले विजयी

लगातार तीन खेलमा जित निकालेको सुदूरपश्चिम रोयल्सले बिहीबार त्रिवि क्रिकेट रंगशालामा लुम्बिनी लायन्सविरुद्ध प्रतिस्पर्धा गर्दै छ। सुदूरपश्चिम अपराजित यात्रा जारी राखी शीर्ष स्थान बलियो बनाउने योजनामा छ। लगातार दुई हारपछि जितको खोजीमा रहेको लुम्बिनी भने बलियो सुदूरपश्चिमलाई रोक्ने रणनीतिका साथ मैदानमा ओर्लनेछ। पहिलो खेलमा चितवनविरुद्ध जित निकालेपछि लुम्बिनी कर्णाली याक्ससँग नौ विकेट तथा काठमाडौं गोर्खाजबाट २२ रनले पराजित भएको थियो।

सुदूरपश्चिमलाई हराउँदा लुम्बिनीको पनि शीर्ष चारमा रहँदै प्लेअफको आशा यथावत् रहनेछ। लुम्बिनीमाथिको जितले सुदूरपश्चिमको प्लेअफको स्थान लगभग पक्का हुनेछ। लुम्बिनीको तुलनामा सुदूरपश्चिम निकै बलियो देखिन्छ। साबिक उपविजेता सुदूरपश्चिमले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ। विशेषतः बलिङमा सुदूरपश्चिमका अमेरिकन खेलाडी हर्मित सिंहले प्रत्येक खेलमा घातक बलिङ गरिरहेका छन्। उनी ब्याटिङमा समेत विस्फोटक रूपमा प्रस्तुत हुन सक्छन्। लुम्बिनीको ब्याटिङमा कप्तान रोहितकुमार पौडेल फर्ममा छन्।

अफगानिस्तानका गुल्बदिन नैब र दार्सी सटको प्रदर्शन एकरूपता छैन। सुदूरपश्चिमको ब्याटिङविरुद्ध रुबेन ट्रम्पेलम्यान घातक बन्न सक्छन्।

पहिलो जितको खोजीमा जनकपुर र पोखरा

गत वर्षको नतिजा

पोखरा एभेन्जर्स १३८/७
जनकपुर बोल्ट्स १४३/३

जनकपुर सात विकेटले विजयी

साबिक विजेता जनकपुर बोल्ट्स र पोखरा एभेन्जर्स चालू एनपिएलमा एक खेलमा पनि जित निकाल्न नसकेका फ्रेन्चाइज टोली हुन्। दुवैले समान दुई खेलमा हारको सामना गरेका छन्। रनरेटका आधारमा जनकपुर सातौं र पोखरा पुछारमा छ।

दुवैले आ-आफ्नो तेस्रो खेलमा आमनेसामने हुँदा जित नै लक्ष्य राखेका छन्। जितले एक टोलीको प्ले अफको आशा यथावत् रहनेछ। पराजित हुने टोलीको शीर्ष चारमा छनोट हुने सम्भावना कमजोर बन्नेछ। यसकारण यो खेल पोखरा र जनकपुरका नजरमा गर या मरजस्तै हो। जनकपुर उद्घाटन खेलमा काठमाडौं गोर्खाजबाट पाँच विकेट र दोस्रो खेलमा विराटनगर किंग्सबाट ९ रनले पराजित भएको थियो। पोखरा भने पहिलो खेलमा विराटनगरबाट ५३ रन तथा दोस्रो खेलमा सुदूरपश्चिमबाट १८ रनले पराजित भएको थियो। पोखराको ब्याटिङ बलियो देखिन्छ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	३	३	०	६	१.५३
विराटनगर	४	३	१	६	०.४७
चितवन	३	२	१	४	०.७४
काठमाडौं	४	२	२	४	-०.१६
कर्णाली	३	१	२	२	०.१६
लुम्बिनी	३	१	२	२	-१.३२
जनकपुर	२	०	२	०	-०.६०
पोखरा	२	०	२	०	-१.७७



जनकपुरका खेलाडीले आमाको नाम लेखिएको जर्सी लगाउने

एनपिएलको साबिक विजेता जनकपुर बोल्ट्सले बिहीबार हुने खेलमा आमाको नाम लेखिएको जर्सी प्रयोग गर्ने भएको छ। जनकपुरले बुधबार पत्रकार सम्मेलन गर्दै आमाहरूमाथि सम्मान अर्पण गर्न पोखरा एभेन्जर्सविरुद्धको खेलमा आ-



आफ्नो आमाको नाम लेखिएका जर्सी लगाएर खेल्ने जानकारी दिएको हो।

यो खेलका जर्सीहरू बिक्रीका लागि अक्सनमा राखिनेछ। पोखराविरुद्धको खेलमा जनकपुरको जर्सीमा खेलाडीहरूको नाम हुनेछैन। खेलाडीले आफ्नो सट्टा आमाको नाम भएको जर्सी लगाउनेछन्। जनकपुर बोल्ट्सले हरेक वर्ष यस प्रकारको काम गर्ने जनाएको छ। जनकपुरले महिला सशक्तीकरण प्रवर्द्धन गर्नका निम्ति यो निर्णय गरेको प्रबन्ध निर्देशक नीरज खतिवडाले जनाए।

यस संस्करण जनकपुरले सशक्तीकरणको निम्ति 'पिंक्स फर रुट्स, पिंक्स फर मदर' नारासमेत अँगालेको छ। जर्सी बिक्रीबाट उठेको रकम आमा समूहलाई सहयोग गर्ने जनकपुरले जनाएको छ। जनकपुरका स्पिनर ललित राजवंशीले आमाप्रति सम्मान व्यक्त गर्दै बिहीबार राम्रो खेल देखाउने बताएका छन्। 'आजको खेलमा नतिजा जस्तो आए पनि हामी आमाहरूप्रति सम्मानका लागि खेल्छौं,' राजवंशीले भने, 'यो कार्य निकै राम्रो छ।'

पोखराका कप्तान कुशल भुर्तेलले पनि आमाप्रति सम्मानका लागि गरिएको क्याम्पियन निकै राम्रो भएको प्रतिक्रिया दिएका छन्। उनले प्रतिस्पर्धामा राम्रो प्रदर्शन गर्ने र नजिता आफ्नो पक्षमा पार्ने बताए। 'आ-आफ्नो आमाको नाम लेखिएको जर्सी लगाएर मैदानमा जाँदा फरक अनुभव हुनेछ,' भुर्तेलले भने, 'हामी सबै आमाहरूको सम्मानका लागि खेल्छौं।'

■ आजको तस्बिर



पाँच विकेटको खुसी

विराटनगर किंग्सविरुद्ध पाँच विकेट लिएपछि चितवनका बायाँहाते स्पिनर रञ्जित कुमार। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

प्लेयर्स टु वाच

लाहिरू मिलान्थ (जनकपुर)

गत सिजनमा लाहिरूले ब्याटिङसँगै विकेटकिपिङमा समेत उत्कृष्ट प्रदर्शन गरेका थिए। जनकपुर बोल्ट्सले एनपिएलको पहिलो संस्करणको उपाधि जित्दा लाहिरूको महत्त्वपूर्ण योगदान रह्यो। दोस्रो संस्करणमा लाहिरू खासै जमेका छैनन्। उनले दुई खेलमा ३० रन मात्र जोडेका छन्। काठमाडौं गोर्खाजविरुद्ध ७ रन बनाएका उनले विराटनगरसँगको खेलमा २३ रन बटुले। पहिलो खेलमा उनले दुई क्याचसमेत लिएका थिए। श्रीलंकाको 'ए' लिस्ट खेलेका लाहिरूले ४७ टी-२० मा एक हजार ८८ रन जोडेका छन्। उनले अहिलेसम्म टी-२० मा चारपटक अर्धशतकीय इनिङ्स खेलेका छन्।



आकाश चन्द (पोखरा)

पोखराका ओपनर आकाशको ब्याट त्यति चलेको छैन। पोखराका लागि दुई खेलमा अवसर पाएका उनले समग्रमा चार रन मात्र बटुलेका छन्। तर, बलिङमा उनले विकेट लिइरहेका छन्। उनले सुदूरपश्चिम रोयल्सविरुद्धको खेलमा दुई विकेट लिन ४४ रन खर्चेका थिए। विराटनगर किंग्ससँगको खेलमा ४८ रनमा एक विकेट हात पारे। सुदूरपश्चिमका युवा खेलाडी आकाशले नेपालको यू-१९ देखि राष्ट्रिय सिनियर टोलीसम्म स्थान बनाइसकेका छन्। उनले टी-२० आईमा तीन खेलमा सात विकेट लिएका छन्। एकदिवसीय खेलमा उनले दुई विकेट हात पारेका छन्। अहिलेसम्म करिअरमा आकाशले चार टी-२० मा सात विकेट हात पारेका छन्।



अभिषेक गौतम (लुम्बिनी)

लुम्बिनीका स्थानीय खेलाडी अभिषेकले दोस्रो एनपिएलमा मौका पाइरहेका छन्। लुम्बिनीले अहिलेसम्म खेलेका तीनवटै प्रतिस्पर्धामा अभिषेकले बलिङ गरेका छन्। काठमाडौं गोर्खाजसँगको खेलमा उनले ब्याटिङ गर्दै चार रन जोडेका थिए। स्पिन बलिङ गर्ने अभिषेकले चितवन राइनोजविरुद्धको प्रतिस्पर्धामा १५ रन खर्चेर दुई विकेट हात पारेका थिए। लुम्बिनीले पहिलो खेलमा जित निकाल्दा उनले कसिलो बलिङ प्रदर्शन गरेका थिए। उनले काठमाडौंविरुद्ध २२ रन तथा कर्णाली याक्ससँगको खेलमा १२ रन खर्चेका थिए। स्पिनरका लागि उपयुक्त मानिने त्रिवि मैदानको पिचमा उनको बलिङ प्रभावकारी हुन सक्छ।



जोस ब्राउन (सुदूरपश्चिम)

सुदूरपश्चिमले एनपिएलमा लगातार तीन खेलमा जित निकालेको छ। पोखरासँगको महत्त्वपूर्ण खेलमा सुदूरपश्चिमलाई जित दिलाउन जोसले अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले पोखराको कमजोर बलिङको फाइदा लिँदै ६८ रनको योगदान दिए। यद्यपि, उनी कर्णाली र काठमाडौंसँगको प्रतिस्पर्धामा शून्यमा आउट भएका थिए। अस्ट्रेलियन खेलाडी जोसले लिस्ट 'ए'मा ६९ रन तथा टी-२० खेलमा एक शतक तथा तीन अर्धशतकीय इनिङ्स खेलेका छन्। लुम्बिनीको बलिङ आक्रमणमा उनले आफ्नो अनुभव प्रयोग गर्दै सुदूरपश्चिमका लागि गतिलो योगदान दिन सक्छन्। अन्तर्राष्ट्रिय फ्रेन्चाइजमा उनले अस्ट्रेलियाकै बिग बास खेलेका छन्।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com